सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ साउन २०८२, शुक्रबार (18 July 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ९६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ हिमालयन बैंकको सेयर सस्तोमा हत्याउन 'सेटिङ'

अहिलेकै मूल्यमा बेच्दा ४१ करोड पुँजीगत लाभकर छलीको जोखिम

पछिल्लो वित्तीय विवरणमा हिमालयन बैंकको खुद सम्पत्ति प्रतिसेयर १७१.४४ रुपैयाँ छ। तर, हबिब बैंकले दुई करोड ८० लाख कित्ता सेयर प्रतिकित्ता ११२.८ रुपैयाँमा बिक्रीमा राखेको छ। यो दररेटमा बेच्दा ४१ करोड पुँजीगत लाभकर छली हुने देखिन्छ।

■ **विवादास्पद व्यापारी भट्ट र अग्रवालको सेयर हत्याउने रणनीति बाहिरिएपछि हिमालयन बैंकका तीन संस्थापक सेयरधनीले दिए आवेदन**

सेयर खरिद गर्न नेपाल लाइफ, प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स र एक व्यक्तिले दिए आवेदन

हिमालयन बैंकमा रहेको हबिब बैंकको सेयर सस्तो मूल्यमा हत्याउन हिमालयन रिइन्स्योरेन्स सञ्चालक समूहले तयार पारेको २५बुँदे रणनीतिक तालिका बाहिरिएपछि संस्थापक सेयरका लागि हिमालयन बैंकका तीन संस्थापक सेयरधनीहरूले आवेदन दिएका छन्। १ साउनसम्म आवेदन दिने समयसीमा थियो। सबै संस्थापकलाई सेयर किन्नबाट रोकेर हिमालयन रिइन्स्योरेन्समा लगानी गर्ने मुख्य समूह सो सेयर हत्याउने योजनामा थियो। जसको नेतृत्व बिचौलिया दीपक भट्ट तथा शंकर समूहका सञ्चालक साहिल अग्रवालले गरिरहेका छन्। म्यादसम्म संस्थापक सेयरधनीले आवेदन नदिएमा मात्र अन्य व्यक्ति वा संस्थालाई सेयर बेच्न पाउने कानुनी व्यवस्था छ।

बैंकको संस्थापक सेयरधनीमध्येको एक कर्मचारी सञ्चय कोष व्यवस्थापनले हबिबको सेयर किन्ने इच्छा देखाए पनि कोषको अध्यक्षको रूपमा रहने राजस्वसचिव दिनेश घिमिरेलाई भट्ट र अग्रवाल समूहले प्रभावमा पारेको स्रोतको दाबी छ। सोही कारण कोषले सेयर किन्ने निर्णय गरेन। जब कि कोषका केही सञ्चालकले सस्तो मूल्यमा बिक्री हुन लागेकाले हिमालयन बैंकको संस्थापक सेयर किन्नुपर्ने राय राखेका थिए। सेयर आफूहरूले लिन पाउनेमा भट्ट र अग्रवाल समूह ढुक्क थियो। तर, म्याद सकिने अन्तिम दिन बिहीबार नयाँ पत्रिकामा 'हिमालयन बैंकको दुई करोड ८० लाख कित्ता सेयर सस्तोमा हत्याउन सेटिङ' शीर्षकको समाचार सार्वजनिक भएपछि तीन संस्थापक सेयरधनीहरूले आवेदन दिएका छन्। प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स, नेपाल लाइफ इन्स्योरेन्स र एक व्यक्तिले आवेदन दिएको बैंकका एक सञ्चालकले बताए।

नेटवर्थभन्दा कम मूल्यमा सेयर बिक्री गर्दा करछलीको जोखिम हुन्छ



● **निरज गिरी**, पूर्वकार्यकारी निर्देशक, धितोपत्र बोर्ड

साधारणतया सेयर बिक्री गर्दा नेटवर्थभन्दा कम मूल्यमा सेयर खरिद-बिक्री गर्दा पुँजीगत लाभकर छली हुने जोखिम हुन्छ। तर, यसलाई सञ्चालकको सेयर बिक्री गर्दा सम्बन्धित नियामक निकाय (राष्ट्र बैंक) र नेपाल स्टक एक्सचेन्जको भूमिका बढी महत्त्वपूर्ण हुन्छ। बैंकको सेयर राष्ट्र बैंकबाट अनुमति लिएर बिक्री गर्ने भएकाले उसले कुन हिसाबले मूल्यांकन गर्छ भन्ने विषय महत्त्वपूर्ण छ। नेप्सेले पनि यसमा नेटवर्थभन्दा कम मूल्यमा कारोबार भएको छ कि छैन भनेर हेर्ने सक्छ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

हिमालयन बैंकमा रहेको पाकिस्तानको हबिब बैंकको संस्थापक सेयर हाल कायम मूल्यमै बेच्दा ४१ करोड रुपैयाँभन्दा बढी पुँजीगत लाभकर छली हुने जोखिम देखिएको छ। आर्थिक वर्ष ०८१/८२ को तेस्रो त्रैमासिक वित्तीय विवरणअनुसार हाल हिमालयन बैंकको किताबी मूल्य (खुद सम्पत्ति प्रतिसेयर) १७१.४४ रुपैयाँ छ। तर, हबिब बैंकले आफ्नो २ करोड ८० लाख कित्ता सेयर प्रतिकित्ता ११२.८ रुपैयाँमा बिक्रीमा राखेको छ।

आर्थिक ऐनले धितोपत्र बोर्डमा सूचीकृत भएका कम्पनीको हकमा सेयर किनबेचमा हुने लाभमा स्वदेशी कम्पनीले लाभ रकमको १० प्रतिशत तिर्नुपर्ने व्यवस्था गरेको छ। विदेशी कम्पनीको हकमा यस्तो लाभको २५ प्रतिशतले लाभकर तिर्नुपर्ने व्यवस्था छ। हिमालयन बैंकको किताबी मूल्यमै उक्त सेयर बिक्री हुन्थ्यो भने हबिबले सरकारलाई ५० करोड रुपैयाँ पुँजीगत लाभकर तिर्नुपर्थ्यो। तर, प्रतिकित्ता ११२.८ रुपैयाँका दरले बिक्री गर्दा आठ करोड ९६ लाख रुपैयाँ मात्रै तिरे पुग्ने देखिएको छ। यसरी हबिब बैंकले ४१ करोड रुपैयाँभन्दा कम पुँजीगत लाभकर तिरेर हिमालयन बैंकको सेयर स्वार्थ समूहलाई बेच्न खोजेको देखिन्छ।

यसअघि हिमालयन बैंकले हिमालयन रिइन्स्योरेन्सलाई नै प्रतिकित्ता १३० रुपैयाँमा बेच्ने सम्झौता गरिसकेको छ। यही मूल्यमा बिक्री गर्दा पनि हबिबले २१

» पृष्ठ २ मा क्रमशः

■ लाभ कम हुने गरी किन सेयर बेच्दै छ हबिब बैंक ?

हाल कायम मूल्यमा सेयर बेच्दा हबिब बैंकले पाउने लाभमै संकुचन आउने देखिन्छ। हबिब बैंकले हिमालयन बैंकमा रहेको दुई करोड ८० लाख १२ हजार ४४७.४५ कित्ता सेयर बिक्री गर्दा ३५ करोड ८५ लाख ५९ हजार ३२७ रुपैयाँ लाभ प्राप्त गर्नेछ। हिमालयन रिइन्स्योरेन्ससँगको सम्झौताअनुसार १३० रुपैयाँ प्रतिकित्तामा बेच्दा ८४ करोड तीन लाख रुपैयाँभन्दा बढी लाभ पाउने अवस्था रहन्थ्यो।

यसरी कम लाभ लिएर बिक्री गर्नु कर छली गरेर बाँकी रकम हुन्डीमार्फत विदेशमा पैसा लैजान खोजेको हुन सक्ने नेपाल स्टक एक्सचेन्जका अधिकारीहरू बताउँछन्। नेप्सेका एक अधिकारीले भने, 'सम्झौता गरेभन्दा कम मूल्यमा सेयर बिक्री गर्नुको एउटै उद्देश्य कर छलीका लागि हुन सक्छ। यसरी पुँजीगत लाभकर जोगाएर विदेशी हुन्डीमार्फत पैसा लैजाने स्वार्थले कम मूल्यमा किनबेच गर्न खोजिएको हुन सक्छ।'

■ एमाले सचिवालय बैठक

ओलीलाई तेस्रो कार्यकालको ढोका खुला, विद्यालाई 'छेकबार'को प्रयास

७० वर्षे उमेरहद र दुई कार्यकालको व्यवस्था हटाइयो, विद्याको एजेन्डामा शीर्ष नेतृत्वमै ध्रुवीकरण



बिहीबार च्यासलस्थित पार्टी कार्यालयमा बसेको एमाले सचिवालय बैठक। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओली तेस्रो कार्यकालका लागि पनि नेतृत्वमा रहन पाउने गरी एमालेले सैद्धान्तिक निर्णय लिएको छ। बिहीबार मध्यरात्रि सकिएको सचिवालय बैठकले ७० वर्षे उमेरहद र दुई कार्यकालको व्यवस्था हटाउने प्रस्ताव अनुमोदन गर्दै ओलीलाई तेस्रो कार्यकाल अध्यक्ष बन्न ढोका खुला गरिदिएको छ।

१५ सदस्यीय पदाधिकारी, २५१ सदस्यीय केन्द्रीय कमिटी प्रस्ताव

'दुवै व्यवस्थाको सीमा नरहने गरी हटाएर पोलिटब्युरो र केन्द्रीय कमिटी बैठकमा प्रस्ताव लैजाने निर्णय भएको छ,' विधान महाधिवेशनको तयारीका लागि डाकिएको केन्द्रीय सचिवालय बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले भने। बैठकमा विधान संशोधन प्रस्ताव उपाध्यक्ष विष्णु

» पृष्ठ २ मा क्रमशः



● **प्रदीप ज्ञवाली**, उपमहासचिव

७० वर्षे उमेरहद र कार्यकारी पदमा दुई कार्यकालको व्यवस्थाको सीमा नरहने गरी पोलिटब्युरो र केन्द्रीय कमिटी बैठकमा प्रस्ताव लैजाने निर्णय भएको छ।



● **योगेश भट्टराई**, सचिव

पूर्वराष्ट्रपतिको विषयमा अध्यक्षले आवश्यक छलफल गरौं र भ्याइएन भने पनि अर्को बैठकमा छलफल हुन्छ भन्नुभयो। विषय प्रवेश भइसकेकाले छलफल गरेर टुंगो लगाउँछौं।

■ विद्याको नेतृत्व आकांक्षा ओलीलाई अस्वीकार

'विद्यामा संगठनात्मक नेतृत्वको अनुभव छैन, उहाँलाई नेतृत्व हस्तान्तरण सम्भव छैन'



नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले पूर्वराष्ट्रपति विद्या भण्डारीको क्षमतामाथि प्रश्न उठाउँदै उनलाई पार्टी नेतृत्व दिन नसकिने बताएका छन्। भण्डारीले सक्रिय राजनीतिमा फर्किने र पार्टी नेतृत्वमा जाने इच्छा सार्वजनिक रूपमै प्रकट गरेपछि अध्यक्ष ओलीले नेतृत्व हस्तान्तरण सम्भव नरहेको बताएका हुन्। भण्डारी सक्रिय राजनीतिमा फर्केलगत्तै भावी नेतृत्वलाई लिएर उनी र अध्यक्ष ओली समूह ध्रुवीकृत हुँदै गएको छ।

पूर्वराष्ट्रपति राजनीतिमा आउनु गलत हुने भन्दै ओलीले भण्डारीको अभिव्यक्ति र उनको सक्रियतामाथि पार्टीभित्र यथाशक्य चाँडो छलफल हुने पनि बताए। पत्रकार विजयकुमार पाण्डेसँगको अन्तर्वार्तामा ओलीले भण्डारीको अगाडिको यात्राबारे पार्टीले ठोस निर्णय लिने पनि बताएका छन्। भण्डारीले पार्टी नेतृत्व लिन चाहेको भन्ने विषयमा आफू अनभिज्ञ रहेको ओलीको दाबी छ।

'अहिले उहाँलाई नेतृत्व हस्तान्तरण गर्न सकिने अवस्था छैन, किनभने एक त उहाँ राजनीतिमा आउनुहुन्छ भनेर पार्टीले मानेको-ठानेको

» पृष्ठ २ मा क्रमशः

■ मुगुमा देउडा खेलेर मनाइयो साउने संक्रान्ति



साउने संक्रान्तिको अवसरमा मुगु सदरमुकाम गमगढीस्थित बाजथला हरियाली पार्कमा देउडा खेल्दै महिला। त्यस्तै, संक्रान्तिको अवसरमा बझांगी समाज काठमाडौंले 'सुदूरपश्चिम र कर्णालीको भाषा-संस्कृतिको पहिचान : देउडा संस्कृतिलाई जोगाउने हाम्रो अभियान' भन्ने मूल नारासहित टुँडिखेलमा देउडा पर्व तथा मेला कार्यक्रम गरेको छ। तस्बिर : **अच्युतराज भण्डारी**/नयाँ पत्रिका

रविको पक्षमा २५ दिनमा २५ लाख हस्ताक्षर

अभियानलाई जनस्तरमा पुऱ्याउन ५ साउनदेखि घरदैलो

(विस्तृत पृष्ठ ३ मा)

कर्नर किक

● रवि मिश्र



कानुन मिचेर असार अन्तिम साता १८ अर्ब खर्च

२५ असारको मध्यरातपछि सरकारी भुक्तानी गर्न पाइँदैन, तर २६ देखि ३२ असारसम्म १७ अर्ब ९१ करोड खर्च

● **२५ असारसम्म सरकारको कुल खर्च १५ खर्ब पाँच अर्ब १९ करोड ६३ लाख थियो। ३२ असारसम्म आउँदा झन्डै १८ अर्ब रुपैयाँ बढी अर्थात् कुल सरकारी खर्च १५ खर्ब २३ अर्ब १० करोड ६८ लाख पुगेको छ।**

● पूर्वमहालेखा नियन्त्रक सुरेश प्रधान भन्छन्-

अन्तिम समयमा आएर विनियोजित रकम खर्च गर्न दिऊँ भन्ने मानसिकताबाट गरिने भुक्तानी गलत छ



आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनअनुसार काम गरेमा वर्षभरि नै सन्तुलित रूपमा खर्च हुन्छ। त्यसले अर्थतन्त्रमा सधैंभरि सन्तुलित रूपमा नै नगद प्रवाह गर्छ। तर, समयमै काम गर्ने अभ्यास भएन। मन्त्री तथा सचिवस्तरबाट अनुगमन तथा कारबाहीको काम पनि हुँदैन। अन्तिम समयमा आएर विनियोजित रकम खर्च गर्न दिऊँ भन्ने मानसिकताबाट गरिने भुक्तानी गलत छ। यसले खर्चको गुणस्तर पनि हुँदैन।



मिलन विश्वकर्मा/नयाँ पत्रिका

हरेक वर्षजस्तै यसपटक पनि आर्थिक वर्षको अन्तिम साता सरकारले ठुलो रकम खर्च गरेको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार सरकारले असार अन्तिम साता (२६-३२ गते) १७ अर्ब ९१ करोड पाँच लाख खर्च गरेको छ।

२५ असारसम्म सरकारको कुल खर्च १५ खर्ब पाँच अर्ब १९ करोड ६३ लाख थियो। ३२ असारसम्म आउँदा झन्डै १८ अर्ब अर्थात् कुल सरकारी खर्च १५ खर्ब २३ अर्ब १० करोड ६८ लाख पुगेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० अनुसार आर्थिक वर्ष सकिनुभन्दा एक साताअघि सरकारी भुक्तानी रोक्नुपर्छ। 'कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकमबाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिनअगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्नेछ,' नियम ३० को उपनियम १ मा भनिएको छ।

» पृष्ठ २ मा क्रमशः

■ ३२ लाख घुस अडियो प्रकरणबारे भूमि व्यवस्थामन्त्री अधिकारीको पत्रकार सम्मेलन

बिचौलिया लामासँग भेटेको स्वीकारोक्ति, तर घुस लेनदेनमा संलग्न नरहेको दाबी



पत्रकार सम्मेलनमा भूमि व्यवस्थामन्त्री बलराम अधिकारी

नयाँ पत्रिका

पोखरा लिचीघारीको जग्गा विवादमा घुस 'डिल'मा नाम जोडिएका भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले बिचौलियासँग भेटेको स्वीकार गरेका छन्। बिचौलिया सुजन लामासहितको टोलीले मन्त्री अधिकारीलाई ३२ लाख घुस बुझाएको अडियो सार्वजनिक भएपछि बिहीबार पत्रकार सम्मेलन गरेर उनले लामालगायत दुई-तीनजनालाई भेटेको स्वीकार गरेका हुन्।

पोखराका मालपोत प्रमुखको सरुवाको

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ लिचीघारीको जग्गा विवाद

'बिचौलिया' सुजनविरुद्ध पाँचजनाको उजुरी

नयाँ पत्रिका



पोखराको लिचीघारीको जग्गा हत्याउन तत्कालीन सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तासँग भएको घुस डिलका बिचौलिया पोखरा महानगरपालिका- २५ का सुजन लामाविरुद्ध कास्की प्रहरीमा पाँचवटा ठाडो उजुरी परेका छन्। लामाविरुद्ध जाहेरी दरखास्त नआए पनि आर्थिक लेनदेन र शान्तिसुरक्षाको माग गर्दै उजुरी आएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ। शान्तिसुरक्षाका सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट समेत प्रहरीलाई पत्र आएको छ। लामाले करिब एक करोड ५० लाख रकम सापटी लगेको र माग्न जाँदा डर, धाक, धम्की दिने गरेको भन्दै पीडितहरू प्रहरीमा पुगेका हुन्। 'जाहेरी दरखास्त आएको छैन। ठाडो उजुरी मात्र आएकाले बुझ्ने काम भइरहेको छ,' कास्की प्रहरीका एक अधिकृतले भने।

बिचौलिया लामालाई साक्षी राखेर ७० प्रतिशत जग्गा अरूलाई दिने गरी दुर्गाका नातिहरूले नै गरे करारनामा

पोखरा महानगरपालिका- १६, बाटुलेचौरमा कम्तीमा १३५ रोपनी जग्गाको ७० प्रतिशत अरूलाई दिने गरी दुर्गादेवी शाहका नातिहरूले करारनामा गरेको पाइएको छ। तर, दुर्गाका नाति सुनील शाहले ०८० माघमा एक वर्षका लागि करारनामा भएको र हाल खारेज भइसकेको प्रतिक्रिया दिए। राणा परिवारकी शाहको ०५९ मा निधन भइसकेको छ। यो अवस्थामा अदालतको फैसलाको ४१ वर्षपछि नातिहरू जग्गाका लागि जागेका हुन्। यसअघि दुर्गाले ०४० देखि आफू जीवित रहुन्जेलसम्म जग्गाका लागि कुनै प्रक्रिया थालिनन्। तर, जसकारण जग्गा नामसारी हुन सकेको थिएन। त्यसमा सुजन लामासहितका बिचौलिया प्रवेश भएका हुन्।

२४ माघ ०८० मा सुजन लामालाई साक्षी राखेर ७० प्रतिशत जग्गा अरूलाई दिने गरी दुर्गाका नातिहरूले गरेको करारनामाबाट प्रस्ट हुन्छ। करारनामा वडा कार्यालय पोखरा- १६ ले दुई सय दस्तुर लिएर प्रमाणीकरण पनि गरेको छ। जग्गा दर्ता हुन आउने कुल जग्गामध्येबाट ३३ प्रतिशत प्रथम पक्ष (शाह परिवार)ले पाउने र बाँकी ७० प्रतिशतमध्येको ४० प्रतिशत यमकुमारी गुरुङ र बाँकी २७ प्रतिशत देवबहादुर मल्लले पाउने गरी दुवै पक्षबिच मन्जुरीमा सहमति भएको उल्लेख छ।

'प्रथम पक्षले हजुरआमा दुर्गादेवी शाह वादी तथा प्रतिवादीहरू राजेन्द्र राणासमेत अन्य प्रतिवादी हरिप्रतापजंग राणासमेत रहेको एक थान र यसैगरी वादी लोकदिव्यश्वरी शाह र प्रतिवादी हरिप्रतापजंग राणा भएको २०२८, २०३१ र २०४० सालको अदालतको फैसलाबमोजिम हक कायम, जग्गा किचलोसमेत मुद्दामा तत्कालीन पश्चिमाञ्चल क्षेत्रीय अदालत पोखराबाट फैसला भएबमोजिम दुर्गादेवी शाहले पाउने ठहर भएको नक्सा नम्बर २५, २६ र २८ को जग्गा हालसम्म पनि हामी कानुनी हकदार प्रथम पक्षको नाममा दा.खा. दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा लिन बाँकी रहेको उक्त जग्गा गैरकानुनी रूपमा अन्य व्यक्ति तथा संस्थाले जालसाजीपूर्वक नापी गरेको विषय हालसालमा हामी पथम पक्षलाई थाहा हुन आएको हुँदा अब कानुनबमोजिम उक्त जग्गाको दर्ता, दा.खा. नामसारी र अदालतको फैसला कार्यान्वयन गर्ने गरी सम्पूर्ण कामको जिम्मा यो करारनामामा उल्लेखित प्रथम पक्षले दोस्रो पक्षलाई दिन सहमत भएको हो,' करारनामामा उल्लेख छ। जग्गा नामसारी गर्दा लाग्ने सम्पूर्ण खर्च भने शाह परिवारले नव्यहोर्ने उल्लेख छ।

करारनामा प्रथम पक्ष दुर्गाकी बुहारी गीतादेवीसँगै नातिहरू सुरज र सुनील शाह ठकुरीले ७० प्रतिशत जग्गा दोस्रो पक्ष स्याङ्जाकी यमकुमारी गुरुङ र स्याङ्जाका देवबहादुर मल्लसँग करारनामा सम्झौता गरेका छन्। करारनामामा साक्षीका रूपमा लामासँगै पोखरा- १६ की मनकुमारी शाह ठकुरी छिन्।

'दुई वर्षअघि नेताहरू घरमा आएपछि फैसलाबारे थाहा पायौँ'

दुर्गादेवीकी छोरी ७७ वर्षीया देवीमाया थापाले अदालतले गरेको फैसला आफ्नी आमालाई थाहा नहुँदा जग्गा दर्ता छुटेको बताइन्। तत्कालीन रानी पोखरा आउँदा आफ्नी आमा (मुवा)लाई सो जग्गा बिर्ता दिइएको उनको भनाइ छ। '०४० सालमा हामी सानै थियौँ, दाइहरू रोजगारीका लागि विदेश गएकाले अदालतले गरेको फैसला थाहा भएन, भएको भए त्यतिवेला नै आवश्यक प्रक्रिया पुऱ्याएर जग्गा मुमाको नाममा ल्याउँथ्यौँ, तर थाहा नै नभएपछि के गर्ने ?' उनले प्रश्न गरिन्।

दुई वर्षअघि घरमा दलका नेताहरू आएर अदालतको फैसलाबारे जानकारी गराएपछि मात्र आफूहरूले जग्गा मुमाको नाममा भएको थाहा पाएको र त्यसपछि अघि बढेको उनले बताइन्। तर, को नेता भनेर उनले खुलाइनन्।

जग्गा विवादसँगै दर्ताका लागि लागेका र हाल मुख्य बिचौलियाको रूपमा देखिएका सुजन लामासँग मितसाइनो रहेको दुर्गाका नातिहरूले बताएका छन्। 'लामा हाम्रो परिवारको मितसाइनोभित्रका परिवारका सदस्य हुनुहुन्छ। परिवारको सदस्यसँग सहयोग लिँदा बिचौलियाको आरोप लगाइएको छ,' दुर्गाका नाति भीमसेन शाहले बताए। बिर्तामा पाएको वि.सं. २०१५ ताका राणा परिवारको स्वामित्व थियो। ०८० मा दुर्गादेवी शाह परिवार खलकका चारजनाले उक्त जग्गामा आफ्नो हक दाबी गरेका थिए।

दुर्गाका नातिहरू भन्छन्- हकदारको नाममा दर्ता कायम गरियोस्

लिचीघारीको जग्गा हकदारको नाममा दर्ता कायम गरिदिन दुगादेवी शाहका नातिहरूले सार्वजनिक रूपमा अपिल गरेका छन्। लिचीघारीको जग्गा सम्बन्धमा अदालतको फैसला कार्यान्वयन गरियोस् भन्दै दुर्गाका दुई नातिहरू भीमसेन शाह र सुरज शाहले कानुन कार्यान्वयन संघर्ष समिति गठन गरेका छन्। हकदारको नाममा जग्गा दर्ता कायम गर्न सार्वजनिक रूपमा सरोकारवाला निकायहरूलाई अपिल एवं आग्रह गरेका हुन्।

आफ्नी स्वर्गीय हजुरआमा दुर्गादेवीको पक्षमा नक्सा नम्बर २५, २६ र २८ को जग्गा अदालतले गरेको फैसलाअनुसार हकदारको नाममा दर्ता गरिदिन सरोकारवाला निकायले अटेर गरेको उनीहरूको भनाइ छ। फैसलाअनुसार जग्गाको भोगचलन आफूहरूले गर्न नपाउँदा हाल सुकुम्बासी भएर बस्नुपरेको गुनासो उनीहरूको छ।

सुरजका अनुसार तत्कालीन अवस्थामा ०३९ सालमा नै पुनरावेदन भएको र पश्चिमाञ्चल क्षेत्रीय अदालतले पनि जिल्ला अदालतको फैसलाअनुसार दुर्गाको हकभोगमा रहेको नक्सा नम्बर २५, २६ र २८ को जग्गा हक कायम हुने गरी ठहर फैसला भएको थियो। तर, फैसलाबमोजिम हकदारले आफ्नो नाममा दर्ता कायम गर्नका लागि सम्पूर्ण प्रक्रिया पूरा गर्दासमेत राज्यका निकायले अदालतको फैसला कायम नगरी पीडितलाई थप पीडा दिएको उनको भनाइ छ।

जग्गाको यकिन छैन

दुर्गादेवी शाह र राजेन्द्रजंग राणाबिचको जग्गा खिचलो तत्कालीन पश्चिमाञ्चल क्षेत्रीय अदालत पोखराबाट ०४० मा फैसला भएको देखिन्छ।

लिखत बदर मुद्दा जग्गा जालसाजी मुद्दामा तत्कालीन गण्डकी अञ्चल अदालत पोखराको फैसला क्षेत्रीय अदालतबाट सदर भएपछि नक्सा नम्बर २५, २६ र २८ को जग्गा दुर्गादेवीको हक कायम हुने भनिएको छ। तर, जग्गा कता पर्छ भनेर यकिन छैन।

हाल विवादमा रहेको लिचीघारी क्षेत्रमा दुर्गाका परिवार वि.सं. २०१०/११ तिर पर्वतबाट आएका हुन् भने गौचन परिवार ०१६/१७ मा आएर बसेको थियो। गौचन परिवारले ०१९ मा स्थानीय भण्डारी परिवारसँग ३९ र अन्यसँग ८० रोपनी जग्गा खरिद गरेका थिए। त्यसको करिब २१ वर्षपछि मात्र अदालतले नक्सा नम्बर २५, २६ र २८ उल्लेख गरेर सो जग्गा दुर्गाको हुने ठहर गरेको थियो।

लिचीघारी क्षेत्रमा ०१९ सालदेखि बसोबास गर्दै आएका गौचन परिवारका एक इन्द्र गौचनले आफूहरूका बुवा र काकाले स्थानीयसँग जग्गा किनेर बसोबास गर्दै आएको बताए। हाल आफूहरूको जग्गासमेतलाई देखाएर विवादमा पारिएको भनाइ उनको छ। आफूहरूको जग्गाकै आडमा आफूहरूभन्दा पहिला नै दुर्गादेवी पर्वतबाट आएर बसेको र हाल उनका छोरासमेत सोही स्थानमा बस्दै आएको उनले बताए। 'अदालतले उल्लेख गरेको नक्सा नम्बरको जग्गा नै कता हो कुनै पत्तो छैन। हामीले ०१९ सालमा किनेको जग्गालाई देखाएर हाल आएर विवाद सिर्जना गरिएको छ,' उनले भने।

अहिलेकै मूल्यमा...

पृष्ठ १ बाट क्रमशः

करोड रुपैयाँ पुँजीगत लाभकर तिर्नुपर्नेछ। तर, हाल कायम दरमा हिमालयन रिइन्स्योरेन्सलाई बिक्री गर्दा यसअघिको सम्झौताअनुसार प्राप्त हुन सक्ने १२ करोड चार लाख रुपैयाँ लाभकर छली हुने जोखिम देखिएको छ।

नेपाल धितोपत्र बोर्डका पूर्वकार्यकारी निर्देशक निरज गिरीले नेटवर्थभन्दा कम मूल्यमा सेयर खरिद-बिक्री गर्दा पुँजीगत लाभकर छली हुने जोखिम रहने बताए। 'साधारणतया नेटवर्थभन्दा कम मूल्यमा सेयर खरिद-बिक्री गर्दा पुँजीगत लाभकर छली हुने जोखिम हुन्छ। तर, सञ्चालकको सेयर बिक्री गर्दा सम्बन्धित नियामक निकाय (राष्ट्र बैंक) र नेपाल स्टक एक्सचेन्ज (नेप्से)को भूमिका बढी महत्त्वपूर्ण हुन्छ। बैंकको सेयर राष्ट्र बैंकबाट अनुमति लिएर बिक्री गर्ने भएकाले उसले कुन हिसाबले मूल्यांकन गर्छ भन्ने विषय महत्त्वपूर्ण छ,' उनले भने, 'नेप्सेले पनि यसमा नेटवर्थभन्दा कम मूल्यमा कारोबार भएको छ कि छैन भनेर हेर्न सक्छ।'

धितोपत्र बोर्डका प्रवक्ता निरञ्जय घिमिरेले भने हाल सर्वसाधारणका लागि खुलाउने सार्वजनिक सेयर (आइपिओ, एफपिओ, हकप्रद) का हकमा बोर्डले नेटवर्थलगायतका मापदण्ड निर्धारण गरे पनि संस्थापक सेयर खरिद-बिक्रीमा मापदण्ड निर्धारण नगरिएको बताए। उनले भने, 'संस्थापक सेयर खरिद-बिक्रीका लागि बजारलाई नै छोडिएको छ। सम्बन्धित नियामक निकाय पनि यसमा बढी जिम्मेवार हुन्छ।'

सेयर बिक्री गर्दा सबै प्रक्रिया पारदर्शी र निष्पक्ष हुनुपर्ने भए पनि हिमालयन रिइन्स्योरेन्सका सञ्चालक समूहले नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड र नेप्सेसँग 'सेटिङ' गर्दै कार्यतालिका बनाएर कार्यान्वयनमा लगेको छ। जसअनुसार यो समूह आफूले तयार पारेको तालिकाको २५ मध्ये आठवटा चरण पूरा गर्न सफल भइसकेको देखिन्छ।

गत ३० जेठमा हिमालयन बैंकले हबिब बैंकको स्वामित्वमा रहेको दुई करोड ८० लाख १२ हजार ४४७.४५ कित्ता सेयर संस्थापक सेयरधनीहरूका लागि बिक्रीमा राखेको थियो। राष्ट्र बैंकले पहिलो प्राथमिकता संस्थापक सेयरधनीलाई दिनुपर्ने व्यवस्था गरेको छ। तर, सस्तो मूल्य तोकी बिक्रीमा राखिएको यस्तो सेयरमा संस्थापक सेयरधनीको आवेदन नै परेको थिएन। नयाँ पत्रिकामा समाचार छापिएपछि आवेदन दिने समयसीमा तोकिएको अन्तिम दिन बिहीबार बैंकको संस्थापक सेयरधनीका रूपमा दुई कम्पनी र एक व्यक्तिको आवेदन परेको छ। स्रोतका अनुसार प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स, नेपाल लाइफ इन्स्योरेन्स र एक व्यक्तिले आवेदन दिएका छन्।

यसअघि बैंकका संस्थापक सेयरधनीमध्येको एक कर्मचारी सञ्चय कोष व्यवस्थापनले उक्त सेयर किन्ने इच्छा देखाए पनि कोषको अध्यक्षको रूपमा रहने राजस्वसचिव दिनेश घिमिरेकै दबाबमा निर्णय हुन नसकेको अर्थ मन्त्रालयका अधिकारी बताउँछन्।

सिभिल बैंकसँग मर्ज हुनुअघि ०७६ साल जेठताका पनि हिमालयन बैंकको सेयर लन्डनको कमनवेल्थ डेभलपमेन्ट कर्पोरेसन (सिडिसी)ले खरिद गर्ने इच्छा देखाएको थियो। यद्यपि, बैंकका सञ्चालकहरूबिच विवाद हुँदा सेयर बिक्री प्रयास असफल भएको थियो। सिडिसीका प्रतिनिधिले तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडा र तत्कालीन गभर्नर डा. चिरञ्जीवी नेपाललाई पनि भेटेका थिए।

विवादास्पद व्यापारी भट्ट र अग्रवालको सेयर हत्याउने रणनीति बाहिरिएपछि हिमालयन बैंकका तीन संस्थापक सेयरधनीले दिए आवेदन

हिमालयन बैंकमा रहेको हबिब बैंकको सेयर सस्तो मूल्यमा हत्याउन हिमालयन रिइन्स्योरेन्स सञ्चालक समूहले तयार पारेको २५बुँदे रणनीतिक तालिका बाहिरिएपछि संस्थापक सेयरका लागि हिमालयन बैंकका तीन संस्थापक सेयरधनीहरूले आवेदन दिएका छन्। सबै संस्थापकलाई सेयर किन्नबाट रोकेर हिमालयन रिइन्स्योरेन्समा लगानी गर्ने मुख्य समूहले सो सेयर हत्याउने यानेजनामा थियो। जसको नेतृत्व विवादास्पद व्यापारी दीपक भट्ट तथा शंकर समूहका सञ्चालक शाहिल अग्रवालले गरिरहेका छन्।

तर, म्याद सकिने अन्तिम दिन बिहीबार नयाँ पत्रिकामा 'हिमालयन बैंकको दुई करोड ८० लाख कित्ता सेयर सस्तोमा हत्याउन सेटिङ' शीर्षकको समाचार सार्वजनिक भएपछि तीन संस्थापक सेयरधनीहरूले आवेदन दिएका छन्। प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स, नेपाल लाइफ इन्स्योरेन्स र एक व्यक्तिले आवेदन दिएको बैंकका एक सञ्चालकले बताए। यसले नियामक निकायहरूसँगको मिलेमतोमा संस्थापक सञ्चालकहरूबाट सेयर हत्याउन खोज्ने हिमालयन रिइन्स्योरेन्स समूहको प्रपञ्च नै प्रभावित पर्ने ती सञ्चालक बताउँछन्।

सर्वसाधारणलाई महँगोमा बिक्री खुलाएर संस्थापकलाई सस्तोमा बेच्दै

आर्थिक वर्ष ०८१/८२ को तेस्रो त्रैमासिक वित्तीय विवरणअनुसार हिमालयन बैंकको किताबी मूल्य १७१.४४ रुपैयाँ छ। यो बैंकको खुद सम्पत्ति प्रतिकित्ता मूल्य हो। अर्थात् बैंकको कुल सम्पत्तिबाट कुल दायित्व घटाउँदा खुद सम्पत्ति मूल्य निकालिन्छ। यसले बैंकको वित्तीय स्वास्थ्यलाई जनाउँछ। धितोपत्र बोर्डले सेयर निष्कासनका लागि अनुमति दिँदा किताबी मूल्यलाई पनि आधार बनाएको हुन्छ। तर, हिमालयन बैंकले बुक भ्यालुभन्दा कम मूल्यमै थप सार्वजनिक सेयर निष्कासन (एफपिओ) खुलाइसकेको छ। बिहीबारदेखि हिमालयन बैंकले प्रतिकित्ता १५७ रुपैयाँमा एफपिओ खुलाएको थियो। बुक भ्यालु १७१.४४ रुपैयाँ कायम रहेको र सर्वसाधारणलाई पनि प्रतिकित्ता १५७ रुपैयाँमा एफपिओ खुलाएको बैंकको सेयर संस्थापक सेयरधनीका लागि ११२.८ रुपैयाँका लागि आह्वान गरिनुले हबिबको सेयर बिक्रीमा पुँजीगत लाभकर छली हुने आशंका बढाएको छ। एफपिओका लागि कायम मूल्यलाई आधार मान्दा हाल हबिबले संस्थापक सेयर बिक्री गर्दा ३० करोड ९५ लाख रुपैयाँ कम पुँजीगत लाभकर संकलन हुने देखिन्छ।

कानुन मिचेर...

पृष्ठ १ बाट क्रमशः

त्यसअनुसार २५ असारको मध्यरातपछि सरकारी भुक्तानी गर्न पाइने थिएन। तर, त्यसयता पनि सरकारले उच्च दरमा खर्च गरेको छ। कानुनमा अन्तिम साता पनि खर्च गर्न सकिने केही विकल्प खुला छन्। यही देखाएर सरकारले अन्तिम साता पनि खर्च गरेको देखिन्छ।

सोही नियमावलीको नियम ३० को उपनियम २ मा असार अन्तिम साता पनि भुक्तानी गर्न पाउने विकल्प राखिएको छ। 'कार्यालयलाई कार्यक्रम संशोधन भई थप बजेट प्राप्त भएमा, खर्चको स्रोत परिवर्तन भएमा वा अतिआवश्यक काम परी खर्च गर्नुपरेमा त्यस्तो खर्च पुस्ट्याइँ गर्ने बिल, भरपाई, बजेट थप भएको प्रमाण र अन्य कागजातसहित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेस गरी भुक्तानी निकासा माग गर्न सकिनेछ। त्यसरी भुक्तानी निकासा माग भइआएमा कोष तथा लेखा नियन्त्रक कार्यालयले प्राप्त बिल, भरपाई र सोसाथ संलग्न कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन आवश्यक देखेमा सम्बन्धित व्यक्ति वा फर्मको नाममा भुक्तानी निकासा दिनुपर्नेछ,' नियमावलीमा भनिएको छ।

सरकारले अन्तिम साता पुँजीगततर्फ मात्रै १४ अर्ब ३३ करोड ८६ लाख रुपैयाँ खर्च गरेको छ। २५ असारसम्म पुँजीगत खर्च दुई खर्ब आठ अर्ब ३४ करोड थियो। असार मसान्तसम्म आउँदा त्यो दुई खर्ब २२ अर्ब ६८ करोड २३ लाख पुगेको छ। यस्तै, चालूतर्फ अन्तिम साता एक अर्ब ४३ करोड ५५ लाख र वित्तीय व्यवस्थातर्फ दुई अर्ब १३ करोड ६४ लाख खर्च भएको छ।

अन्तिम साता गरिने भुक्तानीमा महालेखा परीक्षकले पटक-पटक प्रश्न उठाउँदै आएको छ। आव ०८०/८१ मा पनि असार अन्तिम साता १५ अर्ब ९८ करोड ३० लाख रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा रकम थपघट गरेकोमा महालेखाले प्रश्न उठाएको छ।

पूर्वमहालेखा नियन्त्रक सुरेश प्रधानले असार अन्तिम साता भुक्तानी हुने प्रवृत्ति गलत भएको बताए। यसले खर्चको गुणस्तर नहुने र अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव नपर्ने उनको भनाइ छ। 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनअनुसार काम गरेमा वर्षभरि नै सन्तुलित रूपमा नै खर्च हुन्छ। त्यसले अर्थतन्त्रमा सधैँभरि सन्तुलित रूपमा नै नगद प्रवाह गर्छ। तर, समयमै काम गर्ने अभ्यास भएन। मन्त्री तथा सचिवस्तरबाट अनुगमन तथा कारबाहीको काम पनि हुँदैन,' उनले भने, 'अन्तिम समयमा आएर विनियोजित रकम खर्च गर्न दिऊँ भन्ने मानसिकताबाट गरिने भुक्तानी गलत छ। यसले खर्चको गुणस्तर पनि हुँदैन।'

गत आवमा सरकारको आम्दानी १२ खर्ब १९ अर्ब, खर्च १५ खर्ब २३ अर्ब

सरकारले गत आर्थिक ०८१-८२ मा आफ्नै संशोधित लक्ष्यअनुसार पनि खर्च गर्न नसकेको देखिएको छ। गत आवका लागि १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेट ल्याइएको थियो। त्यसमा १६ खर्ब ६२ अर्ब ३६ करोड ५२ लाख खर्च हुने संशोधित अनुमान गरिएको थियो। तर, ३२ असारसम्म आउँदा सरकारले १५ खर्ब २३ अर्ब १० करोड ६८ लाख मात्रै खर्च गरेको छ। यो खर्च कुल बजेटको ८१.८७ प्रतिशत हो। सरकारको पछिल्लो संशोधित लक्ष्यको भने ९१.६२ प्रतिशत हो।

गत आवमा सरकारको चालू खर्च नौ खर्ब ८० अर्ब ३८ करोड २१ लाख रुपैयाँ गरेको छ, जुन लक्ष्यको ८५.९५ प्रतिशत हो। जबकि गत आवमा सरकारले ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख चालू खर्च गर्ने लक्ष्य लिएको थियो।

यस्तै, सरकारको पुँजीगत खर्च भने ६३.२ प्रतिशत मात्रै देखिएको छ। सरकारले यो वर्ष तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख पुँजीगत खर्च गर्ने लक्ष्य लिएको थियो। तर, असार मसान्तसम्म आउँदा दुई खर्ब २२ अर्ब ६८ करोड २३ लाख खर्च भएको छ।

यस्तै, वित्तीय व्यवस्थातर्फ भने ८७.१४ प्रतिशत रकम खर्च भएको छ। सरकारले यो वर्ष वित्तीय व्यवस्थातर्फ तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख खर्च गर्ने लक्ष्य लिएको थियो। त्यसमा असार मसान्तसम्म तीन खर्ब २० अर्ब चार करोड २४ लाख खर्च भएको छ।

गत आवमा सरकारको कुल आम्दानी भने १२ खर्ब १९ अर्ब ७१ करोड ८६ लाख गरेको छ। यसअनुसार सरकारले आम्दानीभन्दा तीन खर्ब तीन अर्ब ३८ करोड ८२ लाख बढी खर्च गरेको छ, जुन रकम ऋण र सञ्चिति कोषबाट पूर्ति गरिएको छ।

सरकारको आम्दानी लक्ष्यको ८२.८८ प्रतिशत हो। सरकारले यो वर्ष १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख आम्दानी गर्ने लक्ष्य लिएको थियो। तर, आर्थिक वषको अन्त्यसम्म आउँदा १२ खर्ब १९ अर्ब ७१ करोड ८६ लाख आम्दानी भएको छ। ३२ असारमा मात्रै ४३ अर्ब ८४ करोड सात लाख आम्दानी भएको छ।

गत आवमा कर राजस्व १० खर्ब ४९ अर्ब ८७ करोड ५४ लाख, गैरकर राजस्व एक खर्ब २८ अर्ब ९४ करोड ४८ लाख, अनुदान २३ अर्ब ५२ करोड ८७ लाख र अन्य आम्दानी १७ अर्ब ३६ करोड ९७ लाख रुपैयाँ रहेको छ।

ओलीलाई...

पृष्ठ १ बाट क्रमशः

पौडेलले पेस गरेका थिए। अर्कोतर्फ सक्रिय राजनीतिमा होमिएकी पूर्वराष्ट्रपति विद्या भण्डारीका विषयमा भने ठोस निर्णय भएको छैन। उनी राजनीतिमा आउने-नआउनेबारे शीर्ष नेताहरूबिच ध्रुवीकरण देखिएको छ। ओलीले पूर्वराष्ट्रपति भण्डारीको पुनरागमनले राजनीतिक मूल्य-मान्यता स्खलित भई लोकतन्त्रमै खतरा हुने तर्क गरेका थिए। त्यसपछि उनले सचिवालय सदस्यहरूसँग सुझाव मागे पनि औपचारिक निर्णय हुन सकेन।

बहस लम्बिने देखिएपछि अलग्गै बैठक राखेर निर्णयमा पुग्ने समझदारीसहित सचिवालय बैठक टुंग्याइएको थियो। 'पूर्वराष्ट्रपतिज्यूले पार्टीमा सक्रिय हुने घोषणा गरेको विषयले बैठकमा प्रवेश पाएको छ। अलग्गै छलफल गरेर उहाँ पार्टी राजनीतिमा आउनु हुन्छ-हुँदैन र आउँदा उपयुक्त हुने निष्कर्ष रहे के जिम्मेवारी दिने निर्णय गर्ने गरी बैठक टुंगिएको छ,' बैठकपछि उपमहासचिव ज्ञवालीले भने। बैठकमा धेरैजसो पदाधिकारीले पूर्वराष्ट्रपति सक्रिय राजनीतिमा फर्किँदा लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र राष्ट्रिय एकताको प्रतीकको रूपमा रहेको संस्थाको मर्यादामाथि आँच पुग्ने धारणा राखेको उनको दाबी छ।

स्रोतका अनुसार बैठकमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षद्वय सुरेन्द्र पाण्डे, युवराज ज्ञवालीसहित केही पदाधिकारीले पूर्वराष्ट्रपति राजनीतिमा आउने कुरालाई संविधान र कानुनले नछेक्ने भन्दै विधान महाधिवेशनमा उनको सहभागिता सुनिश्चित गर्ने गरी निर्णय लिनुपर्ने पक्षमा मत राखेका थिए। 'अब छाड्नुस्, धेरै लोभ नगर्नुस्,' वरिष्ठ उपाध्यक्ष पोखरेलको ओलीलाई सुझाव थियो।

त्यस्तै, सचिव योगेश भट्टराई, गोकर्ण विष्ट, छविलाल विश्वकर्मालगायतले पनि पूर्वराष्ट्रपति भण्डारीले निर्णय लिइसकेकाले पार्टीले छलफल गरेर उपयुक्त जिम्मेवारी दिएर जानु नै उपयुक्त हुने पक्षमै मत राखेको स्रोतको भनाइ छ।

विधान महाधिवेशन तयारीका लागि राखिएको बैठक भण्डारीको पुनरागमनकै सेरोफेरोमा केन्द्रित भएर नेताहरूले धारणा राख्ने क्रम नरोकिएपछि राति अबेरसम्म बैठक लम्बिएको थियो। सचिव भट्टराईले भण्डारीको पुनरागमनको विषयले प्रवेश पाएको र उपयुक्त निर्णय लिने गरी छलफल केन्द्रित भएको बताए। 'अध्यक्षले त्यस विषयमा आवश्यक छलफल गरौँ र भ्याइएन भने पनि अर्को बैठकमा छलफल हुन्छ भन्नुभयो। विषय प्रवेश भइसकेकाले आवश्यक छलफल गरेर टुंग्याउँछौँ,' उनले भने। सक्रिय हुनुको लक्ष्य र उद्देश्यबारे पार्टीमा भण्डारीले प्रस्ट पार्नुपर्ने उनको भनाइ थियो।

१५ सदस्यीय पदाधिकारी, २५१ सदस्यीय केन्द्रीय कमिटी प्रस्ताव

सचिवालय बैठकमा १५ सदस्यीय पदाधिकारी र २५१ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गर्ने गरी ११औँ महाधिवेशनका लागि विधान संशोधन गर्ने गरी प्रस्ताव लैजाने निर्णय भएको छ। उपाध्यक्ष विष्णु पौडेलले मौजुदा १९ सदस्यीय पदाधिकारी संख्या घटाएर ११ सदस्यीय बनाउने प्रस्ताव पेस गरेकोमा संशोधन गर्दै बैठकले सो प्रस्ताव लैजाने निर्णय गरेको हो। उपाध्यक्ष पौडेलले मौजुदा वरिष्ठ उपाध्यक्ष पद हटाएर पदाधिकारी संख्या घटाउने प्रस्ताव गरेका थिए। एमालेमा अहिले वरिष्ठ उपाध्यक्षसहित १९ पदाधिकारी छन्। जसअनुसार एक अध्यक्ष, एक वरिष्ठ उपाध्यक्ष, ६ उपाध्यक्ष, एक महासचिव, तीन उपमहासचिव र सात सचिव रहेका छन्। यसलाई घटाएर अब अध्यक्षसहित तीन उपाध्यक्ष, एक महासचिव र एक उपमहासचिव तथा पाँच सचिवको प्रस्ताव संशोधित विधानमा प्रस्ताव गरेका थिए। त्यस्तै, ३०१ सदस्यीय केन्द्रीय कमिटी घटाएर १९९ बनाउन प्रस्ताव गरिएको थियो।

'विद्यामा...

पृष्ठ १ बाट क्रमशः

अवस्था नै छैन। उहाँ त पार्टी काम छोडेर धेरै वर्ष बाहिर हुनुहन्छ। पहिले पनि उहाँले संगठनात्मक नेतृत्वमा बसेर काम गरेको अवस्था होइन,' ओलीले भनेका छन्।

भण्डारीले पार्टी नेतृत्व लिन चाहेको भन्नेबारे आफू अनभिज्ञ रहेको ओलीको दाबी छ। तर, त्यसबारे पार्टीमा छलफल हुने उनको भनाइ छ। 'खै के बोलिरहनुभएको छ। उहाँ आफैँले विचार गर्नुपर्छ। उहाँले सार्वजनिक रूपमा बोलेका, उहाँले आउँछु भनेका कुराहरू के हुन् ? उहाँसँग हामीले सोध्नुपर्छ। धेरै ढिलो गर्दैनौँ,' उनले भनेका छन्।

आफूसँग कुनै परामर्श नभएको भन्दै ओलीले पार्टीले उपयुक्त निर्णय गर्ने पनि जनाएका छन्। 'अरूसँग थाहा भएन, मसँग सरसल्लाह गर्नुभएन। पार्टीमा आधिकारिक ढंगले सरसल्लाह गर्नुभएन। पार्टीमा कुनै लिखित-मौखिक केही जानकारी गराउनुभएको छैन। यस सम्बन्धमा पार्टीले निर्णय गर्छ,' ओलीले भनेका छन्, 'किनभने उहाँ आफ्नै हिसाबले राष्ट्रपतिमा जानुभएको होइन, हामीले पठाएको हो। उहाँ हाम्रो क्यान्डिडेट हो। राष्ट्रपति भइसकेपछि, क्यान्डिडेट तय भएपछि पार्टी छोडेर जानुभएको हो। पार्टी छोड्नुअघि त हाम्रै उपाध्यक्ष हो।'

भण्डारीले राजनीतिमा आउँछु भनेपछि पार्टीले आवश्यक निर्णय लिनैपर्ने ओलीको भनाइ छ। 'नैतिक रूपमा हुन्छ, हुँदैन ? गणतन्त्रमा के असर पर्छ ? समाजमा के असर पर्छ ? राजनीतिमा के असर पर्छ ? व्यवस्थामा के असर पर्छ ? उहाँकै जीवनमा के असर पर्छ ?' यी सबै कुरा सोचेर उहाँलाई दिनुपर्ने सुझाव या उहाँमाथि गरिनुपर्ने निर्णय पार्टीले गर्ने त गर्छ नै,' ओलीले भने।

'रामवरणले थिति बसाल्नुभो, अब भत्काउनु हुन्न,' ओलीले पूर्वराष्ट्रपति राजनीतिमा आउनु गलत भएको पनि टिप्पणी गरेका छन्। 'यो संवैधानिक र कानुनी प्रश्न होइन। नैतिकताको प्रश्न हो। नैतिक मूल्यमा आधारित भएर बसाउनुपर्ने थिति हो। अघिल्लो राष्ट्रपतिले यो थिति बसाएको देखिन्छ,' ओलीले भने।

महत्त्वपूर्ण विषयमा भण्डारीले परामर्श नगरेकोमा ओलीको तीव्र असन्तुष्टि छ। 'विद्याजीको हकमा कहाँ-कहाँ परामर्श गर्नुभो बताउनुहोला, तर मसँग चाहिँ परामर्श भएन। पार्टी अध्यक्ष म छु, मैले अध्यक्षता गरिरहेको छु। पार्टी छँदै छ। तर, पार्टीसँग म राजनीतिमा फर्किएर आउँछु भन्ने कुनै प्रस्ताव आएन,' ओलीले भने, 'कसरी काम गरौँ ? मलाई सक्रिय राजनीतिमा आउने मन छ, आउन मिल्छ-मिल्दैन ? देशलाई फाइदा हुन्छ कि हुँदैन ? संवैधानिक प्रक्रिया कस्तो हुन्छ ? प्रणालीगत हिसाबले के हुन्छ ? सिंगै देशको सर्वमान्य नेताबाट एउटा दल विशेषको कार्यकर्ता बन्न आउँदा कस्तो हुन्छ ? यी कुनै पनि विषयमा विमर्श भएको छैन।'

अध्यक्ष छोडेपछि दोस्रो मर्यादामा बस्दिनँ

ओलीले अझै एक कार्यकाल अध्यक्ष बन्न चाहेको संकेत गर्दै हटेपछि भने दोस्रो मर्यादामा नबस्ने पनि प्रस्ट्याएका छन्। 'म कुनै प्रकारले अध्यक्ष भइनँ भने पनि बाँचुन्जेलसम्म एमालेबाट पृथक् त हुन्नँ। अर्को कुरा म अध्यक्ष छोडेपछि अध्यक्षको छेउमा बसेर द्वितीय सिट मेरो हुनुपर्छ, मलाई द्वितीय मर्यादा चाहिन्छ भनेर भन्दिनँ। म प्रथम मर्यादा भएको मान्छे द्वितीय मर्यादामा किन जान्छु ? म पहिलो मर्यादा छोड्दै छोड्दिनँ। अध्यक्ष छोड्छु, पहिलो मर्यादा छोड्दिनँ। त्यो गर्ने उपाय भनेको नजिकै आएर दोस्रो सिटमा बसेर च्याइँच्याइँ गर्ने होइन, घर बस्नुपर्छ,' ओलीले भनेका छन्।

आफूभन्दा योग्य आए मात्र नेतृत्व हस्तान्तरण

ओलीले आफूभन्दा क्षमतावान नेता आएको अवस्थामा मात्र नेतृत्व हस्तान्तरण गरिने पनि प्रस्ट्याएका छन्। 'मेरो काम गर्ने क्षमता र सामर्थ्य छैन भने मैले नछोडेर हुन्छ ? मैले छोड्नुपर्ने परिस्थिति आयो भने छोड्नैपर्छ। अनि यो देवताले छोडाए, पशुपतिनाथले अध्यक्षबाट छोडाइदिए भने पनि म बसिरहन्छु भन्ने हुन्छ ? अथवा मेरो कार्यक्षमता ह्रास भयो, मेरो स्मरणशक्ति ह्रास भो, मैले काम गर्ने अवस्था रहेन अथवा मेरो भन्दा राम्रो गर्न सक्ने अर्को साथी निस्किसक्यो भने राम्रो गर्नेलाई ठाउँ नदिएर कम्प्रोमाइज गर्नुपर्छ भन्ने होइन। यो एउटा प्रक्रिया हो,' ओलीले भनेका छन्।

ओलीले नेतृत्वको छनोट सर्वसम्मत या चुनाव दुईमध्ये एक विधिबाट महाधिवेशनले गर्ने बताए। 'महाधिवेशन एउटा औपचारिक थलो हो। सर्वसम्मतबाट पनि हुन सक्छ र भोटबाट पनि हुन सक्छ। त्यो आवश्यकता र परिस्थितिको कुरा हो। कुन ठाउँमा कसलाई सेट गर्नुपऱ्यो, पठाउनुपऱ्यो भन्ने त्यो पछिको कुरा हो,' ओलीले भनेका छन्।

बिचौलिया...

पृष्ठ १ बाट क्रमशः

सम्बन्धमा लामालगायत दुई-तीनजनाको टोलीसँग भेट भए पनि घुस लेनदेनमा भने संलग्न नभएको उनको दाबी छ। लामा उनै व्यक्ति हुन् जोसँग घुस 'डिल' गरेकै कारण मन्त्री गुप्ता राजीनामा दिन बाध्य भएका थिए। गुप्ता-बिचौलिया घुस 'डिल' अडियोमा मन्त्री अधिकारीले पैसा बुझिसकेको भनेर गुप्ताले नै पोलेका छन्।

'रामचन्द्र अधिकारी (पोखरा मालपोतका तत्कालीन प्रमुख)को सरुवा भइसकेपछि उसलाई थमाइदिनुपऱ्यो भनेर दुई-तीनजना मान्छे लिएर आउनुभाथ्यो,' उनले मन्त्रालयमै आयोजना गरेको पत्रकार सम्मेलनमा भने। तर, उक्त टोलीलाई आफूले सरुवा भइसकेको कर्मचारी थमौती नहुने प्रस्ट जवाफ दिएको बताए। 'मैले हुँदैन भनेपछि उहाँ (लामा) गर्दिनुपऱ्यो भन्दै हुनुहुन्थ्यो,' उनले भने, 'योचाहिँ हुँदैन, प्रक्रियाबाट गएको कुरा हो, कर्मचारीहरू जाने-आउने कुरा गर्छन् भनेँ। त्यसपछि उहाँहरू जानुभो।' उक्त घटनाअघि भने लामासँग भेट, चिनजान र कुराकानी नभएको मन्त्री अधिकारीको दाबी छ।

अभीष्ट पूरा भएन भन्ने हिसाबले मालपोत अधिकृतलाई फिर्ता गराउनका निम्ति आफूकहाँ आएका, तर आफूले हुन्न भनेपछि विषयहरू बाहिर आएको उनको दाबी छ। 'किनभने मालपोत अधिकृतहरू पुसमा सारिएको छ, अडियो अहिले आएको छ। कुन नियतबाट ल्याइयो भन्ने प्रश्न हो,' उनले भने। मालपोत प्रमुख अधिकारीले केही काम गरिदिन्छु भनेको हुनुपर्ने उनीहरूका गतिविधिबाट आफूले अनुमान लगाएको पनि मन्त्री अधिकारीले खुलाए। 'कसले के गर्न खोज्या छ, कसले के गर्छु भन्छ, हामीलाई थाहा हुने कुरा होइन नि। कि हामीसँग आएर भनेको हुनुपऱ्यो,' उनले भने। मालपोतमा अधिकारीको थमौती नगरिदिएपछि लामाको टोली अयन्त्र गएको सुन्नमा आएको पनि मन्त्री अधिकारीले बताए। तर, लामासँग भूमि आयोगका विषयमा कुनै कुरा नभएको उनले बताए। यही काण्डमा मन्त्रीबाट राजीनामा दिन बाध्य गुप्ताले सार्वजनिक अडियोमा आफूलाई पोलेको विषयमा पनि मन्त्री अधिकारीले प्रस्टीकरण दिएका छन्। 'पूर्वमन्त्रीले आफ्नो इच्छाले कसरी बोल्नुभो, त्यो मसँग कुरा भएर बोल्नुभएको पनि छैन, मसँग आउनुभएको पनि छैन, यो गर्दै भन्नुभएको पनि छैन। उहाँले कुन अन्दाजमा गर्नुभएको होलाजस्तो लाग्छ,' उनले भने।

आफ्नो मन्त्रालयअन्तर्गतका कर्मचारी भटाभट सरुवा गरेको सम्बन्धमा भने गुप्तालाई सचेत गराएको उनले बताए। 'मैले हाम्रा कर्मचारी सार्दा तपाईंले सोध्नुपर्छ, नसोधीकन गर्दा हामीलाई अप्ठ्यारो भो भनेको थिएँ। निवेदन भनिएको र केही पनि नभएको अवस्थामा भकाभक आफ्नो मन्त्रालयअन्तर्गतका कर्मचारी सार्ने कुराले राम्रो सन्देश नजाने भनेको थिएँ,' उनले भने।

मन्त्री अधिकारीले आफू उम्किने प्रयास गर्दै गुप्तामाथि मात्र दोष थुपारे। 'उहाँले उताबाट काम गर्नुभो, के-के कुरा गरेर उहाँले म सार्दिन्छु भन्नुभो होला, के भन्नुभो होला, त्यो मसँगको कुरा भएन,' गुप्ताबारे उनले भने। जाँड खाएको मान्छेलाई जबर्जस्ती आफूमाथि पैसा खाएको आरोप लगाएर अडियो बनाएको र त्यतिले नभएर छोरालाई पनि जोड्ने काम भएको उनको दाबी छ। 'म मन्त्री भइसकेपछि एकपटक बाबालाई भेट्छु भनेर छोरो आएको हो, उसले सुजन लामासँग भेटेको, कुरा गरेको र उसलाई चिनेको छैन,' उनले भने, 'यो शुद्ध चरित्रहत्या गर्ने प्रयास हो।'

अडियोमा मेरो आवाज, आफूले पैसा मागेको, केही गरिदिन्छु भनेको कसैले फेला पारेर आफू जस्तोसुकै सजाय भोग्न तयार रहेको मन्त्री अधिकारीले बताए। 'छानबिन गर्ने कुरामा म ओपन छु। किनभने म संलग्न छैन, बोलेकै छैन, चिनेकै छैन, कुरा गरेकै छैन। त्यसै आरोप लगाएर हुन्छ ?' उनले प्रश्न गरे।

रविको पक्षमा २५ दिनमा २५ लाख हस्ताक्षर

अभियानलाई जनस्तरमा पुऱ्याउन ५ साउनदेखि घरदैलो

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले सभापति रवि लामिछानेमाथि राजनीतिक प्रतिशोध साधिएको भन्दै सञ्चालन गरेको हस्ताक्षर अभियानमा २४ लाख ५७ हजार ६१८ जनाले ऐक्यबद्धता जनाएका छन्। रास्वपाले बिहीबार पत्रकार सम्मेलन गरेर रवि लामिछानेमाथि भएको राजनीतिक प्रतिशोधविरुद्ध जनताको हस्ताक्षर अभियान सञ्चालन भएको २५ दिनको तथ्यगत जानकारी दिएको हो।

अभियानका संयोजक दीपक बोहराले हालसम्म २४ लाख ५७ हजार ६१८ जनाले सभापति लामिछानेको पक्षमा हस्ताक्षर गरेको बताए। पार्टी स्थापनाको तेस्रो वार्षिकोत्सवको अवसरमा रास्वपाले सभापति लामिछानेले भैरहवा कारागारबाट जारी गरेको अपिल बोकेर ७ असारदेखि हस्ताक्षर अभियान चलाइरहेको छ। संयोजक बोहराका अनुसार सबैभन्दा धेरै बागमती प्रदेशमा ६ लाख ३९ हजार ६८ हस्ताक्षर संकलन भएको छ। त्यसपछि, गण्डकीमा चार लाख ३२ हजार ७२३, लुम्बिनीमा दुई लाख ३६ हजार ५९५, कोशीमा एक लाख ६६ हजार ८६१, सुदूरपश्चिममा ९४ हजार ५३५, कर्णालीमा ४३ हजार ७७५ र मधेशमा २० हजार ५०५ हस्ताक्षर संकलन भएको छ। केन्द्रीय कार्यालयमा ३३ हजार ३७०, काठमाडौंमा च्याटको व्यवस्थापनका बुथमा ५९ हजार ८८५, ह्वाट्सएपबाट ६ लाख ५० हजार १७२, इमेलबाट ८० हजार १७६ हस्ताक्षर संकलन भएको छ।

हस्ताक्षर अभियानका संयोजक **दीपक बोहरा भन्छन्**–

यो अभियानलाई जनस्तरमा पुऱ्याउन साउन ५ गतेदेखि घरदैलो अभियान गर्दै छौं। प्रत्येक घरघर जानेछौं। रोपाइँ चलिरहेको खेतमा जान्छौं। हस्ताक्षरमार्फत जनऐक्यबद्धता खोज्छौं।

संयोजक बोहराले देश विदेशमा अभियान कम्तीमा सय दिन चल्ने बताए। हालसम्म प्रदेश, जिल्ला र पालिकास्तरीय समितिले अभियानको नेतृत्व गरेको भन्दै उनले ५ साउनदेखि वडा समितिले अभियानलाई जनस्तरसम्म पुऱ्याउन घरदैलो गर्ने जानकारी दिए। अब नेपाल-भारत सीमा नाकाका मुख्य विन्दु (काँकडभिट्टा, रक्सौल, जोगबनी, बेलहिया, जमुनाह, गड्डाचौकीलगायत), विभिन्न विमानस्थल, बसपार्क र बढी सार्वजनिक आवागमन हुने क्षेत्रमा ऐक्यबद्धता डेस्क सञ्चालन गर्ने उनको भनाइ छ। त्यस्तै, आगामी कात्तिकमा उपनिर्वाचन हुने रुपन्देही- ३ का ३६ वटै वडामा बुथमार्फत अभियान सञ्चालन गर्न लागेको बोहराले बताए। 'बर्खा र खेतीपातीको समय भएकाले अभियान ग्रामीण क्षेत्रमा केही कमजस्तो देखिएको छ। तर, बढ्ने अपेक्षा राखेका छौं,' उनले भने।

रविका लागि लेखक ब्रजेश खनालले लेखे कविता



म परिवर्तनको बीज हूँ

तिमीहरूले
खर्च गरीगरी
आफ्नो श्रम र समय
मलाई पुर्न खाल्डो खन्यौ
तर,
तिमीहरूले पुरेको माटोमुनि
म त बलिया जरा पो हाल्दैछु
मौलाउँदैछु, फैलँदैछु, टुसाउँदैछु
अंकुरित हुँदैछु म

हेरिराख न, तिमीहरूले हेर्दाहेर्दै
म तिमीहरूको कैदको सतह
उधिनेर
उम्रिनेछु, अल्गिनेछु भोलि
अडिनेछु दह्रो,
बलियो र विशाल बनेर
जसलाई हल्लाउन सक्दैनन्
तिमीले चलाएका हल्लाहरूले
जसलाई निहुराउन सक्दैनन्

तिमीले उत्पन्न गरेका
कृत्रिम आँधीबेहरीले

किनकि
तिमीहरूलाई थाहा छैन
तिमीहरूले खाल्डोमा हालेर
पुर्न खोजेको
म त एउटा
परिवर्तनको बीज हूँ।

■ हस्ताक्षर अभियानमा खर्च ५९ लाख, संकलन ४६ लाख



हस्ताक्षर अभियानका क्रममा ५९ लाख ६७ हजार खर्च भएको र शुभेच्छुकहरूबाट ४६ लाख १२ हजार ६३७ रुपैयाँ संकलन भएको पनि बोहराले जानकारी दिए। अभियानका क्रममा पाँच लाख अपिल र दुई लाख हस्ताक्षर फाराम छापेर रास्वपाका समिति र शुभेच्छुक/शुभचिन्तकमार्फत अभियानका लागि पठाएको उनको भनाइ छ। उनका अनुसार यस क्रममा विभिन्न शीर्षकमा ५९ लाखभन्दा बढी खर्च भएको छ। बिहीबार सार्वजनिक तथ्यांकअनुसार छपाइमा १७ लाख २० हजार, प्रचार-प्रसार तथा फ्लेक्स/बुथ निर्माणमा तीन लाख ८० हजार, अन्य व्यवस्थापनमा सात लाख ४५ हजार, विविधमा ८७ हजार खर्च भएको छ। जसमध्ये भुक्तानी गर्न बाँकी ३० लाख ३५ हजार छ। यो १० लाख अपिल, एक लाख हस्ताक्षर फाराम र अन्य प्रयोजनको खर्च हो। 'आम्दानीभन्दा खर्च बढी छ। अहिलेसम्म १३ लाख ५४ हजार ४८६ रुपैयाँ घाटा छ। अभियान अझै लामो समय चल्ने भएकाले थप खर्च हुन्छ,' संयोजक बोहराले भने।

■ उम्मेदवार छनोट विधि सार्वजनिक

रास्वपाले रुपन्देही- ३ मा हुने उपनिर्वाचनका लागि उम्मेदवार छनोट विधि सार्वजनिक गरेको छ। पत्रकार सम्मेलनमा सहमहामन्त्री विपिन आचार्यले उम्मेदवार हुनका लागि पार्टीमा योगदान गरेको वा समाजमा योगदान गरेको व्यक्ति हुनुपर्ने बताए। छनोट गर्दा लिडरसिप एकेडेमीको नतिजा, पोलिटिकल प्रोक्सिमिटी, समावेशिता र प्रारम्भिक निर्वाचन गर्ने जनाएको छ।

त्यस्तै, लिडरसिप एकेडेमीभित्र राजनीतिक चेत, विचार, सदाचार र नैतिकता, शिक्षा तथा पेसागत अनुभव, नेतृत्वदायी अनुभव, भविष्य दृष्टि (भिजन) पनि हेर्ने जनाइएको छ। पोलिटिकल प्रोक्सिमिटीभित्र पार्टी प्रोक्सिमिटी, सामाजिक डेमोग्राफिक प्रोक्सिमिटी, लोकतान्त्रिक प्रोक्सिमिटी हेरिने उनले बताए।

समावेशिताभित्र महिला, दलित, आदिवासी/जनजाति, थारू, मुस्लिम, मधेशी, पिछडिएको क्षेत्र तथा अपांगतालाई प्राथमिकता दिने, प्रारम्भिक निर्वाचनभित्र सम्बन्धित निर्वाचन क्षेत्रका पार्टी सदस्यहरूको मतदान, निर्वाचन क्षेत्रभित्र मतदाता रहेका पार्टीका तहगत समितिका सदस्यहरूको मतदान र केन्द्रीय समिति सदस्यहरूको मतदानबाट छनोट गरिने उल्लेख छ।

छनोट गर्दा उम्मेदवारले लिडरसिप एकेडेमीको नतिजामा २५ प्रतिशत, पोलिटिकल प्रोक्सिमिटी २० प्रतिशत, समावेशिता ५ प्रतिशत र प्रारम्भिक निर्वाचन ५० प्रतिशत नतिजा ल्याउनुपर्नेछ। रास्वपाले उम्मेदवारको योग्यतामा ६ सर्त तय गरेको छ।

पहिलो- प्रचलित कानुनबमोजिम उम्मेदवार हुन योग्य भएको, दोस्रो- पार्टीको केन्द्रीय अनुशासन तथा आचरण समितिमा सम्पत्ति विवरण बुझाएको, तेस्रो- प्रहरी रिपोर्ट पेस गरेको, चौथो- भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध कारोबार, निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरण, हत्या वा अन्य नैतिक पतन देखिने गम्भीर कसुरमा सजाय नपाएको। अन्य फौजदारी कसुरमा सजाय भुक्तान गरेको भए पनि त्यसको अवधि सकिएको कम्तीमा एक वर्ष पूरा भएको हुनुपर्ने सर्त राखेको छ। पाँचौंमा पार्टीका मूल्य-मान्यता र सिद्धान्तप्रति प्रतिबद्ध र छैटौंमा अन्य कुनै राजनीतिक दलसँग आबद्ध नरहेको हुनुपर्ने भनिएको छ।

सरकार रेलमार्गबाट पछि हटेसँगै दमक र इटहरीका कार्यालय बन्द गर्ने तयारी

झापामा **चिरञ्जीवी घिमिरे**

पूर्व-पश्चिम विद्युतीय रेलमार्गअन्तर्गत काँकडभिट्टा-इनरुवा १०६ किलोमिटर खण्ड निर्माण गर्ने योजनाबाट सरकार पछाडि हटेपछि दमक र इटहरीमा रहेका कार्यालय बन्द गर्ने तयारी गरिएको छ।

रेलमार्ग बन्ने सुनिश्चितता नभई सरकारले झापाको दमक-७ मा रेल आयोजना कार्यालय र इटहरीमा सम्पर्क कार्यालय सञ्चालनमा ल्याएको थियो। उक्त कार्यालयले काम नै गर्न नपाई बन्द गर्ने तयारी थालिएको हो। सरकारले दमक र इटहरीको कार्यालयको भाडा मात्र ५० लाखभन्दा माथि तिरिसकेपछि बन्द गर्ने अवस्थामा पुगेको हो।

रेलमार्ग नै नबन्ने भएपछि कार्यालय पनि बन्द गर्ने तयारी गरिएको आयोजना कार्यालय दमकका प्रमुख बोधराज भण्डारीले बताए। 'यो कार्यालय बन्द हुन्छ। काम नै छैन किन कार्यालय राख्ने ? घरबेटीले पनि घर अर्कोतिर भाडामा लगाउन तयारी थाल्नुभएको छ,' उनले भने, 'अहिले हाम्रो विभागको डिजी हुनुहुन्न। डिजी आएपछि बन्द हुन्छ। केही महिना लाग्ला, तर कार्यालय बन्द हुन्छ।'



झापाको दमक-७ मा रहेको रेल आयोजना कार्यालय।

रेल विभागका सूचना अधिकारी कमल साहले भने दमकमा रहेको आयोजना कार्यालय र इटहरीमा रहेको सम्पर्क कार्यालय अहिले नै बन्द हुने/नहुने अहिले नै निश्चित भई नसकेको बताए। सरकारले बजेट भाषणमा रेलमार्गले अधिग्रहण गरेको जग्गा फुकुवा गर्ने घोषणा गरे पनि अहिलेसम्म कार्यालय बन्द गर्ने विषयमा लिखित जानकारी नआएको उनको भनाइ छ। 'कार्यालय बन्द गर्ने पनि प्रक्रिया हुन्छ। मन्त्रालयले कागजी रूपमा हामीलाई लिखित दिनुपर्छ। कार्यालय बन्द गर्न मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्छ,' उनले भने, 'जग्गा फुकुवा गरेर अर्को ठाउँबाट प्रक्रिया सुरु गर्ने हो कि के हो केही जानकारी आएको छैन। तसर्थ, कार्यालय चाहिन्छ कि चाहिँदैन अहिले नै हामी भन्न सक्दैनौं।'

सरकारले रेलमार्ग निर्माणका लागि बन्दै झापाको काँकडभिट्टादेखि सुनसरीको इनरुवासम्मका नागरिकको जग्गा अनाहकमा पाँच वर्ष अधिग्रहण गर्दै रोक्कासमेत गरेको थियो। मुआब्जा नै नदिई नागरिकको जग्गा रोक्का गरेको सरकारले आर्थिक वर्ष ०८२/८३ को बजेट भाषणमार्फत रोक्का राखेको जग्गा फुकुवा गर्ने घोषणा गरेको हो।

■ पाँच वर्षमा प्रशासनिक खर्च तीन करोड २३ लाख

दमकस्थित रेल आयोजना कार्यालयले पाँच वर्षमा तीन करोड २३ लाख प्रशासनिक खर्च गरेको छ। ०७७ मंसिरदेखि १५ असार ०८२ सम्म तीन करोड २३ लाख १८ हजार ८६८ रुपैयाँ खर्च भएको आयोजना कार्यालय दमकका प्रमुख बोधराज भण्डारीले बताए।

उनका अनुसार यो खर्च रेलमार्गको डिमार्केसन, कार्यालयको भाडा र कर्मचारी व्यवस्थापनका लागि भएको हो। विभागले झापा र सुनसरीमा डिमार्केसनको काम सकेको छ भने मोरङमा आंशिक रूपमा काम भएको छ।

विभागले दमकमा आयोजना कार्यालय ०७७ मंसिरबाट सुरु गरेको हो। सुरुमा तीनतले घर नै भाडामा लिएर कार्यालय सञ्चालन गर्दै आएको थियो। ०८० सम्म मासिक एक लाख भाडा तिरेर तीनतले घरमा कार्यालय सञ्चालन गर्दै आएको थियो। तर, ०८० पछि भने दुईवटा फ्ल्यातका ११ वटा कोठामा कार्यालय सञ्चालन गर्दै आएको छ। अहिले मासिक ४१ हजार पाँच सय तिरेर कार्यालय सञ्चालन गर्दै आएको छ। इटहरीमा भने मासिक ६ हजार ४२० रुपैयाँ तिरेर दुईवटा कोठा भाडामा लिएर सञ्चालन गरिरहेको छ।

कार्यालयमा कार्यालय प्रमुखको जिम्मेवारी अतिरिक्त मात्रै हो। अहिलेका प्रमुख भण्डारी पनि रेल विभागमा कार्यरत रहेर यहाँ अतिरिक्त जिम्मेवारीमा मात्र छन्।

संक्षेप

खुकुरी प्रहारबाट घाइते युवतीको अवस्था गम्भीर

रामेछाप/ उमाकुण्ड गाउँपालिका- ६ गुप्तेश्वरमा एक युवकले प्रहार गरेको खुकुरीबाट घाइते युवतीको अवस्था गम्भीर छ। बुधबार राति उमाकुण्ड गाउँपालिका- ६ गुप्तेश्वरका रजिन सुनुवारको खुकुरी प्रहारबाट २७ वर्षीया एलिसा सुनुवार गम्भीर घाइते भएकी हुन्। रजिनालाई स्थानीयले उद्धार गरी उपचारका लागि स्थानीय स्वास्थ्य चौकी लगेका थिए। स्वास्थ्य चौकीमा उपचार सम्भव नभएपछि थप उपचारका हेलिकोप्टरमार्फत बिहीबार काठमाडौं पठाइएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक भोलाकुमार भट्टले बताए। उनका अनुसार रजिन र एलिसा एकै गाउँका र पारिवारिक नातासमेत पर्छन्। एलिसामाथि रजिनले के-कति कारणले खुकुरी प्रहार गरेको हो भन्ने खुल्न सकेको छैन। प्रहरीले रजिन सुनुवारलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको प्रहरी नायब उपरीक्षक भट्टले बताए।

करेन्ट लागेर ट्रक सहचालकको मृत्यु

सर्लाही/ भुस लोड गर्न ट्रकको त्रिपाल मिलाउने क्रममा करेन्ट लागेर सर्लाहीको लालबन्दीमा सहचालकको ज्यान गएको छ। दुईजना कामदार गम्भीर घाइते भएका छन्। बिहीबार बिहान लालबन्दी नगरपालिका- १, लखन्देही पुलनजिकै ट्रकको त्रिपाल मिलाउने क्रममा ११ हजार भोल्टेजको करेन्ट ट्रकमा प्रवाह भएको थियो। करेन्ट लागेर सहचालकसहित तीनजना गम्भीर बनेको जिल्ला प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले बताए। घाइतेमध्ये ट्रकका सहचालक रौतहटको वृन्दावन नगरपालिका- ७ का ३० वर्षीय दिनेश पासवानको उपचारका क्रममा मृत्यु भएको छ। २५ वर्षीय कुन्दन पासवान र ४० वर्षीय जगेश्वर पासवानको अवस्था गम्भीर छ। करेन्ट लागेका तीनैजनालाई उद्धार गरी तत्काल हरिवनस्थित नमुना अस्पताल पुऱ्याइएको थियो। ना.६ख ७५५० नम्बरको ट्रक न्यु माँ राजदेवी खाद्य उद्योग नवलपुरमा धानको भुस लोड गर्न आएको थियो। भुस लोड गर्न त्रिपाल निकाल्न खोज्दा उनीहरूलाई करेन्ट लागेको प्रत्यक्षदर्शीको भनाइ छ।

नागरिकताको प्रतिलिपि लिनेको संख्या बढ्दो

सल्यान/ सल्यानमा नयाँ नागरिकता लिनेसरह नै प्रतिलिपि लिनेको संख्या पनि बढेको छ। विगतमा नागरिकताको प्रतिलिपिभन्दा नयाँ नागरिकता लिनेको संख्या बढी भए पनि चालू आवमा नयाँ र प्रतिलिपि लिनेको संख्या बराबरजस्तै रहेको जिल्ला प्रशासन कार्यालय सल्यानले जनाएको छ। चालू आर्थिक वर्षमा सात हजार ८०८ जनाले नयाँ नागरिकता प्राप्त गरेका छन्। ६ हजार ८५४ जनाले प्रतिलिपि लिएका छन्। विगतमा नागरिकता च्यातिएमा वा हराएमा मात्र प्रतिलिपि लिने गरे पनि यस वर्ष भने राष्ट्रिय परिचयपत्र बनाउन नागरिकता अनिवार्य चाहिने र धुलिएको वा पुरानो भएको नागरिकताले काम नगर्ने भएपछि प्रतिलिपि लिनेको संख्यामा वृद्धि भएको प्रमुख जिल्ला अधिकारी नेत्र सुवेदीले बताए। 'अहिले नेपाल सरकारले राष्ट्रिय परिचयपत्र अनिवार्य बनाउन तथा बैंकहरूले समेत राष्ट्रिय परिचयपत्र मान्न थालेपछि प्रतिलिपि लिनेको संख्यामा अत्यधिक वृद्धि भएको छ,' उनले भने। एक व्यक्तिले जीवनमा एकपटक प्राप्त गर्ने नागरिकताजस्तो विषय हिफाजत गरेर राख्नुपर्ने उनको भनाइ छ।

धवलागिरि क्याम्पसलाई विश्वविद्यालय बनाउन प्रस्ताव

बागलुङ/ धवलागिरि बहुमुखी क्याम्पसलाई विश्वविद्यालय बनाउने विषयमा प्रस्तावसहित छलफल बढाइएको छ। बागलुङका स्थानीय सरोकारवाला र सर्वपक्षीय भेलाले क्याम्पसलाई विश्वविद्यालयका रूपमा निर्माण गर्ने प्रस्ताव अगाडि सारेको हो। कालीगण्डकी उत्तरगंगा शैक्षिक कोषका संस्थापक कृष्ण केसीको नेतृत्वमा बुधबार आयोजित भेलामा क्याम्पसलाई विश्वविद्यालय बनाउने प्रस्ताव आएपछि यस विषयमा छलफल गरिएको हो। छलफलमा क्याम्पस स्वायत्त भएको र यसलाई विश्वविद्यालको रूपमा विकास गर्न बृहत् छलफलका साथ अगाडि बढ्नुपर्ने सहभागीको भनाइ थियो। 'धवलागिरि क्षेत्रलाई शैक्षिक हबका रूपमा विकास गर्न क्याम्पसलाई मानित विश्वविद्यालय बनाउने लक्ष्य क्याम्पसले पञ्चवर्षीय योजनामा समेटेर अगाडि बढेको छ,' क्याम्पस प्रमुख डा. सुदर्शन सिलवाललले भने, 'भविष्यमा यसलाई विश्वविद्यालयका रूपमा विकास गर्न यो क्षेत्रका सबै नागरिक अगुवा, राजनीतिक दल र सरोकारवालाले जोड गरेमा सम्भव पनि छ। जुन विषय अहिले चलेको छ, यसले सार्थकता पाउने गरी काम गर्नुपर्दछ।'

■ फुङफुङे झरनाको सुन्दरता



ताप्लेजुङको मिक्वाखोला गाउँपालिकामा अवस्थित फुङफुङे झरना पर्यटकका लागि आकर्षक गन्तव्य बन्दै गएको छ। तीन सय मिटर अग्लो चट्टानी कापबाट झरेको झरनाको आवाज नै फुङफुङ हुने हुँदा फुङफुङे नामकरण गरिएको हो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रवर्द्धन गर्नुपर्ने नयाँ सय पर्यटकीय गन्तव्यमा फुङफुङे झरनालाई पनि राखेको छ। **तस्बिर : केशवप्रसाद भट्टराई/नयाँ पत्रिका**

भोटेकोशीको बाढीमा हराएका भनिएकामध्ये दुईजना सम्पर्कमा आए

काठमाडौं/ गत २४ असारमा रसुवामा भोटेकोशीको सहायक नदी ल्हेन्देको बाढीमा हराएका भनिएकामध्ये दुईजना सकुशल भेटिएका छन्। नाम, ठेगाना फरक पर्दा हराएको सूचीमा परेका सिन्धुपाल्चोकका दिल तामाङ र प्युठानका धनराज विक सम्पर्कमा आएको रसुवाका प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलले बताए।

कन्टेनरचालक तामाङ बाढीको अघिल्लो दिन २३ असारमा टिमुरेबाट ना ६ ख ४६०४ नम्बरको कन्टेनर लिएर काठमाडौं आएका थिए भने नौ महिनाअगाडि टिमुरेमा कन्टेनरचालक रहेका विक पछिल्लोपटक काठमाडौंबाट पूर्व-पश्चिम चल्ने गाडी चलाउँदै आएका छन्।

बाढीमा हराएकाको सूची सार्वजनिक गर्दा तामाङ र विकको ठेगाना गोरखा भनिएको थियो। 'तर, स्थानीय प्रहरीमार्फत घरठेगाना खोज्दा पनि पत्ता लागेन। कोही आफन्त पनि सम्पर्कमा आउनुभएन,' सिडिओ पौडेलले भने, 'योबिचमा उहाँहरूसँग नाम मिलेका र टिमुरेमा कन्टेनरचालक रहेका दुईजना सम्पर्कमा आउनुभयो। घटनाका वेला नाम, ठेगाना टिप्न फरक परेको पाइएपछि निर्क्यौल गरेर बेपत्ताको सूचीबाट हटाएका छौं।'

स्थानीय प्रशासनले बाढीमा बेपत्ता, हराएका र सनाखत भएकाको सूचीबाट दुईजना हटाएर १८ कायम गरेको छ। तर, हालसम्म फेला परेका १२ शव र मानव अंगमध्ये दुई शवको मात्र सनाखत भएको छ। बिहीबार मात्र थप एउटा शव फेला परेको हो।

'दुई शवको सनाखत भएर आफन्तले बुझेर दाहसंस्कार गरिसक्नुभएको छ, तर अरू शवको पहिचान हुन समस्या भइरहेको छ,' सिडिओ पौडेलले भने, 'फेला परेका शवको सनाखत हुन नसकेकाले हराएकाको यकिन सूची भन्न सकिएको छैन।'

आर्थिक अपराध अनुसन्धानका लागि सिआइबीमा छुट्टै महाशाखा गठन गरिने

डेडिकेटेड ब्युरोमा नयाँ दरबन्दी नै सिर्जना गर्नुपर्ने भएपछि सरकार पछि हट्यो

टेकराज थामी/नयाँ पत्रिका

सरकारले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा रहेका प्रहरीको दरबन्दी कटाउने तयारी गरेको छ। विभागमा कार्यरत प्रहरीको दरबन्दी नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)मा समायोजन हुनेछ। सिआइबीले आर्थिक अपराध अनुसन्धान गर्न मातहतको छुट्टै महाशाखा गठन गर्दै छ। विभागको दरबन्दी सोही महाशाखामा समायोजन हुनेछ। महाशाखाको नेतृत्व एसएसपीले गर्नेछन्।

सिआइबीको १५औँ स्थापना दिवसमा बिहीबार नेपाल प्रहरीका आइजिपी दीपक थापाले विभागमा रहेको प्रहरी सिआइबीमा समायोजन हुने बताए। 'आर्थिक अपराधको अनुसन्धान गर्न सिआइबीमा अब छुट्टै महाशाखा गठन हुनेछ, जसको नेतृत्व एसएसपीले गर्नेछन्। जसका लागि आवश्यक जनशक्ति सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट पूर्ति हुनेछ। अब विभागमा प्रहरीको सानो मात्रै युनिट रहनेछ,' उनले भने।

विभागमा अहिले ४७ प्रहरीको दरबन्दी छ, जसको नेतृत्व एसपीले गर्दै आएका छन्। अब विभागमा सातजना प्रहरीको मात्रै दरबन्दी रहनेछ, जसको नेतृत्व जुनियर प्रहरी अधिकृतले गर्नेछन्। बाँकी ४० प्रहरीको दरबन्दी महाशाखामा रहनेछ। 'विभागमा रहेका ४० प्रहरीको दरबन्दी कटौती हुनेछ। कटौती भएको दरबन्दी महाशाखामा समायोजन हुनेछ। त्यसो हुँदा विभागमा अब सात प्रहरीको मात्रै दरबन्दी कायम रहनेछ,' थापाले भने।

सिआइबीमा दर्ता भएका मुद्दा

ठगी तथा किर्ते अपराध	३५२
वन्यजन्तुसम्बन्धी अपराध	३६४
आर्थिक अपराध	२८५
जघन्य प्रकृतिका अपराध	२०
संगठित अपराध	१३
अन्य अपराध	१७३
जम्मा	**१२०७**

आर्थिक अपराधको दर बढेपछि प्रहरीले अनुसन्धानका लागि डेडिकेटेड ब्युरो स्थापना गर्न सरकारसमक्ष माग गरेको थियो। जसका लागि प्रहरी संगठनमा नयाँ दरबन्दी नै सिर्जना गर्नुपर्ने भएपछि सरकार पछि हटेको थियो। गृह मन्त्रालयले प्रहरीमा ब्युरो धेरै भएको र त्यसबाहेकको विकल्प ल्याउन प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिएको थियो। त्यसपछि प्रधान कार्यालयले ब्युरोको सट्टा महाशाखा गठन गर्न सकिने प्रस्ताव गृहमा पेस गरेको थियो।

जनशक्तिका लागि भने विभागको दरबन्दी कटौती गर्न सकिने प्रस्तावमा भनिएको थियो। जसका निम्ति प्रधान कार्यालयले सम्पत्ति शुद्धीकरणसहित आर्थिक अपराधसँग जोडिएका गम्भीर प्रकृतिका सबै मुद्दा अहिले पनि प्रहरीले नै हेर्ने भएकाले विभागमा रहेका प्रहरीको दरबन्दी कटौती गर्न उपयुक्त हुने आधार पेस गरेको थियो। कटौती भएको सोही दरबन्दीबाट महाशाखा गठन गर्न सकिने बताएपछि गृह सहमत भएको थियो।

'नेपाल प्रहरीमा धेरै ब्युरो भए। त्यसो हुँदा आर्थिक अपराध अनुसन्धानका लागि महाशाखाको कन्सेप्ट अघि बढ्यो। जनशक्तिका लागि पनि विकल्प पेस भए। यो प्रस्ताव करिब-करिब निर्णयको चरणमा पुगेको छ। सम्पत्ति शुद्धीकरणदेखि गम्भीर प्रकृतिका आर्थिक अपराधका घटना अहिले पनि प्रहरीले नै अनुसन्धान गरिरहेको छ। विभागबाट आएका प्रहरीले महाशाखामा त्यही काम गर्ने हुन्। त्यसो हुँदा यसमा सबै सहमत छन्,' आइजिपी थापाले भने।

■ **आइजिपी दीपक थापा**, नेपाल प्रहरी



आर्थिक अपराधको अनुसन्धान गर्न सिआइबीमा अब छुट्टै महाशाखा गठन हुनेछ, जसको नेतृत्व एसएसपीले गर्नेछन्। जसका लागि आवश्यक जनशक्ति सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट पूर्ति हुनेछ। अब विभागमा प्रहरीको सानो मात्रै युनिट रहनेछ।

■ गम्भीर प्रकृतिका एक हजार २०७ मुद्दा सिआइबीमा दर्ता

१ साउन ०६७ मा सिआइबीको स्थापना भएको हो। तथ्यांकअनुसार स्थापनादेखि हालसम्म गम्भीर प्रकृतिका एक हजार २०७ मुद्दा सिआइबीमा दर्ता भएका छन्। जसमध्ये शुद्ध अर्थसँग जोडिएको अपराध २८५ वटा छ। यो कुल दर्ता संख्याको २३.६१ प्रतिशत हो। सिआइबीले ठगी तथा किर्तेसम्बन्धी कसुरलाई पनि आर्थिक अपराधकै सूचीमा राखेको छ। यस अवधिमा यस्ता प्रकृतिका मुद्दा ३५२ वटा दर्ता भएका थिए। यो कुल संख्याको २९.१६ प्रतिशत हो। दुवै तथ्यांक समायोजन गर्दा अर्थसँग जोडिएका अपराधको संख्या मात्रै ६३७ वटा हुन आउँछ। यो कुल अपराधको ५२.७७ प्रतिशत हुन आउँछ।

सिआइबी प्रवक्ता एसपी युवराज खड्काले सिआइबीमा दर्ता हुने गम्भीर प्रकृतिका अर्थसँग सम्बन्धित कसुर धेरै रहेको बताए। 'सिआइबीले गम्भीर प्रकृतिका आर्थिक अपराध हेर्छ। जस्तै, क्रिप्टो, सहकारी ठगी, बैंकिङ कसुर, किर्तेलगायत कसुर यसअन्तर्गत पर्छन्। यी सबैलाई जोड्दा संख्या धेरै देखिन्छ। त्यसैले यस्ता अपराध अनुसन्धानका लागि डेडिकेटेड निकाय आवश्यक परेको हो। यसमा नीतिगत तहमा पक्कै पनि प्रयास हुँदै होला,' उनले भने। सिआइबीको तथ्यंकअनुसार यस अवधिमा वन्यजन्तुसम्बन्धी अपराध ३६४ वटा दर्ता भए। यो कुल अपराधको ३०.१५ प्रतिशत हो। जघन्य प्रकृतिको कसुर २० र संगठित प्रकृतिका कसुर १३ वटा दर्ता भए। यो कुल अपराधको १.६५ प्रतिशत र १.०७ प्रतिशत हो। यस अवधिमा अन्य प्रकृतिका १७३ मुद्दा दर्ता भए। यो कुल कसुरको १४.३३ प्रतिशत हो।

सरकारको उपलब्धिशून्य एक वर्ष

एक वर्षका उपलब्धि एक-एक गरी केलाउने हो भने सरकारले निराशाजनक र जनविरोधी काम मात्र गरेको देखिन्छ



● प्रकाश ज्वाला

अग्रलेख

यतिवेला राजनीतिक वृत्त र सबैतिर ओली सरकारको एकवर्षे कार्यकालको मूल्यांकन चलिरहेको छ। प्रधानमन्त्री, मन्त्री र सरकारवरिपरि घुमेर केही लाभ लिएका वा लिन खोजिरहेका दलाल, बिचौलियाबाहेक हरक्षेत्रको एउटै मत छ, सरकारको यो एकवर्षे कार्यकाल उपलब्धिशून्य भयो। एक वर्षमा सकारात्मक, जनमुखी र देशलाई अग्रगमनतर्फ लैजाने कुनै काम त भएनन् नै, यस अवधिमा जनतालाई राहत होइन, आहत दिने काम मात्र भए। सरकारका क्रियाकलाप र सरकारविहीनताका कारण जनतामा चरम निराशा र आक्रोश छ। सरकारले 'पास मार्क'समेत ल्याउन सकेन। त्यसैले यो सरकार हरक्षेत्रमा असफल भएको छ।

'हात्तीहरू मिल्दा पनि बालीको नाश, लड्दा पनि बालीको नाश' भनेजस्तै संसद्का प्रमुख दुई दल मिलेर सरकारमा जाँदाको परिणाम जताततै बेथिति व्याप्त भयो। अझ यी दुई त मानव, पशु, बालीनाली सबैतिर क्षति पुऱ्याउने ठुला 'ध्रुवे हात्ती' नै परेछन्। जसको भयानक नकारात्मक परिणाम राष्ट्रले भोग्न बाध्य छ।

सैद्धान्तिक रूपमा पनि पश्चिमा मोडलको संसदीय लोकतन्त्रमा सामान्यतया दुई ठुला दलको सरकार बनाइँदैन। एउटा सत्तामा हुँदा अर्को विपक्षमा हुने अभ्यास छ। दुनियाँमा नभएको दुई ठुला दल मिलेर सरकार बनाउने अप्राकृतिक अभ्यास यहाँ गरिएको छ। मुख्य प्रतिद्वन्द्वी दुई दल एउटै गठबन्धनमा उभिएबाटै त्यहाँ कुनै स्वार्थ छ भन्ने प्रस्ट हुन्छ।

संविधान संशोधन, राजनीतिक स्थिरता, भ्रष्टाचार नियन्त्रण, सुशासन, तीव्र विकास, रोजगारी र अर्थतन्त्र पुनरुत्थानका नारासहित गठित यो सरकार यी हरेक प्रतिबद्धताबाट स्खलित भएको छ। समझदारीका विषय यतिवेलासम्म बेवारिसे बनेका छन्। 'काम कुरो एकातिर, कुम्लो बोकी कतातिर' भनेझैँ सरकारलाई आफ्नै वाचा कबुल पूरा गर्नेमा न रुचि छ, न त जनतालाई सेवा सुविधा र सुशासन दिने गम्भीरताबोध छ। सरकार 'दिन कटाउने, आयु लम्ब्याउने' ध्याउन्नमा मात्र देखिन्छ। स्थायी सरकार भनिएका कर्मचारी 'सरकारको काम, कहिले जाला घाम' भन्दै 'टाइम किल' मात्र गरिरहेका छन्। यो निष्क्रियता, उदासीनता, अकर्मण्यता र गैरजिम्मेवार प्रवृत्तिले राज्य कसरी चल्छ अनि जनताले कसरी सरकार भएको अनुभूति गर्न सक्छन् ?

कुनै सैद्धान्तिक र कार्यक्रमिक आधारविनै अनेकौँ काण्डैकाण्डमाथि यो सरकार उभिएको छ। आफैँले 'ढल्यो ढल्यो' भन्ने गीत गाउँदै प्रधानमन्त्रीले अनेकौँ जालझेल गरेर, कांग्रेस खासगरी देउवा दम्पतीलाई अनेकौँ मन्त्रणा र आश्वासन दिएर, प्रधानमन्त्री किस्तीमा दिने वचन पिलाएर सरकार नामको एउटा अजंगको संरचना अड्याएका छन्।

सरकारका एक वर्षका उपलब्धि एक-एक गरी केलाउने हो भने नराम्रा, निराशाजनक र जनविरोधी काम मात्र भएका देखिन्छन्। एक वर्ष बितिसक्दा पनि प्रधानमन्त्री र मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गरिएन। भ्रष्ट मन्त्रीहरूको मुकुण्डो उघ्रिने डरले सायद सम्पत्ति विवरण सार्वजनिक नगरिएको होला। यसरी प्रधानमन्त्री र मन्त्रीहरूले सुशासनको नांगो नमुना प्रदर्शन गरेका छन्।

सरकारका मन्त्रीहरू 'कामभन्दा बढी काण्ड'मा जोडिएका छन्। कार्यसम्पादन मूल्यांकनमा 'फेल' भएका छन्। यति धेरै मन्त्री भ्रष्टाचार, अनियमितता, घुसखोरी र विभिन्न विवादमा मुछिएर रेकर्ड बनाएको सायद यो नै पहिलो क्याबिनेट हो। कुनै मन्त्री भिजिट भिसा, मानव तस्करीजस्ता काण्डमा त कुनै मन्त्री विद्युत् ठेक्काको हाकाहाकी सेटिङ काण्डमा जोडिन्छन्। कुनै मन्त्री नियुक्तिमा त कुनै मन्त्री सरुवामा घुस डिलमा मुछिन्छन्। कुनै गाडी काण्डमा त कुनै मन्त्री सेटिङमा योजना किनबेचमा विवादमा परेका छन्। कतिपय मन्त्री असल राष्ट्रसेवकलाई घोक्रेठ्याक लगाउँदै आफ्ना नातागोता आफन्तलाई नियुक्त गरेर अनि राज्यका अन्य निकाय तथा आफूमातहतका निकायलाई दबाब दिएर 'चर्चित' भएका छन्। यसरी भ्रष्टाचार, घुस र अन्य काण्डका नाइके मन्त्रीलाई बर्खास्त गरेर कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने चर्को आवाज सदनदेखि सडकसम्म उठिरहेको छ।

भिजिट भिसा प्रकरण र मानव तस्करीमा नेपाल दुनियाँमा बदनाम भयो। यो सरकारको कार्यकालमा भ्रष्टाचारको डिग्री उकालो लागिरहेको छ। सबैतिर संस्थागत भ्रष्टाचार मौलाएको छ। जनताले घुस कमिसन नदिएसम्म कुनै काम हुँदैन। ठेक्कापट्टा, टेन्डर, योजना, फाइल आदि हरेक क्षेत्रमा कमसिनको खेल हुन्छ। कमिसनविना कामै नहुने अवस्था छ। सर्वत्र कमिसनखोरी व्याप्त छ। अति भ्रष्टाचार हुने मुलुकको श्रेणीमा सयमा ३४ अंक पाएर नेपाल १०७औँ स्थानमा उक्लिएको छ। सम्पत्ति शुद्धीकरणको दृष्टिबाट नेपाल 'ग्रे लिस्ट'मा परिसकेको छ र 'ब्ल्याक लिस्ट'तर्फ ओरालो लाग्दै छ। भ्रष्टाचारका ठुला काण्ड छिपाउने र भ्रष्टाचारीलाई उन्मुक्ति दिने काम भइरहेको छ। ०४७ पछि सत्ताका विभिन्न ओहदामा पुगेका पूर्वराजादेखि, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीलगायतको सम्पत्ति छानबिन गरेर सत्यतथ्य सार्वजनिक गर्न उच्चस्तरीय शक्तिशाली सम्पत्ति छानबिन आयोग गठन गरी स्रोत देखाउन नसक्ने भ्रष्टाचारीलाई कारबाही गर्ने आँट गर्नुपर्नेमा सरकारले चासो दिएको छैन।

०८१/८२ को बजेटले ६ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य लिएको थियो। तर, ४.६१ प्रतिशत मात्रै आर्थिक वृद्धिदर हासिल हुने देखिन्छ। चालू खर्च बढे पनि पुँजीगत खर्च घटेको छ। पुँजीगत बजेट तीन खर्ब ५२ अर्ब विनियोजित गरिएकामा ६३ प्रतिशत अर्थात् दुई खर्ब २३ अर्ब मात्र खर्च भएको छ। कुल बजेट खर्च ८७ प्रतिशत भएकोमध्ये पुँजीगत खर्च जम्मा १५.२४ प्रतिशत मात्र छ। त्यसमध्ये पनि असारमा मात्र विकास बजेट करिब ३० प्रतिशत र पछिल्लो १५ दिनमा मात्र २० प्रतिशत खर्च भएको छ। एक वर्षमा कुल बजेटको १५ प्रतिशत मात्र खर्च गरेर कसरी विकास निर्माणका काम अघि बढाउन सकिन्छ ? यसरी 'सुखी नेपाली, समृद्ध नेपाल'को सपना पूरा होला ?



यतिवेला राजस्व संकलनको अवस्था पनि लक्ष्यअनुसार हुन सकेको छैन। गत आवमा राजस्व संकलन १४ खर्ब २२ अर्ब गरिएकामा बढीमा ११ अर्ब ६० अर्ब अर्थात् करिब ८० प्रतिशत मात्र संकलन भयो। लक्ष्यभन्दा साढे एक खर्बभन्दा बढी राजस्व कम उठेकाले चालू खर्च नै धान्न नसक्दा ऋणबाट खर्च टार्नुपर्ने विडम्बना देखियो। पूँजीगत खर्च त पूरै ऋणबाटै चलाउनुपर्ने विवशता छँदै छ। अर्थतन्त्रमा यो अर्को भयावह चित्र हो। बजेटको आकार बढेको छ, खर्च बढेको छ, ऋण बढेको छ, तर पुँजी निर्माण घटेको छ। मुटु-कलेजो नचलेजस्तो खोक्रो दलाल पुँजीवादी अर्थतन्त्रले देश अग्रगमनतिर जान सक्दैन। बुढीगण्डकी जलविद्युत्, निजगढ अन्तर्राष्ट्रिय एयरपोर्टजस्ता ठुला परियोजना अघि बढ्न सकेनन्। भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल चलेनन्। नारायणगढ-बुटवल, सूर्यविनायक-धुलिखेल, नागढुंगा-नौबिसे-मुंग्लिन सडकको स्तरोन्नतिमा खासै प्रगति छैन। बाढीले क्षतिग्रस्त गरेको एक वर्ष पुग्नै लाग्दा बिपी राजमार्ग पुनर्निर्माण बल्ल सुरु भएको छ।

'मानो रोपेर मुरी उब्जाउने' सिजनमा किसानहरू धानलगायत खेतीमा व्यस्त छन्। तर, कृषिप्रधान देशमा खेतीपातीको वेला मलखादको चरम अभाव छ। किसानहरू बिचौलिया गुहारेर महँगोमा मल किन्न बाध्य छन्। खेतीका वेला जनतालाई सरकारले दिने उपहार यही हो ? उता उखु किसानलाई दिइँदै आएको अनुदान पनि सरकारले कटौती गरेको छ। प्रतिकेजी ७० रुपैयाँ दिइँदै आएकामा अनुदान खोसेर सरकारले जनतालाई 'राम्रै सेवा' गरेको छ।

> सरकारका मन्त्रीहरू 'कामभन्दा बढी काण्ड'मा जोडिएका छन्। कार्यसम्पादन मूल्यांकनमा 'फेल' भएका छन्। यति धेरै मन्त्री भ्रष्टाचार, अनियमितता, घुसखोरी र विभिन्न विवादमा मुछिएर रेकर्ड बनाएको सायद यो नै पहिलो क्याबिनेट हो।

यही सरकारको पालामा जनताले उपभोग गर्ने दैनिक उपभोग्य वस्तुको मूल्य अत्यधिक बढेको छ भने सिमेन्ट, छडलगायत निर्माण सामग्रीको मूल्य आकासिएको छ। गत वर्षको बाढीपहिरोबाट पीडित तथा दुई वर्षपहिले जाजरकोट, रुकुमपश्चिम, सल्यानलगायत जिल्लामा गएको विनाशकारी भूकम्पबाट पीडित जनता अहिलेसम्म राहत, पुनर्स्थापना र पुनर्निर्माणको अभावमा छट्पटाइरहेका छन्। तर, उनीहरूका पीडा यो सरकारले सुन्दैन। बजेट असन्तुलित र अन्यायपूर्ण छ। प्रधानमन्त्री र मन्त्रीका निर्वाचन क्षेत्रमा बजेट खन्याएर दुर्गम क्षेत्रलाई उपेक्षित गरिएको छ। बिचौलियाको सेटिङमा योजना किनबेच गरेर बजेटमा ब्रह्मलुट र एकलौटी गरिएको छ। कर्णाली समृद्धिजस्ता जनमुखी कार्यक्रम खारेज गरिएको छ। सरकारले संसद् बोलाउनुपर्ने वेला संसद् छलेर चोर ढोकाबाट जनविरोधी अध्यादेश थोपऱ्यो। संसद् छलेर अध्यादेशबाट शासन गर्ने हर्कतसमेत सरकारले गऱ्यो।

अत्यावश्यक कानुन निर्माणमा ढिलाइ, निश्चित वर्गको हितका लागि कानुन निर्माणमा चलखेल सरकारको अर्को गैरजिम्मेवार प्रवृत्ति देखिएको छ। सरकारले स्वयं १५ असारभित्र पारित गर्ने भनेर आन्दोलनरत शिक्षकसँग सम्झौता गरेको भए पनि विभिन्न स्वार्थ समूहको दबाबमा सामुदायिक विद्यालय शिक्षा ऐन अघि बढाउन मन्त्रालयले नै अवरोध गरिरहेको छ। फाइनल भइसकेको विधेयकलाई यतिवेला समितिमा बन्धक बनाइएको छ। अर्कातिर संघीय निजामती विधेयकमा 'कुलिङ अफ पिरियड' राख्ने विषयमा पनि चलखेल गरिएको छ।

सरकारमा अत्यधिक सर्वसत्तावादी प्रवृत्ति हाबी छ। एकातिर संसद्मा सरकारको नियन्त्रण छ, अर्कातिर संसद्बाट भाग्ने र संसद्लाई 'बिजिनेस' नदिने रबैया देखिन्छ। कतिपय वेलामा कार्यकारीको छायाले संसद्को भूमिकालाई कमजोर बनाएको छ। सरकारको ठाडो नियन्त्रणका कारण संवैधानिक निकायले स्वतन्त्र तरिकाले काम गर्न सकेका छैनन्। विश्वविद्यालयजस्ता संस्थामा समेत सरकारको अस्वाभाविक नियन्त्रण छ। न्यायालयमा राजनीतिक हस्तक्षेप प्रवेश गरेको छ, जसको परिणाम अदालतबाट अफताब आलमहरूलाई उन्मुक्ति दिनेजस्ता विवादास्पद फैसला आएका छन्।

सहकारी ठगीका नाममा सरकार एकातिर राजनीति गरिरहेको छ भने अर्कातिर ठुल्ठुला सहकारी ठगहरू सत्ताको आडमा खुलेआम हिँडिरहेका छन्। सहकारीपीडित र मिटरब्याजपीडितले न्याय पाएका छैनन्। भूमिहीन सुकुम्बासीलाई जग्गाधनी पुर्जा दिनेतर्फ सरकारको ध्यान छैन। बरु अव्यवस्थित बसोवासीका नाममा भूमाफियाले जग्गा कब्जा गर्ने गरी कानुन संशोधन गरिँदै छ। अर्कातिर बेरोजगारी समस्या झन्झन् बढ्दा विदेश पलायन हुनेको संख्या पनि बढिरहेको छ।

यतिवेला कमिसनको चक्करमा प्रहरी र सशस्त्र प्रहरीका हतियार खरिदमा सरकारको अर्जुनदृष्टि छ। जबकि हामीलाई हतियार होइन, विपत् उद्धार सामग्री आवश्यक छन्। यसरी सरकार हरेक क्षेत्रमा उल्टो बाटो हिँडिरहेको छ। विकास निर्माणका काम अस्तव्यस्त छन्। राष्ट्रिय गौरवका आयोजना अलपत्र छन्। पचास प्रतिशतभन्दा बढी कुनै पनि आयोजनामा प्रगति छैन। कतिपय आयोजनाको प्रगति दश प्रतिशत पनि छैन। यो गठबन्धन बनाउँदा गरिएको सातबुँदे सहमतिको सिरानमा संविधान संशोधन गर्ने र कानुन निर्माण गरी राजनीतिक स्थायित्व कायम गर्ने विषय राखिएको छ। तर, एक वर्ष नाघिसक्दा पनि संविधान संशोधनको मुद्दालाई बेवारिसे बनाइएको छ। सरकारकै अक्षमता र गैरजिम्मेवार रबैयाका कारण यतिवेला दरबारिया प्रतिगामी तथा अराजकतावादी तत्त्वले टाउको उठाउन थालेका छन्। उनीहरू जनताको बलिदान र क्रान्तिबाट प्राप्त गणतन्त्रविरुद्ध चलखेल गरिरहेका छन्।


वास्तवमा सरकार यतिवेला जनताको भावनाअनुसार होइन, बिचौलिया, माफिया, दलाल पुँजीवादी शक्तिहरूको स्वार्थ र इसारामा चलिरहेको छ। सत्ताका हरेक क्षेत्रमा उनीहरूको हालीमुहाली छ। यतिखेर यो सरकार बिचौलिया, माफिया र दलालहरूको कठपुतलीका रूपमा काम गर्दै फासिस्टीकरणको दिशातर्फ बढिरहेको छ।

jwala.mail@gmail.com

---

३ प्रश्न

प्राडा
शशी अधिकारीलाई



०७२ अघि विवाह गरेकी छोरीले अंश नपाउने सर्वोच्चको फैसला कस्तो छ ?

यो फैसला समग्रमा ठिक छ। मुलुकी ऐनको ११औँ संशोधनले पनि छोरीलाई अंशको अधिकार दिएको थियो। तर, त्यसले बिहेपछि त्यो अंश फिर्ता गर्नुपर्ने व्यवस्था गरेको थियो। ०७२ को संविधानले सम्पत्तिमा महिलाको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गऱ्यो। त्यसपछि भएका कानुन संशोधनमा बिहेपछि अंश फिर्ता गर्नु नपर्ने व्यवस्था गरियो। त्यसैले, सर्वोच्च अदालतको पछिल्लो फैसला विभेदकारी छैन। १ भदौ, ०७५ देखि लागु भएको मुलुकी देवानी संहिताले विवाह गरेर गए पनि छोरीको अंश पूर्ण सुनिश्चित गरेको छ। यसले बिहे गरेको दिनलाई मानो छुट्टिएको दिन मानेर त्यसअघिको सम्पत्तिमा मात्र छोरीको हक लाग्ने व्यवस्था गरेको छ।

यसले हाम्रो समाजमा के-कस्ता प्रभाव पार्न सक्छ ?

यसले दूरदराजका छोरीचेलीलाई आर्थिक रूपमा सबल बनाउने देखिन्छ। कानुनमा प्रस्ट व्यवस्था नभई दाजुभाइसित अंश माग गर्न मिल्ने अवस्था हुन्नथ्यो। तर, अब दाजुभाइसँगै दिदीबहिनी पनि पैतृक सम्पत्तिका हकदार बनेका छन्। यस्तो व्यवस्थासँगै अब पतिसँग सम्बन्धविच्छेद हुँदा महिलालाई पतिको सम्पत्ति दिनु नपर्ने कानुनी व्यवस्था गरे पनि फरक पर्दैन।

यो फैसलाले अंशबन्डाको हकमा महिलालाई कति सबल बनाउला ?

यसले महिला सशक्तीकरणमा महत्त्वपूर्ण प्रभाव पार्छ। मानिसको जीवनमा दुइटा कुराले निकै ठुलो महत्त्व राख्ने रहेछन्। पहिलो हो शिक्षा र दोस्रो आर्थिक अर्थात् सम्पत्तिमाथिको अधिकार। छोरीको अंशमाथिको हक स्थापित भएपछि उसले कम्तीमा मेरो अंश बेचेर पनि मलाई पढाइदेऊ भन्न सक्छे। यसबाट छोरीलाई शिक्षित बनाउन मद्दत पुग्छ। छोरीलाई अंश दिने व्यवस्थाले गर्दा मधेशमा विद्यमान दाइजो प्रथा पनि निरुत्साहित हुन सक्छ। छोरीलाई अंशसँगै बाबुआमाको हेरचाहका लागि दाजुभाइसरहको दायित्व पनि कानुनले दिएको छ।

प्रेरक प्रसंग

जमिनको घमण्ड किन ?

आल्सिबाइडिस एक सम्पन्न जमिनदार थिए। उनी प्रशस्त जमिनका मालिक थिए। घरमा नोकरचाकर प्रशस्त थिए। उनलाई आफ्नो सम्पत्ति र जमिनदारीमा बडो गर्व थियो। उनी जहाँ पुगे पनि आफ्नो सम्पत्तिको बढाइचढाइ गरिहाल्थे। उनका अगाडि उभिने जोकोहीले पनि उनको सम्पत्तिको बकबक नसुनी धरै पाउँदैनथे।

एक दिन उनी महात्मा सुकरातकोमा गए। सुकरातसित भेट भएपछि सामान्य भलाकुसारीपछि उनी आफ्नो ऐश्वर्यको वर्णन गर्न थाले। उनको धनमहिमा नसकिउन्जेल सुकरातले चुपचाप उनका कुरा सुनिरहे। केही क्षणपछि उनको त्यो बकबक बन्द भयो। उनले आफूलाई निकै ठुलो जमिनदारका रूपमा चिनाउन खोजेको सुकरातले बुझिहाले। त्यसपछि सुकरातले पृथ्वीको एउटा नक्सा मगाए। त्यो नक्सा फैलाएर जमिनदारसँग सोधे, 'महाशय, यसमा हाम्रो प्यारो देश ग्रिस कहाँ छ ?' 'यो रह्यो ग्रिस,' जमिनदारले नक्सामा एक स्थानमा औँला राख्दै गर्वसाथ भने।

'अनि यो ग्रिसभित्र हाम्रो ऐटिका प्रान्त कहाँ छ ? के तपाईं बताउन सक्नुहुन्छ ?' सुकरातले जमिनदारलाई सोधे। जमिनदारले आफ्नो सानो प्रान्तलाई बडो कठिनाइले खोजे र सुकरातलाई देखाए। सुकरातले फेरि उनीसँग सोधे, 'यस ऐटिकाको सिमानाभित्र तपाईंको जमिनदारी कहाँदेखि कहाँसम्म पर्छ ?'

'हजुर पनि कस्तो कुरा सोध्नुहुन्छ महात्मा ? एउटा विश्वको नक्सामा यति सानो जमिनदारी कसरी देख्न सकिन्छ ?' जमिनदारले छक्क पर्दै प्रश्न गरे। उनको प्रश्न सुनेर सुकरातले गम्भीर हुँदै भने, 'जुन जमिनका लागि यति ठुलो नक्सामा एउटा बिन्दु पनि राख्ने स्थान छैन, त्यति थोरै जमिनमाथि तपाईं किन यति धेरै गर्व गर्नुहुन्छ ? यस सम्पूर्ण ब्रह्माण्डमा तपाईंको भूमि र तपाईं कहाँ हुनुहुन्छ, कति ठुला हुनुहुन्छ ? एकछिन सोच्नुहोस् त, यति थोरै जमिनमा के गर्व गर्नु ?' सुकरातका कुरा सुनिसकेपछि जमिनदारका आँखा खुले। उनले आफ्नो गल्ती महसुस गरे। उनले सुकरातसित माफी मागे र त्यस दिनदेखि आफ्नो जमिनको बढाइचढाइ गर्न छाडिदिए।

टिप्पणी
nayapatrikaofficial
@naya_patrika

जता हेऱ्यो उतै भ्रष्टाचार !

यतिखेर कुनै पत्रपत्रिका पल्टाउँदा या कुनै अनलाइन न्युज पोर्टलभित्र प्रवेश गर्दादेखि पहिलो समाचार भनेकै मन्त्रीहरू भ्रष्टाचार काण्डमा संलग्न भएको समाचार नपढी सुखै छैन। जब मन्त्रीहरू नै यसरी खुलेआम घुसकाण्डमा संलग्न देखिन्छन् भने मातहतका कर्मचारी भ्रष्टाचारमा लिप्त हुनु के नौलो भयो र ? तर, यसरी मन्त्रीहरू नै घुसकाण्डमा मुछिएका अडियो सार्वजनिक हुँदा पनि उनीहरूमाथि खासै कारबाहीको चासो नदेखाइनु भनेको राजनीतिमा निर्लज्जता हाबी भएको प्रमाण हो। जब घुस काण्डसित जोडिएका मन्त्रीमाथि कारबाही हुँदैन, तबसम्म यो देशमा जता हेऱ्यो उतै भ्रष्टाचारै भ्रष्टाचार मात्र देखिनेछ।

● **सुमन स्याङ्तान**, कपुरधारा, काठमाडौं

सरकारलाई ठिक्क पऱ्यो

जनता समाजवादी पार्टी (जसपा) ले वर्तमान ओली सरकारलाई दिइराखेको समर्थन फिर्ता लिएको छ। सुन्दा सानो जस्तो लागे पनि यो जसपाको गम्भीर निर्णय हो। अब आगामी दिनमा दुईतिहाइको दम्भ पालेर छाडा साँढेजस्तो भएको ओली सरकार सामान्य विधेयक पारित गराउनै पनि प्रतिपक्षी दलसित सहमतिमा नआई सुखै छैन। त्यसैले, दुईतिहाइको आडमा दादागिरी देखाइरहेको ओली सरकार अब भने बल्ल 'साइज'मा आएको छ। उसलाई ठिक्क पऱ्यो !

● **वर्षा डंगोल**
रातोपुल, काठमाडौं

भ्रष्टाचारीलाई बढार्ने कसले ?

यतिखेर भ्रष्टाचार र भ्रष्टाचारीको चर्चासिवाय केही देख्न, सुन्न र पढ्न पाइँदैन। सामान्य कर्मचारीदेखि मन्त्रीसम्म भ्रष्टाचारका काण्डमा जोडिरहेका छन्। मालपोत, नापी, भौतिक पूर्वाधार, सडक विभाग, मन्त्रालयलगायत जता आँखा दौडायो, त्यतै भ्रष्टाचार र भ्रष्टाचारी मात्र देखिन्छन्। जुन रफ्तारमा भ्रष्टाचारी बढिरहेका छन्, त्यो रफ्तारमा उनीहरूमाथि अभियोजन भने अघि बढेको देखिन्न। जबसम्म भ्रष्टाचारविरुद्ध इमानदार छानबिन गरी तिनलाई कठोर सजाय दिइन्न, तबसम्म यो देशबाट भ्रष्टाचार अन्त्य हुँदैन।

● **सुकन्या पाठक**
रानीबारी, काठमाडौं

मन्त्री बन्ने योग्यतामाथि प्रश्न

२०-२५ वर्षअगाडि तत्कालीन साप्ताहिक पत्रिकाहरू विमर्श, दृष्टि, बुधबार, देशान्तर आदि निकै चर्चित थिए। तिनमा विभिन्न स्तम्भकारका लेख पढ्न पाइन्थ्यो। तीमध्ये एक थिए रघुजी पन्त। पन्तका खरो लेख पढ्दा दंग परिन्थ्यो। पन्तको त्यो खरो लेख्ने र खरो बोल्ने बानी अहिले पनि परिवर्तन भएको छैन। तथापि, हिजो माधव नेपालको पक्षबाट ओलीलाई तथानाम गाली गरेजस्तो वा गायिका कोमल ओलीको प्रसंग झिकेर ओलीलाई यस्ता मान्छे चाहिने भनेजस्तो वा संसद्मा बसेर उर्लेको जस्तो पक्कै पनि शिक्षामन्त्री बनेपछि नहोला।

तर, यहाँ पन्तको मात्र प्रसंग उठाउन खोजेको कुरा होइन, उनीलगायत मन्त्रीहरूको शैक्षिक योग्यता र उठेका प्रश्नमाथि छोटो विमर्श गर्न खोजिएको हो। यद्यपि नेपालमा मन्त्री बन्न र राजनीति गर्न कुनै शैक्षिक योग्यता चाहिँदैन। बरु भुटानमा सांसद बन्न पनि कम्तीमा स्नातक उत्तीर्ण हुनैपर्छ। पन्तको लेख-रचना पढ्दा उनी निकै माथिल्लो स्तरकै शैक्षिक योग्यता हासिल गरेको पत्रकारझैँ लाग्ने गरेको भए पनि अहिले मन्त्री बनेपछि उनको शैक्षिक योग्यताको विवाद आउँदा भने खल्लो लाग्यो। राजनीति गर्न र मन्त्री बन्न पन्तको योग्यता पुगे पनि पत्रकारिताबाट अरूलाई अर्ती उपदेश दिन उनको शैक्षिक योग्यता अलि नपुगे जस्तो लाग्यो। किनकि, नेपाल सरकारको वेबसाइट हेर्दा शिक्षामन्त्री पन्तको शैक्षिक योग्यताको ठाउँमा केही लेखिएकै छैन। बरु उनीभन्दा अघिकी शिक्षामन्त्री विद्या भट्टराईको भने 'सोसियोलोजीमा मास्टर र एन्थ्रोपोलोजीमा एमफिल गरेको लेखिएको छ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भारत-पाकिस्तान जल-विवादमा चीनको प्रवेश

सिन्धु जलसन्धिमा चीनको हस्तक्षेपले सम्पूर्ण दक्षिण एसियामा क्षेत्रीय तनावलाई थप भड्काउने जोखिम बढाउँछ



देश/विदेश

● पिन्टुकुमार महला

भारत र पाकिस्तानबिचको महत्त्वपूर्ण सिन्धु जलसन्धिको भविष्य अन्योलमा रहँदा चीन यसमा चासोपूर्वक संलग्न भइरहेको छ। ६५ वर्ष पुरानो यो सन्धिले दुई प्रतिस्पर्धी राष्ट्रलाई सिन्धु नदी प्रणालीको पानी बाँडफाँटको व्यवस्था गरेको छ, जसलाई हालसम्म साझा स्रोतमा सहकार्यको सफल नमुना मानिँदै आए पनि जलवायु परिवर्तन र कस्मिरमा जारी द्वन्द्वले सन्धिको दिगोपनामा प्रश्न पनि उठ्दै आएको छ।

सन्धिमा पछिल्लो गतिरोध २२ अप्रिल २०२५ मा जम्मु-कस्मिरमा भएको आतंककारी आक्रमणपछि आयो, जसको दोष पाकिस्तानलाई लगाउँदै भारतले अस्थायी रूपमा स्थगन गर्ने घोषणा गऱ्यो। यद्यपि, स्थायी मध्यस्थता अदालतले २७ जुन २०२५ मा पाकिस्तानको पक्षमा निर्णय दिँदै सन्धि एकपक्षीय रूपमा स्थगन गर्न नपाइने बतायो। यसबिच, पाकिस्तानले चीनसँग कूटनीतिक र सैन्य सहकार्य बढाएको छ। झडपको समयमा पाकिस्तानले चीनको हतियार प्रयोग गऱ्यो, र सन्धि स्थगनको जवाफस्वरूप दुवै देशले पाकिस्तानमा ठुलो बाँध निर्माण तीव्र बनाए। चीनको संलग्नता यस क्षेत्रको पानी राजनीतिमा थप तनाव उत्पन्न गराउने संकेत हो। आखिर चीन किन संलग्न हुँदै छ ? यसको एक कारण चीन-पाकिस्तानबिच पछिल्ला ६ दशकदेखि विकसित हुँदै आएको बलियो सम्बन्ध हो। तर, चीनको संलग्नता गम्भीर चिन्ताको विषय हो। चीन निष्पक्ष मध्यस्थ होइन। बरु उसले लामो समयदेखि दक्षिण एसियामा विशेषतः भारतजस्तो प्रतिद्वन्द्वीलाई सन्तुलनमा राख्ने उद्देश्यले प्रभाव बढाउन खोजिरहेको छ। भारत र चीनबिचको सम्बन्ध पहिलेदेखि नै तनावपूर्ण रहँदै आएको छ। सन् १९६२ मा दुवै मुलुकबिच युद्ध भएको थियो। अहिले पनि सीमाक्षेत्रमा वेलावेलामा झडप भइरहन्छ। यस सन्दर्भमा चिनियाँ भूमिमा उद्गमस्थल रहेका भारततर्फ बग्ने नदीमा हस्तक्षेप गर्न सक्ने भय बढिरहेको छ। संक्षेपमा भन्नुपर्दा सिन्धु जलसन्धिमा चीनको हस्तक्षेपले सम्पूर्ण दक्षिण एसियामा क्षेत्रीय तनाव भड्काउन सक्छ।

सिन्धु जलसन्धि पाकिस्तान र भारतबिचका तीन सशस्त्र युद्धपछिसमेत कायम रहँदै आएको छ र यो दुई प्रतिस्पर्धी छिमेकीबिच सफल द्विपक्षीय सम्झौताको उदाहरण मानिँदै आएको छ।

सन् १९६० मा हस्ताक्षर भएको सन्धिअनुसार भारतले रावी, ब्यास र सतलज (तीन पूर्वी नदी) को वार्षिक औसत ४० अर्ब ४० करोड क्युबिक मिटर पानी प्रयोग गर्न पाउँछ, जबकि पाकिस्तानले सिन्धु, झेलम र चेनाब (तीन पश्चिमी नदी) को करिब एक खर्ब ६७ अर्ब २० करोड क्युबिक मिटर पानी प्रयोग गर्ने अधिकार पाएको छ।

भारतमा सन्धिको यो बाँडफाँडलाई लामो समयदेखि अन्यायपूर्ण ठानिँदै आएको छ। सुरुमा भारतले सिन्धु प्रणालीको २५ प्रतिशत पानी मागको थियो। पाकिस्तान भने सन्धिले १९४७ को विभाजनसँग सम्बन्धित भूमि विवादलाई औपचारिक बनाइदिएको महसुस गर्छ, विशेषतः जम्मु-कस्मिरसँग जोडिएको नदी बाँडफाँडले। भारतशासित जम्मु-कस्मिरबाट बग्ने सिन्धु, झेलम र चेनाब पाकिस्तानशासित क्षेत्रमा प्रवेश गर्छन् र नियन्त्रण रेखा (एलओसी) वरपरको अस्थिरताले पाकिस्तानको पानी सुरक्षामा थप चिन्ता बढाइरहेको छ।

पाकिस्तानको करिब ६५ प्रतिशत जनसंख्या सिन्धु तटक्षेत्रमा बसोवास गर्छन्, जबकि भारतको मात्र १४ प्रतिशत। त्यसैले भारतले पानी आपूर्ति रोक्ने धम्की दिँदा पाकिस्तानले त्यसलाई युद्धको संकेत मानेको छ। पाकिस्तानको झन्डै २० प्रतिशत विद्युत् आपूर्ति जलविद्युत्मा आधारित छ र सिन्धु क्षेत्रमा २१ जलविद्युत् आयोजना सञ्चालनमा छन्।


तस्बिर : नितिन कनोत्रा/हिन्दुस्तान टाइम्स

कृषिमा निर्भर अर्थतन्त्र भएकाले पाकिस्तानका लागि पानीको सुनिश्चितता अति संवेदनशील विषय हो। यही कारणले पाकिस्तानले चीनसँग सहकार्य गर्दै जलस्रोत सुरक्षामा जोड दिँदै आएको छ। चीनले दियामेर भासा बाँध र कोहाला जलविद्युत् आयोजनालगायत थुप्रै परियोजनामा प्राविधिक र वित्तीय सहयोग गर्दै आएको छ, जसले पाकिस्तानको ऊर्जा सुरक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ र सीमापार पानी सम्बन्ध पनि बलियो बनाएको छ। भारतसँगको प्रतिस्पर्धा र पाकिस्तानसँगको सहकार्यकै सन्दर्भमा चीन अहिले सिन्धु जलसन्धिमा सक्रिय सरोकारवाला बनेको छ। चिनियाँ सञ्चार माध्यमले भारतलाई आक्रामक शक्तिका रूपमा चित्रण गर्दै 'पानीलाई हतियार' बनाउने खतराबारे चेतावनी दिँदै आएका छन्। यससँगै सिन्धु नदीको उद्गम चीनको पश्चिमी तिब्बतमा पर्ने तथ्यलाई जोड दिइएको छ, जुन चीनको दक्षिण एसियामा प्रभाव विस्तारको रणनीतिअनुरूप देखिन्छ। अप्रिलको आतंककारी आक्रमणपछि चिनियाँ विदेशमन्त्री वाङ यीले पाकिस्तानलाई 'फलामे मित्र' भन्दै समर्थन दोहोऱ्याए र सम्बन्धलाई 'सर्वकालीन रणनीतिक साझेदारी' भनेर परिभाषित गरे।

पाकिस्तानको जलविद्युत् क्षेत्रमा चीनको लगानीले दुवै देशलाई ऊर्जा सुरक्षासँगै आर्थिक फाइदा दिएको छ। चीन-पाकिस्तान आर्थिक करिडोरअन्तर्गतको सिन्धु क्यास्केड परियोजनाले करिब २२ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। तर, परियोजना पाकिस्तान-नियन्त्रित कस्मिरको विवादित क्षेत्र गिलगिट-बाल्टिस्तानमा सुरु भएकाले यसले विषयलाई अत्यन्त संवेदनशील बनाएको छ।

चीनको समर्थन आर्थिक र भूराजनीतिक स्वार्थसँग जोडिएको र विशेषतः चीन-पाकिस्तान आर्थिक करिडोरलाई वैधता दिने प्रयासका रूपमा झल्किन्छ। तर, यसले क्षेत्रीय तनाव बढाउने खतरा भने बोकेको छ। जलविद्युत् परियोजनामा देखिएको चीन-पाकिस्तान समन्वयले दक्षिण एसियामा पानी बाँडफाँडको स्थायित्वमा चुनौती दिन सक्छ। तसर्थ, तनाव न्यूनीकरण गर्न र सिन्धु जलसन्धिलाई पुनः सहकार्यमा फर्काउन भारत, चीन र पाकिस्तानबिच संवाद र कूटनीति अपरिहार्य छ र यसले मात्र दक्षिण एसियामा पानीसँग जोडिएका चुनौतीको समाधान सम्भव हुनेछ।

(महला एरिजोना विश्वविद्यालयको वाटर रिसोर्स रिसर्च इन्स्टिट्युटका सह-अनुसन्धानकर्ता हुन्)

द कन्भर्सेसनबाट

भारतले सोचेजस्तो चीन–पाकिस्तान गठबन्धनमा छैन बंगलादेश

नयाँदिल्लीको चिन्ताविपरीत ढाका कतै गएको छैन, दक्षिण एसियाको बदलिँदो गठबन्धनबिच सावधानीपूर्वक अगाडि बढिरहेको छ



● अबु जाकिर

जाकिर ढाकामा रहेर पत्रकारिता तथा विश्लेषण गर्छन् ।

जुलाई ८ मा भारतीय रक्षा प्रमुख अनिल चौहानले नयाँदिल्लीस्थित अब्जर्भर रिसर्च फाउन्डेसनमा एक स्पष्ट सन्देश दिए, जसले चीन, पाकिस्तान र बंगलादेशबिचको रणनीतिक हितको बढ्दो पंक्तिबद्धताबारे गहिरो चिन्ता व्यक्त गऱ्यो । यदि यस्तो त्रिपक्षीय बैठकले गति लियो भने यसले भारतको सुरक्षामा गम्भीर प्रभाव पार्न सक्ने र शक्तिको क्षेत्रीय सन्तुलनलाई बाधा पुऱ्याउने जनरलको चेतावनी थियो ।

क्षेत्रीय आर्थिक मञ्चको छेउमा आयोजित त्रिपक्षीय वार्ताका क्रममा चीनको कुनमिङबाट प्रसारित भएको एउटा तस्बिरमा उनको टिप्पणी आएको हो । बैठकलाई आधिकारिक रूपमा कूटनीतिक संलग्नताको रूपमा प्रचार गरिएको भए पनि यो तस्बिरले भारतको रणनीतिक समुदायमा एक प्रकारको तरंग नै ल्याएको छ ।

बैठकका विषयको संवेदनशीलताबारे स्पष्ट रूपमा सचेत बंगलादेश भने विवरणलाई नियन्त्रण गर्न तीव्र गतिमा अघि बढेको छ । ढाकाको अन्तरिम सरकारका विदेश मामिला सल्लाहकार तौहिद हुसेनले ब्लकमा आधारित वा विरोधी गठबन्धनमा सामेल हुने कुनै पनि मनसायलाई सार्वजनिक रूपमा अस्वीकार गरे । आफ्नो विदेश नीति दृढतापूर्वक असंलग्न र सार्वभौम स्वायत्ततामा आधारित भएको ढाकाले दोहोऱ्यायो ।

यी आश्वासनका बाबजुद नयाँदिल्लीको रणनीतिक गणना भने परिवर्तन हुँदै गएको देखिन्छ । मुहम्द युनुसको अन्तरिम नेतृत्वको बंगलादेशले पूर्वप्रधानमन्त्री सेख हसिनाको नेतृत्वमा देखिएको प्रस्ट निकटताबाट टाढा सर्दै आफ्नो विदेश नीतिलाई पुनर्संरचना गर्न थालेको नयाँदिल्लीमा बढ्दो धारणा छ । हसिनाको नेतृत्वमा भारत र बंगलादेशले गहिरो सुरक्षा सहयोग, सीमापार कनेक्टिभिटी परियोजना र साझा क्षेत्रीय उद्देश्यद्वारा असामान्य रूपमा न्यानो सम्बन्धको लाभ उठाए । उनको शासनकालमा ढाकाले भारतविरोधी विद्रोहीविरुद्ध कडा कारबाही गऱ्यो, भारतलाई बंगलादेशी भूभाग हुँदै ट्रान्जिट मार्गमा पहुँच दियो र सामान्यतया नयाँदिल्लीको रणनीतिक प्राथमिकतासँग आफूलाई पंक्तिबद्ध गऱ्यो ।

वास्तविक होस् वा अनुमानित, यो परिवर्तनले भारतले क्षेत्रीय परिदृश्यलाई कसरी हेर्छ भन्ने कुरालाई प्रभाव पारिरहेको छ । चौहानले एउटा चिन्ताजनक ढाँचामा पनि ध्यान आकर्षित गरे- बाह्य शक्तिहरू (मुख्यतया चीन) ले आफ्नो प्रभावलाई गहिरो बनाउन हिन्द महासागर क्षेत्रमा आर्थिक कमजोरीको मनग्य फाइदा उठाइरहेका छन् । श्रीलंका र पाकिस्तानजस्ता देशहरू चिनियाँ लगानी र सहायताप्रति बढ्दो रूपमा आसक्त हुँदै जाँदा बेइजिङले सफ्ट पावरमार्फत भारतलाई व्यवस्थित रूपमा घेराबन्दी गरेको छ भन्ने चिन्ता बढ्दै गएको छ ।

बंगलादेशको मामला भने केही हदसम्म अनौठो छ । ढाकाको अर्थतन्त्र दबाबमा भए पनि अपेक्षाकृत लचिलो छ र ढाकाले वैचारिक पंक्तिबद्धताभन्दा व्यावहारिक र स्वार्थमा आधारित कूटनीतिलाई जोड दिइरहेको छ । कुनमिङ बैठक प्रतीकात्मक रूपमा आरोपित भए पनि यसले औपचारिक रणनीतिक पुनर्संरचनाको प्रतिनिधित्व गर्दैन । तैपनि, त्रिपक्षीय ढाँचाको गठनले महत्त्वपूर्ण घटनाक्रमलाई संकेत गर्छ । अघिल्ला द्विपक्षीय संलग्नताभन्दा फरक यो ढाँचाले समन्वयको नयाँ आयाम प्रस्तुत गर्छ ।

इतिहासका प्रतिध्वनिहरूलाई बेवास्ता गर्न गाह्रो छ । सन् १९६० को दशकमा चीन र पाकिस्तानले पूर्वी पाकिस्तान (जुन अहिले बंगलादेश हो) लाई मौन रूपमा घेराबन्दी गरेर कडा रणनीतिक अक्ष कायम राखेका थिए । त्यो संरचना सन् १९७१ मा बंगलादेशको स्वतन्त्रतासँगै उजागर भयो । अहिलेको जटिल भूराजनीतिक रंगमञ्चमा सूक्ष्म संकेतहरूले ती रणनीतिक त्रिकोणका तत्त्वहरू अहिले पुनरुत्थान हुन सक्ने संकेत गर्दछ ।

बेइजिङका लागि पाकिस्तान र बंगलादेश दुवैसँगको सम्बन्धलाई गहिरो बनाउनुले दक्षिण एसिया र हिन्द महासागर क्षेत्रमा प्रभाव सुदृढ गर्ने यसको व्यापक उद्देश्य पूरा गर्छ । इस्लामाबादका लागि यसले कूटनीतिक र रणनीतिक लाभको एक तह प्रदान गर्छ । ढाकाका लागि



> युनुस नेतृत्वको अन्तरिम सरकारले पूर्वप्रधानमन्त्री सेख हसिनाको नेतृत्वमा देखिएको प्रस्ट निकटताबाट टाढिँदै आफ्नो विदेश नीतिलाई पुनर्संरचना गर्न थालेको नयाँदिल्लीमा धारणा छ । हसिनाको नेतृत्वमा भारत र बंगलादेशले गहिरो सुरक्षा सहयोग, सीमापार कनेक्टिभिटी परियोजना र साझा क्षेत्रीय उद्देश्यद्वारा असामान्य रूपमा न्यानो सम्बन्धको लाभ उठाए ।

भने सम्बन्ध बढी रणनीतिक छ- नयाँदिल्लीसँगको एक समयको स्थिर सम्बन्धमा अनिश्चितता बढिरहेका वेला क्षेत्रीय अस्थिरता नियन्त्रण गर्ने प्रयास ।

बंगलादेशको सावधानी 'पोजिसन'लाई अस्थिर घरेलु राजनीतिले आकार पनि दिएको छ । जुलाईको विरोध र अन्तरिम सरकार गठनपछि आन्तरिक एकता भत्किएको छ । ध्रुवीकरण पुनः बढ्दै गएको छ र सन् २०२६ को सुरुमा राष्ट्रिय निर्वाचन नजिकिँदै जाँदा सरकारको प्राथमिकता रणनीतिभन्दा पनि स्थिरतातर्फ केन्द्रित छ । यस वातावरणमा विदेश नीति प्रतिक्रियाशील छ, परिवर्तनकारी होइन ।

ढाकाले कुनै पनि दिशामा धेरै झुकाव राख्ने जोखिमलाई सजिलै बुझ्छ । पाकिस्तानसँगको ऐतिहासिक असन्तुष्टि राजनीतिक रूपमा संवेदनशील हुन्छ भने चीनमा अत्यधिक निर्भरताले पश्चिमा, विशेषगरी संयुक्त राज्य अमेरिकासँगको महत्त्वपूर्ण व्यापार र कूटनीतिक सम्बन्धमा तनाव ल्याउनेछ ।

यस सन्दर्भमा कुनै पनि स्पष्ट रणनीतिक पंक्तिबद्धताले अनावश्यक छानबिन र प्रतिक्रियाको जोखिम निम्त्याउन सक्छ । यसको प्रतीकात्मकताको बाबजुद कुनमिङ बैठक विशेषतः आर्थिक पक्षमा केन्द्रित थियो- पूर्वाधार र सांस्कृतिक सहयोगसहित व्यापार, कनेक्टिभिटीजस्ता विषय । तथापि, जब चीन र पाकिस्तानले संयुक्त कार्य समूहमार्फत त्रिपक्षीय सहयोगलाई संस्थागत गर्ने प्रस्ताव राखे बंगलादेशले त्यसलाई आनाकानी गऱ्यो । यो अनिर्णय थिएन । यो योजनाबद्ध र अनुमान गरिएको अस्वीकार थियो ।

ढाकाको विदेश नीतिलाई लामो समयदेखि एक प्रकारको 'अलमलता'द्वारा परिभाषित गरिएको छ । ढाकले ब्लक राजनीतिको पासोबाट बच्दै सबै प्रमुख शक्तिसँग खुला च्यानल कायम राख्छ । यो असंलग्न पोजिसन ढाकाको कूटनीतिलाई निर्देशित गर्ने मुख्य सिद्धान्त हो । बंगलादेशले वार्ता र आर्थिक सहयोगलाई स्वागत गर्दछ, तर यसले सैन्य वा रणनीतिक पंक्तिबद्धतामा दृढ रेखा कोर्छ ।

भारतका लागि बंगलादेशका चालको व्याख्या गर्न सूक्ष्मता चाहिन्छ । ढाकाले आफ्नो अन्तर्राष्ट्रिय साझेदारीलाई निरन्तर विस्तार गरिराख्दा यसले भारतको सुरक्षा गणनामा (विशेषगरी उत्तरपूर्वी क्षेत्रमा) आफ्नो महत्त्वपूर्ण भूमिका त्यागेको छैन । नयाँदिल्लीका लागि चुनौती भनेको केवल उदीयमान साझेदारीको निगरानी गर्नु मात्र होइन, बरु आफ्नै मूल्यलाई सुदृढ पार्नु हो ।

सन् २००० र २०१० को दशकभर हसिनाको अबामी लिगको नेतृत्वमा नयाँदिल्ली र ढाकाबिचको सुरक्षा सहयोग सीमा क्षेत्रलाई स्थिर बनाउन महत्त्वपूर्ण थियो । भारतीय गुप्तचर र सुरक्षा एजेन्सीसँगको घनिष्ठ समन्वयसँगै बंगलादेशले आतंकवादी समूहमाथि निर्णायक कारबाही गरेको थियो । त्यस्ता कारबाहीले विद्रोहीको खतरालाई दबाउन महत्त्वपूर्ण भूमिका खेलेको थियो । आज चीन र पाकिस्तान दुवै देशसँग भारतको सम्बन्ध तनावपूर्ण रहेका वेला ढाकाको अडानमा कुनै पनि कथित परिवर्तनलाई नयाँदिल्लीमा गहन रूपमा जाँच गरिन्छ । बेइजिङ र इस्लामाबादले असन्तुलित दबाब लागू गर्न बंगलादेशलाई रणनीतिक 'लिभर'को रूपमा प्रयोग गर्न सक्छन् भन्ने डरले भारतको सुरक्षा मानसिकतामा गहिरो रूपमा जरा गाडेको छ ।

तैपनि प्रस्तावित त्रिपक्षीय कार्यदललाई बंगलादेशले स्पष्ट रूपमा अस्वीकार गर्नुले यी संवेदनशीलताको स्पष्ट बुझाइ प्रकट गर्छ । यसले क्षेत्रीय तनाव बढाउन सक्ने कार्यबाट टाढा रहने ढाकाको मनसायलाई जोड दिन्छ । यो विकसित गतिशीलताले भारतका लागि दोहोरो चुनौती खडा गर्छ । नयाँदिल्लीले अझ परिष्कृत, अग्रगामी रणनीति अपनाउनुपर्छ- जुन पुरानो राजनीतिक बफादारीलाई पार गर्छ र दक्षिण एसियाको परिवर्तनशील कूटनीतिक रूपरेखामा अनुकूल हुन्छ ।

-अलजजिराबाट

ब्रिक्सले सुधार्नुपर्छ विश्वव्यापी शासन व्यवस्था





● सुधीन्द्र कुलकर्णी

कुलकर्णी भारतका पूर्वप्रधानमन्त्री अटल बिहारी वाजपेयीका सहयोगी थिए ।

'ब्रिक्स प्लस'का ११ सदस्य राष्ट्रहरूबिच संस्कृति, सभ्यताको पृष्ठभूमि, सामाजिक रीतिरिवाज र विकासको स्तरका आधारमा अविश्वसनीय रूपमा विविधता पाईन्छ । जुन महिनाको अन्तिम तिर ब्राजिलको रियो दी जेनेरियोमा ब्रिक्स सेमिनारका क्रममा एउटा सुन्दर फोटो प्रदर्शनी देखेपछि म आफैले सदस्य देशको विविधता महसुस गर्न पाएँ । जुलाई ६-७ मा ब्राजिलमा निर्धारित ब्रिक्स नेताहरूको बैठकको एक साताअघि सेमिनार आयोजना गरिएको थियो ।

प्रदर्शनीमा राखिएको एउटा तस्बिरमा 'क्राइस्ट द रिडिमर' (जिससको विशाल मूर्ति) एट्लान्टिक महासागरलाई हेरेर रियोको कोर्कोभाडो पर्वतको टुप्पोमा उभिएको छ । क्रेमलिन र राज सी रेड स्क्वायर (भारतको समुद्रमा रहेको भव्य रिसोर्ट) साँझको रातो घाममा चम्किएको देखिन्छ । भारतको ताजमहलले दर्शकलाई प्रेमको शाश्वत प्रतीकको प्रतिनिधित्व गर्छ । बेइजिङको दरबार संग्रहालय (निसिद्ध सहर) र तियानमेन स्क्वायरले पृथ्वीको कुनै पनि शक्तिले पाँच हजार वर्ष पुरानो सभ्यतालाई नष्ट गर्न सक्दैन भनेर सम्झाउँछन् । त्यसपछि इजिप्टको गिजाको पिरामिड छ । ब्रिक्सको एक नयाँ सदस्यको रूपमा उसले मरुभूमिमा बसेर समयको सुरुवात र अन्त्यलाई हेरिरहेको छ । अनि एक उत्कृष्ट वास्तुकलाको चमत्कार तेहरानको आजादी टावरले आफ्नो स्वतन्त्रताको कदर गर्ने प्राचीन मानिसलाई कुनै पनि दुष्ट शक्तिले वशमा पार्न सक्दैन भन्ने सन्देश दिएको बसेको देखिन्छ ।

दक्षिण अफ्रिका, इन्डोनेसिया, इथियोपिया र संयुक्त अरब इमिरेट्सको अद्वितीय समृद्धिलाई झल्काउने अन्य तस्बिर पनि थिए । तिनलाई देखेर मेरो मनमा एउटा विचार आयो । संस्कृति मानवजातिको सबैभन्दा बहुमूल्य सम्पदा हो । तर, संसारका विभिन्न भागमा युद्ध र हिंसात्मक द्वन्द्व भइरह्यो भने के यो बाँच्नेछ ? शान्तिविना, मानवजातिका सबै अद्भुत सिर्जना भग्नावशेषमा परिणत हुन सक्छन् ?

इरान-इजरायल युद्ध केवल १२ दिनसम्म चल्यो । तर यसले नयाँ प्रकारको हवाई युद्धको भयावहता र इजरायल र संयुक्त राज्य अमेरिकाले अन्तर्राष्ट्रिय कानुनको कति निर्लज्जतापूर्वक धज्जी उडाउँछन् भनेर देखाएको छ । गाजामा रक्षाहीन प्यालेस्टिनी जनतामाथि इजरायलको नरसंहार युद्ध निरन्तर जारी छ । अक्टोबर ७, २०२३ मा इजरायलमा हमासले गरेको आतंकवादी आक्रमण निःसन्देह निन्दनीय छ । तर, इजरायलले उक्त हमलालाई गाजालाई पूर्ण रूपमा ध्वस्त पार्ने बहानाको रूपमा प्रयोग गरेको छ ।

गत महिना विश्व भारत र पाकिस्तानबिचको चार दिन चलेको युद्धको साक्षीसमेत बन्यो, जुन भारत नियन्त्रित कास्मिरमा निर्दोष पर्यटकमाथि बर्बर आतंकवादी आक्रमणले निम्त्याएको थियो ।

हेगमा हालै भएको शिखर सम्मेलनमा नेटो सदस्यले आफ्नो सैन्य बजेट बढाउने निर्णय गरे, जहाँ ट्रान्सएट्लान्टिक सैन्य गठबन्धनले 'एसियाली नेटा' सिर्जना गर्ने प्रयास गरिरहेको छ । अमेरिकाको नेतृत्वमा रहेको क्वाडलाई लन्च प्याडको रूपमा प्रयोग गरिदैं छ । विभिन्न प्रकारका जबर्जस्ती कार्यहरूले विश्वभर अशान्ति फैलाउन भूमिका खेलेका छन् । उदाहरणका लागि डोनाल्ड ट्रम्प प्रशासनले भन्सार शुल्कलाई हतियार बनाएको छ, जसले गर्दा विश्वव्यापी व्यापारमा अस्थिरता सिर्जना भएको छ । ट्रम्प प्रशासनले जलवायु परिवर्तनको विनाशबाट ग्रहलाई बचाउने आफ्नो जिम्मेवारी पनि त्यागिसकेको छ ।

> 'शक्तिले जे गरे पनि सही हुन्छ' भन्ने सिद्धान्त जंगलको नियम हो । तर, दुःखको कुरा, यो विश्वव्यापी आदर्श बन्दै गइरहेको छ ।

'शक्तिले जे गरे पनि सही हुन्छ' भन्ने सिद्धान्त जंगलको नियम हो । तर, दुःखको कुरा, यो विश्वव्यापी आदर्श बन्दै गइरहेको छ । आजको अशान्त संसारमा सबैभन्दा चिन्ताजनक वास्तविकता संयुक्त राष्ट्र संघको अवस्था हो । २१औं शताब्दीमा देश र जनता अझ नजिकबाट अन्तर्सम्बन्धित र अन्तरनिर्भर भएका छन्, विश्वव्यापी शासन आजजत्तिको कमजोर कहिल्यै भएको छैन, अमेरिकाले संयुक्त राष्ट्र संघलाई अक्षम पार्न हतास प्रयास गरिरहेको छ ।

तसर्थ, रियोमा भएको सेमिनारमा मैले विश्वव्यापी शासनलाई बलियो बनाउन र यसलाई अझ लोकतान्त्रिक बनाउनुपर्नेमा जोड दिएँ । विश्वव्यापी शान्ति र विकासका लागि खतरा हटाएर आमूल सुधारबारे सोच्ने समय आएको कुरामा पनि जोड दिएँ ।

सुरक्षा परिषद्को पूर्वअनुमतिविना अर्को सार्वभौम राष्ट्रविरुद्ध सैन्य कारबाही गर्ने संयुक्त राष्ट्र सुरक्षा परिषद्को कुनै पनि स्थायी सदस्यलाई संयुक्त राष्ट्र संघको बडापत्रको सिद्धान्तको उल्लंघनको सजायस्वरूप उसको सदस्यता निलम्बन गर्नुपर्छ । उसको भिटो शक्ति स्थायी रूपमा खारेज गर्नुपर्छ । सबै सभ्यतामा निहित संस्कृति, शिक्षा र बुद्धिमत्ता विद्यमान अन्यायपूर्ण विश्व व्यवस्थाले सिर्जना गरेको रोगहरूको उत्तम उपचारक हुन् । वास्तवमा तिनीहरूले युद्ध, हिंसा र अन्य अन्यायलाई रोक्न सक्छन् । युनेस्कोको आदर्श वाक्यले भनेझैं 'मानिसहरूको दिमागमा युद्ध सुरु हुने भएकाले, उनीहरूको दिमागमा शान्तिको किल्ला निर्माण गर्नुपर्छ ।'

त्यसकारण, युनेस्कोले विश्व र स्थानीय दुवै संस्कृतिलाई प्रवर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय सरकारको सांस्कृतिक र शैक्षिक नीतिहरूलाई मार्गदर्शन गर्नुपर्छ । पारस्परिक समझदारी, सम्मान, विश्वास, सहिष्णुता र सहयोगको भावनालाई बढावा दिन सभ्यता र अन्तरधार्मिक संवादमा सक्रिय भूमिका खेल्नुपर्छ । आज आमजनताले विश्वव्यापी शासनमा र क्षेत्रीय तथा विश्वव्यापी मामिलामा अपर्याप्त भूमिका खेल्छन्, किनभने ती राष्ट्रिय सरकारका विशेष क्षेत्र बनेका छन् । फलस्वरूप, जनताको आवाज, उनीहरूका विचार, आशा र आकांक्षा र उनीहरूका सरोकार विश्वव्यापी प्लाटफर्ममा सुनिएका छैनन् । विश्वव्यापी शासनमा नयाँ प्रेरणा प्रदान गर्न, सैन्यशक्तिलाई होइन, सांस्कृतिक शक्तिलाई यसको मुख्य चालक शक्तिको रूपमा राखेर साहसी नयाँ तरिकाले सोच्न आवश्यक छ ।

सामाजिक-आर्थिक विकास, सांस्कृतिक पुनरुत्थान र आदानप्रदान, खेलकुद, मिडिया, वैज्ञानिक र प्राविधिक प्रगति, वातावरण संरक्षण, अन्तरधार्मिक र अन्तर्सभ्यता संवाद, द्वन्द्व-समाधान र शान्ति प्रवर्द्धन गर्ने सबै संस्थालाई संयुक्त राष्ट्र बडापत्रको प्रवर्द्धनमा अझ प्रभावकारी भूमिका खेल्न अनुमति दिइनुपर्छ ।

युवा, विद्यार्थी, महिला, शिक्षाविद्, डाक्टर, शिक्षक, वैज्ञानिक, खेलाडी, थिंकट्यांक, व्यावसायिक समूह, कलाकार, कवि, लेखक र सांस्कृतिक व्यक्तित्व, धार्मिक नेता, सीमान्तकृत समुदायका संगठनले विश्वव्यापी शासन, विकास र सुरक्षामा आफ्नो भनाइ राख्नुपर्छ । छोटकरीमा भन्नुपर्दा संयुक्त राष्ट्र संघ 'विश्वका संयुक्त जनता'को हुनुपर्छ ।

-चाइना डेलीबाट

इतिहासमा आज

जुलाई १८



सन् १९४७ : बेलायतका राजा जर्ज छैटौंले 'इन्डियन इन्डिपेन्डेन्स एक्ट (भारतीय स्वतन्त्रता विधेयक)'मा हस्ताक्षर गरे । यस विधेयकले औपचारिक रुपमा ब्रिटिस भारतलाई दुई स्वतन्त्र डोमिनियन भारत र पाकिस्तानमा विभाजित गऱ्यो ।

सन् ६४ : रोमन सम्राट् निरोको शासनकालमा रोम सहरमा लागेको विशाल आगजनी आजकै दिनबाट सुरु भएको थियो ।

सन् १९१४ : गान्धीको २१ वर्ष लामो दक्षिण अफ्रिका बसाइ आजैबाट अत्य भयो । त्यहाँका उनले भारतीयले भोगेका राज्य भेदभावविरुद्ध भद्र अवज्ञा आन्दोलन चलाएका थिए । त्यहाँबाट उनको परिवार केही समय लन्डन बसेर अर्को वर्ष जनवरीमा मात्रै भारत फर्किएको थियो ।

सन् १९२५ : जर्मन तानाशाह एडोल्फ हिटलरको आत्मकथा 'मेन केम्फ' प्रकाशित भयो । सुरुमा पुस्तकको नाम 'झुट, मूर्खता र कायरताविरुद्ध साढे चार वर्ष लामो (संघर्ष)' थियो ।

सन् १९४० : डेमोक्र्याटिक पार्टीको सम्मेलनले 'फ्र्यांकलिन डी रुजवेल्ट'लाई तेस्रो कार्यकालको लागि पार्टीका राष्ट्रपतीय उम्मेदवार चुन्यो ।

सन् १९५५ : विश्वमा पहिलोपटक आणविक ऊर्जा केन्द्रबाट निर्माण भएको विद्युत् व्यावसायिक रूपमा बिक्री गरियो ।

सन् १९६८ : रसायनशास्त्री गोडल इ मुर, भौतिकशास्त्री रोबर्ट नोयिस र अर्थर रक मिलेर अमेरिकाको क्यालिफोर्निया राज्यमा इन्टेल कर्पोरेसन स्थापना गरे । हाल यो विश्वको सबैभन्दा ठुलोमध्ये एक चिप्स निर्माता हो ।

सन् १९९३ : जापानमा सम्पन्न संसदीय निर्वाचनमा सन् १९५५ देखि लगातार सरकारमा रहेको 'लिबरल डेमोक्रेटिक पार्टी (एलपिडी)'ले बहुमत गुमायो । एलपिडीबाहेकका आठ दल मिलेर मोरिहिरो होसोकावाको नेतृत्वमा गठबन्धन सरकार निर्माण गरे ।

सन् १९९४ : दुई दिनअघिदेखि बृहस्पतिमा झर्न थालेका सुमेकर-लेभी नामक धुवताराका टुक्रामध्ये सबैभन्दा ठुलो टुक्रा आजकै दिन बृहस्पतिमा सहतमा ठक्कर खायो । यसले बृहस्पतिको सतहमा झन्डै १२ हजार किमि क्षेत्रमा कालो धब्बा बनाएको थियो ।

सन् २०१२ : उत्तर कोरियाका संस्थापक नेता किम इल सुङका नाति तथा पूर्वनेता किम जोङ इलका छोरा किम जोङ उन औपचारिक रूपमा उत्तर कोरियाका सर्वोच्च नेता चुनिए ।

सिरियामा भड्किएको साम्प्रदायिक हिंसामा ३६० जना मारिएको दाबी

दमास्कस / आइतबारदेखि दक्षिणी सिरियामा भड्किएको साम्प्रदायिक हिंसामा ३६० भन्दा बढी मानिस मारिएको 'सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्स'ले जनाएको छ । तथापि, स्थानीय स्रोतले भने कम्तीमा १६९ को मृत्यु भएको बताएका छन् ।

दक्षिणी प्रान्त स्वेइडामा भड्किएको झडपलाई सिरियामा वर्षौंयता भएको सबैभन्दा घातक साम्प्रदायिक हिंसामध्ये एक बताइएको छ । स्वेइडा क्षेत्रमा प्रभावशाली रहेका ड्रुज धार्मिक अल्पसंख्यकका मिलिसिया समूह र देशका बहुसंख्यक सुन्नी सम्प्रदायका बेदुइन समूहबिच आइतबारदेखि झडप सुरु भएको थियो ।

यस घटनामा छिमेकी इजरायलले अल्पसंख्यक ड्रुजको सुरक्षाका लागि भन्दै सोमबार र मंगलबार स्वेइडामा परिचालित सिरियाली सरकारी सेनाविरुद्ध हवाई आक्रमण गऱ्यो । बुधबार इजरायलले सिरियाको राष्ट्रपति कार्यालयनजिकै सैन्य मुख्यालयमै शक्तिशाली हवाई आक्रमण गरेको थियो । आक्रमणमा कम्तीमा तीनजना मारिएको र ३४ जना घाइते भएको सिरियाको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

पछिल्लो हिंसात्मक झडपले सिरियाको नवगठित सरकारले देशभर अधिकार स्थापित गर्न भोगिरहेको कठिनाइमाथि प्रकाश पारेको छ । झडप सुरु भएपछि छिमेकी इजरायलले पनि स्वेइडा क्षेत्रमा खटिएमा सिरियाली सरकारी सेनामाथि शृंखलाबद्ध हवाई आक्रमण गऱ्यो । मंगलबार सिरिया सरकारले अतिरिक्त सेना पठाएर प्रान्तको हिंसा नियन्त्रण गर्ने प्रयास गरेको थियो ।



चार दिनको झडपपछि बुधबार ड्रुज समूह, बेदुई समुदाय र सरकारी फौजबिच युद्धविराम भएको छ ।

बेलायतमा रहेर सिरियाली द्वन्द्वको अनुगमन गर्दै आएको 'सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्स'का अनुसार बेदुइन घुमन्ते जातिका सदस्यले स्वेइडाको मुख्य राजमार्गमा एक ड्रुज व्यक्तिमाथि आक्रमण गरेर लुटपाट गरेपछि आइतबारको झडप सुरु भएको थियो । आइतबारदेखि नै स्वेइडामा रहेका ड्रुज जाति सम्मिलित मिलिसिया र हतियारधारी बेदुइन समूहबिच पटक-पटक हिंसात्मक झडप भएको थियो । बेदुइन समूहलाई सुन्नीबहुल केन्द्र सरकारको समर्थन रहेको केहीले आरोप लगाएका छन् ।

अशान्ति बढ्दै गएपछि सिरियाली सरकारले सोमबार झडप साम्य पार्न सैन्य बल तैनाथ गरेका थिए । तर, नयाँ सरकारप्रति गहिरो अविश्वासका कारण ड्रुज मिलिसिया समूहले भने सरकारी सेना बेदुइन समूहलाई सहयोग गर्न र आफूमाथि आक्रमण गर्न आएको सोचेको ड्रुस मिलिसिया नेताले बताए ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २ साउन ०८२

संक्षेप

सिँचाइ विस्तारमा लक्ष्यअनुसार भएन प्रगति



काठमाडौं/ गत आर्थिक वर्ष ०८०/८१ मा १७ हजार तीन सय आठ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ। गत आवमा २९ हजार चार सय हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य लिइएको थियो। तर, त्यसको ५९ प्रतिशत लक्ष्य प्राप्ति भएको मन्त्रालयको तथ्यांकले देखाएको छ। हालसम्म १५ लाख ८६ हजार तीन सय ४० हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको मन्त्रालयले बिहीबार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ।

पत्रकार सम्मेलनमा ऊर्जामन्त्री दीपक खड्काले गत आवमा ऊर्जा क्षेत्रका लागि उपलब्धिमूलक भएको दाबी गरे। विद्युत्को जडित क्षमता झन्डै ३९ सय मेगावाट पुग्नु सकारात्मक भएको उनको भनाइ छ।

सुदूरपश्चिमका पाँचजना किसानलाई उत्कृष्ट पुरस्कार



धनगढी/ सुदूरपश्चिम प्रदेश सरकारले प्रदेशका पाँचजना किसानलाई भीमदत्त प्रदेश उत्कृष्ट कृषकका रूपमा सम्मान गरेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले धनगढीमा मंगलबार एकजनालाई भीमदत्त प्रदेश सर्वोत्कृष्ट कृषक र चारजनालाई भीमदत्त प्रदेश उत्कृष्ट कृषक पुरस्कारबाट सम्मान गरेको हो। व्यावसायिक केराखेती गर्दै आएका कञ्चनपुरको कृष्णपुर नगरपालिका- ५, का किसान अर्जुन जेठारालाई यस वर्षको भीमदत्त सर्वोत्कृष्ट कृषक पुरस्कार प्रदान गरिएको छ। उनलाई एक लाख ५० हजार रुपैयाँ पुरस्कारसहित सम्मान गरिएको हो। भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापाले उत्कृष्ट कृषकलाई नगदसहित सम्मान गरे।

ग्रामीण लघुवित्तका संस्थापक मर्जर खारेजीको पक्षमा



बुटवल/ नेपाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाका महिला सेयरधनीले साधारणसभाको निर्णय सच्याउन मागसहित ध्यानाकर्षण गराएका छन्। संस्थापक महिला सेयरधनी तथा पूर्वसञ्चालक जमुना ढकालसहितको टोलीले सेयर सदस्यलाई साधारणसभामा प्रवेश निषेध गरेर गरिएका निर्णय सच्चाउन माग गर्दै प्रमुख कार्यकारी अधिकृतको ध्यानाकर्षण गराएको हो।

२८ असारमा सम्पन्न लघुवित्तको दसौं साधारणसभाले सर्लाहीको मलंगवास्थित समाज लघुवित्तसँग गाभ्ने (मर्जर) प्रस्ताव पारित गरेको थियो। सो निर्णय खारेजीको माग गर्दै संस्थापक महिला सेयरधनीको समूहले बिहीबार प्रधान कार्यालय बुटवलमा संस्थाका सिइओ श्यामकुमार कटुवाललाई भेटेर ध्यानाकर्षणपत्र बुझाए।

■ सरकारको एक वर्ष

अर्थतन्त्र गतिहीन, पुँजी निर्माण झनै घट्यो

दुई ठुला दलले सरकार बनाउनुअघि गरेको सातबुँदे सहमतिको तेस्रो बुँदामा भनिएको छ, 'अर्थतन्त्रमा विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने, आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने'

तर, विद्यमान शिथिलतालाई चिरेर अर्थतन्त्र सुधारका लागि भएन अपेक्षाकृत प्रगति

कृष्ण रिजाल/नयाँ पत्रिका

संसद्का दुई ठुला दल कांग्रेस-एमाले गठबन्धनका प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारले अर्थतन्त्र सुधारका लागि गरेको घोषणा र लिएको लक्ष्यअनुसारको प्रगति हासिल गर्न असफल भएको छ। ओली नेतृत्वमा सरकार गठन भएयता अर्थतन्त्रमा औसत प्रगति मात्रै भएको छ, कतिपय सूचक विगतको भन्दा खस्किएका छन्।

गत आर्थिक वर्ष ०८१/८२ को बजेटले ६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको थियो। तर, वर्षान्तको अन्त्यमा ४.६१ प्रतिशत मात्रै आर्थिक वृद्धिदर हासिल हुने आकलन गरिएको छ।

दुई ठुला दलले सरकार निर्माणका लागि गठबन्धन गर्नुको औचित्य पुष्टि गर्न अर्थतन्त्रलाई गति दिने सहमति गरेका थिए। त्यतिखेर दुई दलले गरेको सातबुँदे सहमतिको तेस्रो बुँदामा भनिएको छ, 'अर्थतन्त्रमा विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने, आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने।' तर, सहमतिअनुसार अपेक्षाकृत काम हुन नसकेको राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष रहेका कांग्रेस केन्द्रीय सदस्य प्राडा गोविन्दराज पोखरेलले बताए।

आर्थिक गतिविधिमा सामान्य सुधार भए पनि विश्वसनीय वतावरण बनाउन तथा रोजगारी सिर्जना गर्न सरकार चुकेको पोखरेलले बताए। 'खर्च र राजस्वमा खासै सुधार हुन सकेन, लगानी पनि उच्च दरमा बढेको छैन, निजी क्षेत्रको मनोबल उच्च हुन सकेको छैन, रोजगारी सिर्जनामा त झन् प्रगति हुनै सकेन,' उनले भने, 'सारमा भन्नुपर्दा अर्थतन्त्रमा हाम्रो अपेक्षाअनुसार मात्रै होइन, सरकारको आफ्नै लक्ष्य र घोषणाअनुसारको काम हुन सकेन।'

अघिल्लो वर्षको तुलनामा रेमिट्यान्स र निर्यातमा सुधार हुनुलाई सरकारले उपलब्धि मानेर प्रचार गरिरहेको छ। तर, चालू खर्च बढे पनि पुँजीगत खर्च अझ घटेको छ। सार्वजनिक ऋणको आकार बढेर २६ खर्ब ५४ अर्ब पुगेको छ। आयातसँगै व्यापार घाटा पनि बढेको छ।

चालू खर्च र सार्वजनिक ऋण बढे पनि पुँजी निर्माण भने झन् घटेको सरकारी तथ्यांकले नै देखाएको छ। 'सरकारले रेमिट्यान्स र निर्यात बढ्यो भनेर प्रस्तुत गर्नु हस्यास्पद हो, किनभने यहाँ रोजगारी सिर्जना हुन नसकेको र डलरको भाउ बढेका कारण रेमिट्यान्स बढेको हो भने मूल्य अभिवृद्धि न्यून हुने पाम र सोयाबिन आयलको आयात बढेका कारण निर्यात बढेको हो,' पोखरेलले भने। राजनीतिक स्थायित्व भएपछि अर्थतन्त्र दगुर्छ भन्ने भाष्य बनाए पनि त्यसअनुसारको प्रगति नदेखिएको उनको भनाइ छ।

बैंकमा रहेको ६ खर्ब हाराहारी लगानीयोग्य तरलता पनि परिचालन हुन सकेको छैन। ऋण लिने र ऋण सेवामा हुने खर्च बढ्दै गए पनि पुँजी र पूर्वाधार निर्माणमा उल्खेनीय सुधार नहुनुले मुलुक ऋणको चंगुलमा फस्ने जोखिम बढेको छ। 'अहिले नै ऋण तिर्न ऋण नै लिनुपर्ने अवस्था आईसकेको छ,' उनले भने, 'यस्तै अवस्था रहिरहे भविष्यमा अनिवार्य दायित्वका लागि खर्च गर्नसमेत ऋण नै लिनुपर्ने अवस्था आउन सक्छ।'



■ प्रधानमन्त्री हुनासाथ ओलीले संसद्मा जनाएको 'थालेको काम सक्ने' प्रतिबद्धताले पाएन प्राथमिकता

६ साउनमा संसद्बाट दुईतिहाइभन्दा बढी विश्वासको मत पाएका प्रधानमन्त्री ओलीले प्रतिनिधिसभामा नयाँ सरकारका पाँच प्राथमिकता सुनाएका थिए। उनले 'थालेको काम सक्ने' कार्यलाई पहिलो प्राथमिकतामा राखेको सुनाएका थिए। त्यस्तै, आयात प्रतिस्थापन र स्वदेशी कच्चा पदार्थमा आधारित उपभोग्य वस्तु उत्पादन गने कार्यलाई दोस्रो प्राथमिकतामा राखेको संसद्मा जानकारी गराएका थिए। तर, मुख्य राजमार्गको स्तरोन्नति सुस्त भएको, गौरवका आयोजनाले गति लिन नसकेको, प्राथमिकताप्राप्त आयोजना निर्माण प्रभावकारी नभएको तथ्यांक गत शुक्रबार प्रधानमन्त्री ओलीको अध्यक्षतामा सम्पन्न राष्ट्रिय विकास समस्या समाधान समितिको ५४औं बैठकमामा पेस भएको थियो। सो बैठकमा प्रधानमन्त्री ओलीले विकासको गतिप्रति असन्तुष्टि नै व्यक्त गरेका थिए। त्यस्तै, आयात प्रतिस्थापन र स्वदेशी वस्तु उत्पादन गर्ने दोस्रो प्रथामिकतामा समेत प्रगति भएको छैन।

तथ्यांकमा ओली सरकारको एक वर्ष

सूचक	०८०/८१ को तथ्यांक	०८१/८२ को तथ्यांक
आर्थिक वृद्धिदर	३.६७ प्रतिशत	४.६१ प्रतिशत
प्रतिव्यक्ति आय	१४६७ अमेरिकी डलर	१५१७ अमेरिकी डलर
कुल खर्च	१४.०८ खर्ब (८०.४४%)	१५.२३ खर्ब (८१.८७%)
राजस्व संकलन	१०.५८ खर्ब (७४.४%)	११.७८ खर्ब (८३.०६%)
मुद्रास्फीति (जेठसम्म)	४.१७ प्रतिशत	२.७२ प्रतिशत
निर्यात (जेठसम्म)	१ खर्ब ३९ अर्ब २६ करोड	२ खर्ब ४७ अर्ब ५७ करोड
रेमिट्यान्स	१३ खर्ब २७ अर्ब ५१ करोड	१५ खर्ब ३२ अर्ब ९३ करोड
विदेशी मुद्रा सञ्चिति	१५ खर्ब ३९ अर्ब ३६ करोड	१९ खर्ब ६७ अर्ब १९ करोड
विदेशी लगानी स्वीकृति	६१ अर्ब ७८ करोड	६४ अर्ब ९६ करोड
पुँजी निर्माण	२४.३ प्रतिशत	२४.१ प्रतिशत
पुँजीगत खर्च	१.९१ खर्ब (६३.४७%)	२.२२ खर्ब (६३.२%)
चालू खर्च	९.५२ खर्ब (८३.४१%)	९.८० खर्ब (८५.८५%)
सार्वजनिक ऋण (जेठसम्मका)	२४ खर्ब ३४ अर्ब ९ करोड	२६ खर्ब ५४ अर्ब ६४ करोड
जिडिपीको तुलनामा ऋण	४२.७ प्रतिशत	४३.५ प्रतिशत
पर्यटन आगमन (६ महिनामा)	५ लाख ८३ हजार १६	५ लाख ७७ हजार ६ सय ८९
वैदेशिक रोजगारी	६ लाख ८२ हजार ५ सय ६६	७ लाख ६० हजार ३ सय ९१
आयात (जेठसम्म)	१४ खर्ब ५३ अर्ब ७० करोड	१६ खर्ब ४४ अर्ब ७९ करोड
व्यापार घाटा	१३ खर्ब १४ अर्ब ४४ करोड	१३ खर्ब ९७ अर्ब २२ करोड

दुई ठुला दलले गरेको सहमतिअनुसार अपेक्षाकृत काम हुन नसकेको प्रस्ट छ



● **प्रा.डा. गोविन्दराज पोखरेल**
योजना आयोगका पूर्वउपाध्यक्ष

आर्थिक गतिविधिमा सामान्य सुधार भए पनि विश्वसनीय वतावरण बनाउन तथा रोजगारी सिर्जना गर्न सरकार चुकेको छ। खर्च र राजस्वमा खासै सुधार हुन सकेन, लगानी पनि उच्च दरमा बढेको छैन, निजी क्षेत्रको मनोबल उच्च हुन सकेको छैन, रोजगारी सिर्जनामा त झन् प्रगति हुनै सकेन।' सारमा भन्नुपर्दा अर्थतन्त्रमा हाम्रो अपेक्षाअनुसार मात्रै होइन, सरकारको आफ्नै लक्ष्य र घोषणाअनुसारको काम हुन सकेन।

सरकारले रेमिट्यान्स र निर्यात बढ्यो भनेर प्रस्तुत गर्नु हस्यास्पद हो, किनभने यहाँ रोजगारी सिर्जना हुन नसकेको र डलरको भाउ बढेका कारण रेमिट्यान्स बढेको हो भने मूल्य अभिवृद्धि न्यून हुने पाम र सोयाबिन आयलको आयात बढेका कारण निर्यात बढेको हो। राजनीतिक स्थायित्व भएपछि अर्थतन्त्र दगुर्छ भन्ने भाष्य बनाए पनि त्यसअनुसारको प्रगति देखिएन। दुई ठुला दलले गरेको सहमतिअनुसार अपेक्षाकृत काम हुन नसकेको प्रस्ट छ। अहिले नै ऋण तिर्न ऋण नै लिनुपर्ने अवस्था आइसकेको छ। यस्तै अवस्था रहिरहे भविष्यमा सबै खर्च गर्नसमेत ऋण नै लिनुपर्ने अवस्था आउन सक्छ।

श्रमिकको न्यूनतम तलब १९,५५०

गत वर्षभन्दा २२ सय ५० रुपैयाँ वृद्धि, आधारभूत तलब १२ हजार एक सय ७० र महँगी भत्ता सात हजार तीन सय ८० पाउने गरी श्रम मन्त्रालयबाट श्रमिकको नयाँ तलबमान स्वीकृत

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चियाबगानमा काम गर्नेबाहेकका श्रमिकको न्यूनतम तलब दुई हजार दुई सय ५० रुपैयाँले बढाइएको छ। श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको न्यूनतम पारिश्रमिक निर्धारण समितिको बिहीबार साँझ बसेको बैठकले १ साउनदेखि लागू हुने गरी श्रमिकको मासिक न्यूनतम तलब १९ हजार पाँच सय ५० रुपैयाँ कायम गर्न सिफारिस गरेको थियो।

समितिको निर्णयलाई श्रममन्त्री शरत्सिंह भण्डारीले पनि स्वीकृत गरिसकेका छन्। चियाबगानमा काम गर्ने कर्मचारीको हकमा थप छलपल गरेर निर्णय गरिने मन्त्रालयले जनाएको छ।

बिहीबारबाटै लागू भएको तलबमान
- मासिक : १९,५५०
- दैनिक : ७५४
- प्रतिघण्टा : १०१
- आंशिक प्रतिघण्टा : १०७

यसअघि श्रमिकको न्यूनतम तलब आधारभूत १० हजार आठ सय २० रुपैयाँ र महँगी भत्ता ६ हजार चार सय ८० रुपैयाँ गरेर मासिक १७ हजार तीन सय रुपैयाँ थियो। अब आधारभूत १२ हजार एक सय ७० र महँगी भत्ता सात हजार तीन सय ८० गरेर मासिक १९ हजार पाँच सय ५० रुपैयाँ तलब दिन सिफारिस गरिएको छ। अब श्रम मन्त्रालयले स्वीकृति गरेपछि यो पारिश्रमिक लागू हुनेछ।

विगतको अनुभव, प्रयास र प्रक्रियाको समीक्षा गरी रोजगारदाता संगठन र संयुक्त ट्रेड युनियन समन्वयन केन्द्रका प्रतिनिधिबाट आएको सुझावका आधारमा नयाँ तलब निर्धारण गरिएको मन्त्रालयले जनाएको छ। यस्तै, श्रमिकको दैनिक न्यूनतम तलब सात सय ५४ रुपैयाँ तोकिएको छ।



यसैगरी प्रतिघण्टा न्यूनतम एक सय एक रुपैयाँ तलब निर्धारण गरिएको छ। आंशिक समय मात्र काम गर्ने कामदारको हकमा प्रतिघण्टा न्यूनतम एक सय सात रुपैयाँ तलब निर्धारण गरिएको छ। यसअघि दैनिक ६ सय ६८, प्रतिघण्टा ८९ रुपैयाँ र आंशिक प्रतिघण्टा ९५ तलब थियो।

■ पुँजी बजारमा उल्लास

एक वर्षमा २१ खर्ब २४ अर्बको सेयर कारोबार

अघिल्लो आव ०८०/८१ मा सात खर्ब ३४ अर्बको कारोबार भएकामा गत आवमा १८९.२३ प्रतिशतले कारोबार वृद्धि

मीनराज बसन्त/नयाँ पत्रिका

गत आर्थिक वर्ष ०८०/८१ मा धितोपत्र बजारमा ऐतिहासिक कारोबार भएको छ। अघिल्लो आवमा जम्मा सात खर्ब ३४ अर्बभन्दा बढीको कारोबार भएकामा गत आवमा कारोबार रकम २१ खर्ब २४ अर्ब ९१ करोड पुगेको छ, जुन अघिल्लो आवको तुलनामा १८९.२३ प्रतिशतले बढेको हो। यसअघि आव ०७७/७८ मा सबैभन्दा धेरै १४ खर्ब ५४ अर्बभन्दा बढीको कारोबार भएको थियो।

नेपाल स्टक एक्सचेन्ज (नेप्से)का अनुसार गत आवको अन्तिम दिन (असार मसान्त)सम्म बजार पुँजीकरण ३१.०५ प्रतिशतले बढेर ४६ खर्ब ५६ अर्ब ९८ करोड पुगेको छ। ०८२ को असार मसान्तसम्म ३५ खर्ब ५३ अर्ब ६७ करोड बजार पुँजीकरण थियो। सूचीकृत कम्पनीको संख्या दुई सय ७२ पुग्यो

गत आवमा धितोपत्र बजारमा सूचीकृत कम्पनीको संख्या दुई सय ७२ पुगेको छ। मर्जर तथा प्राप्तिका कारण तीन कम्पनी सूचीकरणबाट हटेका छन् भने प्रथम सार्वजनिक निष्कासनमार्फत चारवटा कम्पनी थपिएका छन्। साथै, प्रथम निष्कासनमार्फत तीन करोड ६५ लाख कित्ता सेयर, थप निष्कासनमार्फत ११ लाख २० हजार कित्ता सेयर, सरकारबाट थप गरिएको तथा स्थानीयलाई वितरण गरिएको चार करोड ३२ लाख ५८ कित्ता सेयर, सामूहिक लगानी कोषको ३७ करोड ८१ लाख एकाइ र संस्थागत ऋणपत्र ८३ लाख कित्ता गरी जम्मा ८० करोड ४२ लाख ८५ हजार कित्ता धितोपत्र सूचीकृत भएका छन्।

■ नयाँ आवलाई बजारको स्वागत

नयाँ आर्थिक वर्ष ०८२/८३ को पहिलो दिन धितोपत्रमापक नेपाल स्टक एक्सेचज (नेप्से) ७५.८४ अंक अर्थात् अघिल्लो दिनको तुलनामा २.७१ प्रतिशतले बढेर परिसूचक २८७०.६३ विन्दुमा बन्द भएको छ।

चालू आवको मौद्रिक नीति कार्यान्वयनमा आएसँगै बजारले लय समाल्ने संकेत देखाएको छ। नेपाल राष्ट्र बैंकका गर्भनर डा. पौडेलले ल्याएको पहिलो मौद्रिक नीतिले सेयर धितो कर्जाको सीमा १५ करोडबाट बढाएर २५ करोड पुऱ्याइनु, पहिलोपटक घर किन्न तीन करोडसम्मको कर्जा सुविधा तोकिनु, बैंकको



ब्याजदर सस्तो हुनुजस्ता कारणले पनि बजारले गति लिन थालेको लगानीकर्ता बताउँछन्।

बिहीबार तीन सय ११ कम्पनीको कारोबार भयो, जसमध्ये दुई सय ४० कम्पनीको मूल्य बढ्यो भने नौ कम्पनीको घटेको छ। सो दिन १६ अर्ब ३० करोड ८० लाख रुपैयाँभन्दा बढीको सेयर किनबेच भयो। बुधबार भने १३ अर्ब ५७ करोड ९६ लाखभन्दा बढीको कारोबार भएको थियो। त्यसका साथै १३ वटै समूहको सूचकमा हरियाली छाएको छ। 'अन्य' समूह सर्वाधिक ५ प्रतिशतले बढ्दा जलविद्युत्, लगानी र जीवन बिमा तीन प्रतिशतभन्दा बढीले बढेका छन्।

> राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत सेयर धितो कर्जाको सीमा १५ करोडबाट बढाएर २५ करोड पुऱ्याएकाले आगामी दिनमा बजार थप उचालिने लगानीकर्ताको विश्वास

त्यस्तै, कारोबारमा आएका कम्पनीमध्ये ट्रेड टावरको मूल्यमा सर्किट लागेको छ। त्यस्तै, शुभम पावर, श्रीस्टार हाइड्रोपावरको सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ भने इस्टर्न हाइड्रोपावर, बाराही हाइड्रोपावर र नेपाल रिइन्स्योरेन्सलगायतको सेयर मूल्य सर्वाधिक बढेको छ। यता, म्युचुअल फन्डका लगानीकर्ताले घाटा व्यहोरेका छन्। जसमा एनआईबिएल स्टेबल फन्ड, एनआइसी एसिया फ्लेक्सी क्याप फन्ड, रिलायबल समृद्धि योजना, मुक्तिनाथ म्युचुअल फन्ड-१ लगायत छन्।

बंगुर पालेरै उत्कृष्ट कृषक

रोल्पाका युवा मनीराम घर्तीमगरले परम्परागत रूपमा आमाले गरेको बंगुरपालनलाई एक करोड लगानी गरेर व्यवसायीकरण गरे, अहिले सरकारबाट उत्कृष्ट कृषकको सम्मानसमेत थापे



● **मनीराम घर्तीमगर**

हाल वार्षिक ६० लाख रुपैयाँसम्मको कारोबार भइरहेको छ। यसबाट २४ लाखसम्म खुद आम्दानी हुने गरेको छ। फार्ममा अहिले ५० वटा माउ र चारवटा भाले बंगुर तथा सयौं पाठापाठी छन्।

रोल्पामा **नवीन लोचनमगर**

रोल्पाको त्रिवेणी गाउँपालिका- २, सेराबाङका युवा मनीराम घर्तीमगरले एक करोड लगानी गरेर सञ्चालन गरेको 'सेराबाङ बंगुरपालन फार्म' जिल्लामै नमुना कृषि फार्म बनेको छ। व्यावसायिक बंगुरपालनबाट राम्रो आम्दानी हुन थालेपछि उनी थप हौसिएका छन्।

कृषि कर्ममा उनलाई हौसला दिन भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, रोल्पाले जिल्लाकै उत्कृष्ट कृषकका रूपमा पुरस्कृतसमेत गरेको छ। युवा किसानलाई थप प्रोत्साहन गर्न पुरस्कृत गरेको विज्ञ केन्द्रका प्रमुख डा. शंकर न्यौपानेले जानकारी दिए। मनीरामलाई सुरुवातमा जिल्लास्थित साबिकको पशुसेवा कार्यालयले १० लाख आर्थिक सहयोग गरेको थियो।

आमाले घरमा परम्परागत रूपमा गर्दै आएको बंगुरपालनलाई मनीरामले लगानी थपेर व्यवसायीकरण गरेका हुन्। उनले हाल वार्षिक ६० लाख रुपैयाँसम्मको कारोबार भइरहेको जानकारी दिए। मनीरामको फार्ममा



अहिले ५० वटा माउ र चारवटा भाले बंगुर तथा सयौं पाठापाठी छन्। 'मसँग अहिले कति पाठापाठी छन् भन्ने यकिन छैन,' मनीराम भन्छन्, 'दैनिक थपिने-घट्ने भइरहने भएकाले गन्ती नै गर्दिन।'

फार्मबाट वार्षिक नौ सय पाठापाठी बिक्री गर्ने गरेको उनको भनाइ छ। प्रतिपाठापाठी ६ हजारका दरले बिक्री हुन्छ। 'वार्षिक ६० लाखजतिको कारोबार हुन्छ,' मनीरामले भने, 'त्यसमध्ये २० देखि २४ लाखसम्म चोखो नाफा हुन्छ। अन्य रकम खोर व्यवस्थापन, दाना किन्नेलगायतमा खर्च हुन्छ।' फार्ममा ल्यान्डेस र ड्युरो जातका बंगुर पालेका छन्।

अहिलेसम्म बंगुरमा कुनै रोगव्याधि तथा ठुलो समस्या नपरेको उनले सुनाए। उनी शिक्षण पेसामा समेत संलग्न भएकाले फार्मको हेरचाह गर्न एकजना कर्मचारी खटाएका छन्, वेला-वेला श्रीमतीले पनि सघाउने गरेको उनले बताए।

आधा बंगुर जिल्लाभित्रै खपत

उनको फार्मबाट बिक्री हुनेमध्ये आधा परिमाण बंगुरको मासु तथा पाठापाठी जिल्लाभित्र खपत हुने गरेको छ। आधा परिमाण भने काठमाडौं, पोखरा, बुटवल, नवलपरासी, दाडलगायतका जिल्लामा बिक्री हुने गरेको मनीरामले जानकारी दिए।

'मुख्यतः मैले पाठापाठी उत्पादनमै जोड दिएको छु, राम्रा पाठापाठी उत्पादन गर्न सकिए खपतको समस्या हुँदैन,' उनले भने। उनले गर्भवती, सुत्केरी, पाठापाठीलगायत विभिन्न अवस्थाका बंगुर राख्नका लागि छुट्टा-छुट्टै कोठाको व्यवस्था गरेको जानकारी दिए। जसका कारण पाठापाठी हुर्कन र माउ बंगुरको व्यवस्थापन गर्न सहज हुने गरेको छ। बंगुरका पाठापाठी ४५ दिनमा बिक्रीका लागि तयार हुने गरेको उनले बताए।

कोहलपुर नगरपालिकालाई मञ्जुश्री फाइनान्सको सहयोग

काठमाडौं/ मञ्जुश्री फाइनान्स, नेपालगन्ज शाखाले कोहलपुर नगरपालिकालाई सहयोग गरेको छ। फाइनान्सले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत नगर स्वस्थ प्रवर्धन केन्द्र सञ्चालन गर्न एक लाखबराबरको स्वास्थ्य उपकरण तथा केमिकल्स व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्री फाइनान्सको नेपालगन्ज शाखा कार्यालय प्रमुख स्नेहा भुसालले हस्तान्तरण गरेकी हुन्।

खल्ती र आइएमई पेको एकीकृत कारोबार सुरु

काठमाडौं/ आइएमई पे र खल्ती एकआपसमा मर्ज भई 'खल्ती बाई आइएमई' नामबाट एकीकृत कारोबार सञ्चालनमा आएको छ। पहिलोपटक दुई वालेटबिच भएको यस एकीकरणको बुधबार औपचारिक घोषणा गरिएको हो।



एक मात्र ब्याज दिने वालेटका रूपमा रहेको आइएमई पे रेमिट्यान्स, इनड्राइभ भुक्तानीजस्ता सेवाका लागि र खल्ती मुभी बुकिङ, इभेन्ट टिकटिङ र आफ्नो नयाँ इनोभेसनका कारण युवापुस्तामाझ लोकप्रिय थिए। मर्जपश्चात् दुवैले आ-आफ्ना उत्कृष्ट फिचरलाई अझै परिष्कृत, सहज, सरल र सुरक्षित रूपमा पस्किनेछन्। साबिकका आइएमई पेका प्रयोगकर्ताका लागि 'खल्ती बाई आइएमई'मा माइग्रेट गर्ने सुविधा सार्वजनिक भइसकेको छ, जसबाट आइएमई पे वालेटमा रहेको रकम, ब्याज, रिवार्ड प्वाइन्ट र सम्पूर्ण विवरण नयाँ एपमा स्थानान्तरण हुनेछन्। एकीकृत कारोबारको औपचारिक सुरुवात कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर, बमबहादुर मिश्रले उक्त समारोहमा डिजिटल भुक्तानीले वित्तीय पारदर्शकताको बढोत्तरी हुने भएका कारण हरेक क्षेत्रमा यसको लागू हुन जरुरी भएको बताए। त्यस्तै, आइएमई पेका अध्यक्ष कृष्णप्रसाद शर्माले खल्तीसँगको एकताबाट बनेको आइएमई खल्ती लिमिटेडले डिजिटल नेपालको सम्भावनालाई नयाँ गति दिने बताए। खल्तीका अध्यक्ष मनोजकुमार अग्रवालले भने, 'अब आइएमई खल्ती लिमिटेडले सम्पूर्ण देशभर वित्तीय पहुँचको नयाँ युग सुरु गर्नेछ।'

आइएमई खल्ती लिमिटेडका प्रमुख कार्यकारी अधिकृत विनय खड्काले अबको मिसन र भिजनबारे बताउँदै डिजिटल पहुँचलाई थप विस्तार गर्ने, डिजिटल साक्षरता अनि समावेशीकरणका लागि थप योजना बनाउने प्रतिबद्धता व्यक्त गरे।

ज्योति विकासलाई आइएसओ प्रमाणपत्र

काठमाडौं/ ज्योति विकास बैंकले सूचना सुरक्षा व्यवस्थापन प्रणालीमा अन्तर्राष्ट्रिय मान्यताप्राप्त आइएसओ २७००१:२०२२ प्रमाणपत्र प्राप्त गरेको छ। यससँगै बैंक यो प्रमाणपत्र प्राप्त गर्ने पहिलो विकास बैंक बनेको छ। अन्तर्राष्ट्रिय सर्टिफिकेसन संस्था इन्टरक्रेटले प्रदान गर्ने यो प्रमाणपत्रमा सूचना सुरक्षा व्यवस्थापन प्रणालीका लागि अन्तर्राष्ट्रिय सर्टिफिकेसन हो।



यस उपलब्धिले बैंकको समग्र सूचना सुरक्षा संरचना उत्कृष्ट रहेको सुनिश्चितता प्रदान गर्ने बताइएको छ।

बैंकले मोबाइल बैंकिङ, कार्ड भुक्तानी सेवा, निक्षेप तथा कर्जा सेवा तथा बैंकको आइटी, मानव संसाधन, सामान्य प्रशासन, अपरेसन तथा जोखिम व्यवस्थापनका क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको उच्चतम र गुणस्तरिय सूचना सुरक्षा प्रणाली लागू गर्दै आएकाले सुरक्षा सर्टिफिकेसन प्राप्त गर्न सफल भएको हो।

विराटनगर किंग्सको मार्केटिङ एजेन्सीमा भी-चित्र नियुक्त



काठमाडौं/ कोशी प्रदेशको प्रतिनिधित्व गर्ने प्रमुख क्रिकेट फ्रेन्चाइज टिम 'विराटनगर किंग्स'ले भी-चित्रलाई आधिकारिक मार्केटिङ एजेन्सी नियुक्त गरेको छ। यो रणनीतिक साझेदारीले ब्रान्डको उपस्थिति अझ बलियो बनाउने, फराकिलो दर्शकवर्गसँग संलग्नता बढाउने र समग्र मार्केटिङ पहललाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको बताइएको छ।

भी-चित्र, डिजिटल मार्केटिङ, ब्रान्ड विकास, दर्शक संलग्नता र पिआर व्यवस्थापनमा सशक्त अनुभव राख्ने एक स्थापित मार्केटिङ एजेन्सी हो। यसले अब विराटनगर किंग्सको सम्पूर्ण मार्केटिङ र सञ्चार प्रयासको जिम्मेवारी सम्हाल्नेछ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६५०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल् अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारमामा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: हरिसिद्धी विनायक इन्टरप्राइजेज,** प्रोप्राईटर तथा जमानीकर्ता: हरि कुवँर दर्ता नं.: वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखामा प्रा.फ.र.नं. १५२६६४/०७६/०७७, दर्ता मिति: २०७६/०८/२५, ठेगाना: जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. २२
	२) ऋणी फर्म: विबुद्ध गार्मेन्ट, संचालक तथा जमानीकर्ता: सुनिल कुवँर दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा प्राइभेट फर्म दर्ता.नं. ८८०, दर्ता मिति: २०७६/०५/१०, ठेगाना: जिल्ला काठमाण्डौ, तारकेश्वर न.पा. वडा नं ११
	जमानीकर्ताहरुको विवरण १) गंगा बहादुर कुवँर २) हरि कुवँर ३) लिलाकुमारी कुवर ४) सुनिल कुवँर
	धितोको विवरण १) रत्न बहादुर कुवँरको नाती, रन बहादुर कुवँरको छोरा, काठमाण्डौ जिल्ला, गोंगवु गा.वि.स. वडा नं ४ मा बस्ने गंगा बहादुर कुवँरको नाममा मालपोत कार्यालय मनमैजु, काठमाण्डौको लगतमा दर्ता कायम रहेको, काठमाण्डौ जिल्ला, मनमैजु गा.वि.स. वडा नं. १ (हाल तारकेश्वर न.पा. वडा नं ११) स्थित कित्ता नं. २२१ र २२३ को क्षेत्रफल क्रमश : ६९०.५४ र ५.०३ (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) हरिसिद्धी विनायक इन्टरप्राइजेज र विबुद्ध गार्मेन्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
२)	**१) ऋणी कम्पनी: अशोक हार्डवेयर एण्ड ट्रेडर्स् प्रा.लि.,** संचालक तथा जमानीकर्ता: राम बहादुर थिङ दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. २१७७३३/७५/०७६, दर्ता मिति: २०७६/०३/०५, ठेगाना: जिल्ला काभ्रेपलाञ्चोक, बनेपा न.पा. वडा नं. ७
	धितोको विवरण १. लठोक सिंको नाती, बुद्धिमान थिङको छोरा, काभ्रे जिल्ला, बुढाखानी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं.७ बस्ने राम बहादुर थिङको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, नासिकास्थान सांगा गा.वि.स. वडा नं. ५ (हाल बनेपा न.पा. वडा नं. १०) स्थित कित्ता नं. ४८१, ४८३ र ५५७ को क्षेत्रफल क्रमश: १२-८-०-०, २-८-०-० र २-७-०-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २. अशोक हार्डवेयर एण्ड ट्रेडर्स् प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	जमानीकर्ताहरुको विवरण १. रमिता लामा २. राम बहादुर थिङ
	२. ऋणी: रमिता लामा स्थायी ठेगाना: काभ्रे जिल्ला, बुढाखानी गा.वि.स. वडा नं. ८, हालको ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं.७, बाबु: कर्म दावा, ससुरा: बुद्धिमान थिङ, पति: राम बहादुर थिङ
	जमानीकर्ताको विवरण राम बहादुर थिङ
	३. ऋणी: राम बहादुर थिङ स्थायी ठेगाना: काभ्रे जिल्ला, बुढाखानी गा.वि.स. वडा नं. ८, हालको ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं.७ बाबु: बुद्धिमान थिङ, बाजे: लठोक सिं
	धितोको विवरण लठोक सिंको नाती, बुद्धिमान थिङको छोरा, काभ्रे जिल्ला, बुढाखानी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं.७ बस्ने राम बहादुर थिङको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रे जिल्ला, नासिकास्थान सांगा गा.वि.स. वडा नं. ५ (हाल बनेपा न.पा. वडा नं. १०) स्थित कित्ता नं. ४८१, ४८३ र ५५७ को क्षेत्रफल क्रमश: १२-८-०-०, २-८-०-० र २-७-०-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	जमानीकर्ताको विवरण रमिता लामा
३)	**१) ऋणी फर्म : श्री माहा लक्ष्मी ट्रेड लिंक,** प्रोप्राईटर तथा जमानतकर्ता: मातृका कोइराला दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, दमक, झापामा, प्रा.फ.र.नं. ४०८/११८६/२०६५/११/२, दर्ता मिति: २०६५/११/२, ठेगाना: जिल्ला झापा, अनारमनी गा.वि.स. वडा नं.४
	जमानीकर्ताहरुको विवरण १) राधा देवी कोइराला २) संगीता शर्मा ३) मातृका कोइराला
	२) ऋणी: मातृका कोइराला स्थायी ठेगाना: मोरङ जिल्ला, विराटनगर न.प. वडा नं.२,हालको ठेगाना: झापा जिल्ला, विर्तामोड न.पा. वडा नं.१, बाबु: नेत्र प्रसाद कोइराला, बाजे: पुण्य प्रसाद कोइराला
	जमानीकर्ताहरुको विवरण १) राधा देवी कोइराला २) संगीता शर्मा
	धितोको विवरण १) पुण्य प्रसाद कोइरालाको नाति, नेत्र प्रसाद कोइरालाको छोरा, झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं.१ स्थायी ठेगाना भई हाल झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं.१ बस्ने मातृका कोइरालाको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ६ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १९४ र १९५ को क्षेत्रफल क्रमश: ११७०.०० र ७४०.०० (ब.मी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) रत्न प्रसाद खतिवडाकी छोरी, पुण्य प्रसाद कोइरालाकी बुहारी, नेत्र प्रसाद कोइरालाकी पत्नि, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं.३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, विर्तामोड न.पा. वडा नं.१ बस्ने राधा देवी कोइरालाको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. १ (हाल विर्तामोड न.पा. वडा नं.१) स्थित कित्ता नं. ८४४२ र ८४४० को क्षेत्रफल क्रमश: ०-०-९$^{१/२}$ र ०-०-९$^{१/२}$ (बिगाह) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) श्री माहा लक्ष्मी ट्रेड लिंकको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण
	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
४)	**१) ऋणी कम्पनी: नमुना ह्याचिङ एण्ड पोल्ट्री प्रा.लि.,** अध्यक्ष तथा जमानीकर्ता: बलराम अर्याल दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ७७३५०/०६७/६८, दर्ता मिति: २०६७/०७/१७, ठेगाना: जिल्ला चितवन, विरेन्द्रनगर गा.वि.स. वडा नं. ७
	धितोको विवरण १) रिखेश्वरको नाती, रुद्र प्रसादको छोरा, चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ६ बस्ने बलराम अर्यालको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ३ क (हाल खैरहनी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९७१, ९७३, २००१, २००३ र २००४ को क्षेत्रफल क्रमश: ०-०-१५$^{३/४}$, ०-०-१४$^{१/४}$, ०-२-१६$^{१/२}$ ०-२-१६$^{१/२}$ र ०-३-९ (बिगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ७७३५०/०६७/६८ अर्न्तगत मिति २०६७/०७/१७ मा कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. ७ स्थित नमुना ह्याचिङ्ग एण्ड पोल्ट्री प्रा.लि.को नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला बडहरा गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ५१३, १०१, १०६, ३६५, १४४, ५०९, ५१४, १०२, १४१, ७९, १००, ५०६, २४८, १४२, १४३, ३६४, १०५, २५०, १०३, २४९, ५१५ र ५०७ को क्षेत्रफल क्रमश: ०-०-१३.५-०, ०-७-२-०, ०-१-१३-०, ०-३-२-०, ०-२-१८$^{१/२}$-०, ०-०-१०-०, ०-१४.२५-०, ०-१-३-०, ०-६-११.५-०, १-१-१६-०, ०-७-३-०, ०-०-६.५-०, ०-१-७-०, ०-६-११$^{१/२}$-०, ०-२-१८$^{१/२}$-०, ०-२-११-०, ०-५-१८-०, ०-१-७-०, ०-५-१७-०, ०-१-७-०, ०-२-०.२५-० र ०-०-५.७५-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) नमुना ह्याचिङ्ग एण्ड पोल्ट्री प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	जमानीकर्ताहरु:१) सुमन अर्याल (संचालक), २) मिलन अर्याल (संचालक), ३) भगवती अर्याल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली, सुदुरपश्चिम प्रदेश

सूचना प्रकाशित सम्बन्धमा

प्रकाशित मिति : २०८२/४/२

यस धनगढी उपमहानगरपालिकाबाट तोकिएको दररेट बमोजिम कर/शुल्क संकलन गर्न चाहने ईच्छुक फर्म वा कम्पनीको जानकारीको लागि देहाय बमोजिमका सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै तल उल्लेखित सूचनाको विस्तृत विवरण धनगढी उ.प.न.पा.को वेभसाइट dhangadhimun.gov.np वा bolpatra.gov.np/egp बाट समेत हेर्न सकिनेछ।

क्र. स.	सूचनाको विवरण	प्रकाशित मिति
१	वहाल बिटौरी शुल्क संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धी ७ दिने विद्युतीय बोलपत्र वा हार्डकपि आव्हानको सूचना। ठेक्का नं. R1/DSMC/2082/083	चौथो पटक प्रकाशित मिति : २०८२/४/२

प्रमुख प्रशासकिय अधिकृत

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resourced and Irrigation

Irrigation and Water Resources Management Project

(Formerly: Kamala River Training Project)

Dhanusha, Janakpurdham

Notice for Opening of Financial Proposal

Date of Publication: 2082/04/02

This is to notify all the concerned bidders, who have submitted their bids in response to the notice published in Naya Patrika National Daily Newspaper dated 2081/11/21 for the following Construction work, Contract ID, that the technical bids of the following bidders have been found qualified as per the detailed technical evaluation criteria set forth in the bidding document. Financial proposals of all the technically qualified bidders will be opened on the day, time and venue as mentioned below. Pursuant to Sub Clause 31(Ja)5 of Public Procurement Rule 2064 (Amendment-12), all the concerned bidders are informed to attend the opening of the financial proposals.

S.N.	Contract ID	Name of Technically Qualified Bidder
1	KRTP/Sindhuli/Thali-Pachrukhi/LB/RTW-18/2081-082	SUNFORCE SOLAR-SEASONAL-MOONLIGHT JV
2	KRTP/Sindhuli/Basaniya-Charghare/RTW-19/2081-082	SUNFORCE SOLAR-SEASONAL-MOONLIGHT JV

Opening of Financial Proposal :
Date : 2082/04/11 **Time :** 13:00 hr
Venue : Irrigation and Water Resources Management Project, Dhanusha, Janakpurdham

Project Chief

---

	२) ऋणी: राधा देवी अर्जेल स्थायी ठेगाना: चितवन जिल्ला, खैरहनी गा.प. वडा नं. ३, हालको ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ३, ससुरा: रिखेश्वर अर्याल, पति: रुद्र प्रसाद अर्याल तथा **मिलन अर्याल** स्थायी ठेगाना: चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. २, हालको ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ९, बाबु: बलराम अर्याल, बाजे: रुद्र प्रसाद अर्याल
	धितोको विवरण रिखेश्वरकी बुहारी, रुद्र प्रसादकी पत्नी, चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ३ बस्ने राधा देवी अर्जेलको नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला खैरहनी गा.वि.स. वडा नं. ३ क (हाल खैरहनी न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६२६ को क्षेत्रफल ०-२-१६.५०-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

नोट: ऋणी तथा जमानीकर्ता/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा जमानीकर्ता/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश् गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

साफ यू-२० महिला च्याम्पियनसिप

नेपालले गच्यो चार खेलमा २२ गोल

नयाँ पत्रिका

बंगलादेशले आयोजना गरिरहेको साफ यू-२० महिला च्याम्पियनसिपमा नेपालले उत्कृष्ट प्रदर्शन गरिरहेको छ। फिनिसिङ लाइन अप बलियो हुँदा नेपालले विपक्षी पोस्टमा लगातार गोल गरिरहेको छ। चार खेलमा नेपालले सर्वाधिक २२ गोल गरेको छ। राउन्ड रोबिन लिगमा सहभागी टोलीमध्ये नेपालले सर्वाधिक गोल गरे पनि अंक-तालिकाको दोस्रो स्थानमा छ।

नेपालले तीन खेलमा आधा दर्जनभन्दा माथि गोलअन्तरको जित निकाले पनि बंगलादेशसँग भने ३-२ ले पराजित भयो। राउन्ड रोबिन लिगको दोस्रो खेलमा नेपाली खेलाडी सम्हालिन नसक्दा बंगलादेशले इन्जुरी समयको अन्तिम सेकेन्डमा विजयी गोल गरेको थियो। यही हार नेपालका लागि महँगो साबित हुन सक्छ। बंगलादेश प्रतियोगिताको एक मात्र अपराजित टोली हो। उसले चार खेलमा शतप्रतिशत जित निकाली १२ अंक जोडेको छ। गोलअन्तरमा भने बंगलादेश नेपालभन्दा पछि छ। बंगलादेशले चार खेलमा १९ गोल गरेको छ।

> राउन्ड रोबिन लिगको चार खेल समाप्तिसम्म नेपालले श्रीलंकालाई दुवै अवसरमा समान ७-० ले हरायो



बंगलादेशको पोस्टमा विपक्षीले चार गोल लगाएको छ। चारमध्ये दुई गोल नेपालले बंगलादेशको पोस्टमा गरेको थियो। तेस्रो स्थानमा रहेको भुटानले पनि फिसिनिङ लाइन बिस्तारै बलियो बनाएको छ। भुटानले चार खेलमा सात गोल गर्दा १३ गोल व्यहोरेको छ। श्रीलंका भने डिफेन्स र फिनिसिङमा निकै कमजोर देखिन्छ। श्रीलंकाले विपक्षी पोस्टमा एक गोल गर्दा २८ गोल व्यहोरेको छ। राउन्ड रोबिन लिगमा सर्वाधिक अंक जोड्न टोली नै च्याम्पियन बन्नेछ। पहिलोपटक उपाधि जित्न दोस्रो चरणमा बंगलादेशलाई नेपालले हराउनुपर्नेछ। बराबरी नतिजाले बंगलादेश सहजै विजेता बन्नेछ। उसले लगातार उपाधि हात पार्नेछ।

गोलकर्ता सूचीको शीर्ष स्थानमा पूर्णिमा

नेपालकी स्ट्राइकर पूर्णिमा राई प्रतियोगिताकै सर्वाधिक गोलकर्ताको शीर्ष स्थानमा छिन्। उनले चार खेलमा सात गोल गरेकी छिन्। प्रतियोगिताको पहिलो खेलमा उनले भुटानविरुद्ध चार गोल गरेकी थिइन्। उनले बंगलादेशसँगको महत्त्वपूर्ण खेलमा गोल गर्न सकिनन्। यसबाहेक अन्य तीन खेलमा उनले गोल गरेकी छिन्। धेरै गोल गर्ने सूचीमा नेपालकै मीना देउवा दोस्रो स्थानमा छिन्। उनले चार खेलमा चार गोल गरेकी छिन्। पहिलो चरणमा श्रीलंकासँगको प्रतिस्पर्धामा उनले ह्याट्रिक गरेकी थिइन्। बंगलादेशकी सागोरिका चार गोलका साथ दोस्रो स्थानमै छिन्। नेपालका सेनु परियार, कुष्मा खतिवडा, सरिताकुमारी नाथ तथा समीक्षा मगरले समान दुई गोल गरेका छन्। साफ च्याम्पियनसिपको आठ खेल समाप्तिसम्म समग्रमा ४९ गोल भएको आयोजकले जनाएको छ। प्रतिखेलमा ६.१२ गोल औसत रहेको छ।

अंक तालिका

राष्ट्र	खेल	जित	ड्र	हार	गोल	अंक
बंगलादेश	४	४	०	०	१९	१२
नेपाल	४	३	०	१	२२	९
भुटान	४	१	०	३	३	०
श्रीलंका	४	०	०	४	१	०

श्रीलंका फेरि ७-० ले पराजित

नेपालले लगातार श्रीलंकाविरुद्धको खेलमा समान ७-० को जित निकालेको छ। यसअघि पहिलो चरणमा पनि श्रीलंका नेपालसँग सोही गोलअन्तरमा पराजित भएको थियो। ढाकास्थित बसुन्धारा मैदानमा नेपालको सानदार जितमा समीक्षा मगर र कुसुम खतिवडा चम्किएका थिए। दुवैले समान दुई गोल गरे। समीक्षा र कुसुम वैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेका थिए। श्रीलंकाको पोस्टमा पूर्णिमा, सरिताकुमारी नाथ र बिर्सना चौधरीले समान एक गोल गरे। सुशीला केसीले पेनाल्टी चुकाउँदा नेपालले अग्रता बढाउने अवसर गुमायो।

नेपालले अब भुटान र बंगलादेशसँग खेल्न बाँकी छ। प्रतियोगितामा भारत र पाकिस्तान तथा माल्दिभ्सले भने सहभागिता जनाएनन्।

श्रीलंकाविरुद्धको खेलमा म्यान अफ दी म्याच भएकी समीक्षाले प्रशिक्षणको रणनीतिअनुसार खेल्दा सहज जित निकालेको बताइन्। 'प्रशिक्षकको रणनीतिअनुसार खेल्यौं। त्यसैले पनि सहज जित निस्कियो,' उनले भनिन्, 'हामीहरूको मुख्य लक्ष्य नै महत्त्वपूर्ण खेलमा बंगलादेशलाई हराउनु हो।'

चम्किए समीक्षा र कुसुम

नेपालले पहिलो हाफमा चार र दोस्रो हाफमा तीन गोल गच्यो। कुसुम खेलको ३३औं मिनेटमा सुक्रिया मियाँको स्थानमा मैदान प्रवेश गरिन्। समीक्षा ६५औं मिनेटमा पूर्णिमाको स्थानमा मैदान छिरेकी थिइन्। खेलको १६औं मिनेटमा स्ट्राइकर पूर्णिमाले नेपाललाई १-० को अग्रता दिलाइन्। अटयाकिङ मिडफिल्डर सेनुको क्रस रिबाउन्ड भएको थियो। डिबक्सभित्रै रहेकी पूर्णिमाले नजिकैबाट गोल गरिन्। कुसुमले ३५औं मिनेटमा नेपाललाई २-० को स्थितिमा राखिन्। उनले डिबक्सबाट वान टचमै गोल गरेकी हुन्।

खेलको ४२औं मिनेटमा सरिताकुमारीले पोस्टभन्दा ३० यार्ड टाढाबाट गोल गरिन्। सेनुलाई फल गरेपछि नेपालले फ्रिकिक पाएको थियो। खेलको ६७औं मिनेटमा कप्तान बिर्सनाले नेपाललाई ५-० को अग्रता दिलाइन्।

समीक्षालाई श्रीलंकाकी डुलिनी आराकिलाजेले लडाएपछि नेपालले पेनाल्टी पाएको हो। खेलको ७८औं मिनेटमा समीक्षाले नै व्यक्तिगत दोस्रो गोल गरिन्। मिडफिल्डर सुशीला केसीले दायाँ साइडबाट दिएको सुन्दर क्रसमा समीक्षाले बंगलादेशी डिफेन्डरबिच गोल गरेकी हुन्।

युरोपपछि सावित्राको व्यावसायिक यात्रा अस्ट्रेलियन लिगमा

नयाँ पत्रिका



नेपाली राष्ट्रिय फुटबल टोलीकी स्ट्राइकर तथा कप्तान सावित्रा भण्डारी अस्ट्रेलियाको 'ए' लिगमा आबद्ध भएकी छिन्। वेलिङटन फिनिक्स फुटबल क्लबले बिहीबार दक्षिण एसियाकै कीर्तिमानी स्ट्राइकर सावित्रालाई दुई वर्षको सम्झौता गरेको जानकारी दिएको छ। क्लबले उनीसँग सम्झौता रकम तथा मासिक पारिश्रमिक खुलाएको छ। अन्तर्राष्ट्रिय फुटबल करिअरमा सावित्रा एकपछि अर्को छलाङ मार्न सफल भएकी छिन्।

उनी भारत, इजरायल र फ्रान्स हुँदै अस्ट्रेलियन क्लबमा पुगेकी छिन्। नेपाली महिला फुटबल इतिहासमा एसियन, युरोप र अस्ट्रेलियाको क्लबमा आबद्ध हुने उनी पहिलो खेलाडी हुन्। नेपाली टोलीकी निवर्तमान कप्तान अञ्जिला तुम्बापो सुब्बा पनि ग्रिसको क्लबमा आबद्ध छिन्। विलिङटन क्लबसँग आबद्ध भएपछि सावित्राले नयाँ ठाउँमा फरक योजनाका साथ प्रतिस्पर्धा गर्ने बताएकी छिन्।

'क्लबसँग आगामी नयाँ लिगका लागि सम्झौता भएको छ। अस्ट्रेलियामा खेल्न उत्साहित छु,' सावित्राले नयाँ पत्रिकासँग भनिन्, 'फ्रान्सको यात्रा निकै राम्रो भयो। त्यसैले नयाँ ठाउँमा नयाँ योजनासहित सम्झौता गरेको छु।' उनी अर्को महिना अस्ट्रेलिया जानेछिन्। भविष्यको खोजीमा अधिकांश राष्ट्रियस्तरका पुरुष खेलाडी अस्ट्रेलिया पलायन भएका छन्। उनीहरू स्थानीय लिग पनि खेल्छन्। गत महिना मात्र उनले नेपाली टोलीको कप्तानीको जिम्मेवारी पाएकी थिइन्। उज्वेकिस्तानमा भएको सन् २०२६ को एसियन कप छनोटका क्रममा उनले कप्तानी पाएकी हुन्।

क्लब न्युजिल्यान्डको, तर आबद्ध अस्ट्रेलियाको

वेलिङटन न्युजिल्यान्डको क्लब हो। तर, वेलिङटन अस्ट्रेलियाको 'ए' लिगमा आबद्ध छ। न्युजिल्यान्डबाट अस्ट्रेलियाको 'ए' लिग खेल्ने एक मात्र क्लब वेलिङटन हो। गत सिजन १२ टोली सहभागी लिगमा वेलिङटन नवौं स्थानमा रहेको थियो। यस क्लबको स्थापना सन् २००७ मा भएको थियो। स्काई रंगशालालाई क्लबले घरेलु मैदानका रूपमा प्रयोग गर्दै आइरहेको छ।

एपिएफदेखि वेलिङटनसम्मको यात्रा

सावित्राले छोटो समयमै राष्ट्रियदेखि अन्तर्राष्ट्रिय क्लब लेभलमा आफ्नो दमदार प्रस्तुति दिएकी छिन्। घरेलु फुटबलमा उनी एपिएफसँग आबद्ध छिन्। उनले विदेशी व्यावसायिक फुटबल सुरु भारतबाट गरेकी हुन्। भारतको लिगमा आबद्ध हुँदा उनले सेथु एफसीलाई एक तथा गोकुलम केरेलालाई दुईपटक उपाधि दिलाएकी थिइन्।

> स्ट्राइकर सावित्रा भण्डारी एसिया, युरोप र अस्ट्रेलियन लिगमा आबद्ध हुने पहिलो नेपाली फुटबलर

त्यसपछि भारतमा गरेको प्रदर्शनका आधारमा उनलाई इजरायलको क्लबले सम्झौता गच्यो। इजरायलमा उनले एक सिजन बिताइन्। इजरायलपछि फ्रेन्च लिग वान क्लबसँग उनको सम्झौता भयो। दुई सिजन उनले फ्रेन्च क्लबबाट खेलिन्। गत सिजनमा उनी आबद्ध क्लब रेलिगेसनमा परेको थियो।

खेल संक्षेप

बौद्ध चिल्ड्रेन हेभनलाई बास्केटबल उपाधि

काठमाडौं/ ज्ञान निकेतन, ग्रिनलन्स र बौद्ध चिल्ड्रेन हेभनले दोस्रो काठमाडौं जेभियर्स पब्लिक थ्री बाई थ्री बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। ज्ञान निकेतन सिनियर पुरुष, ग्रिनलन्स जुनियर पुरुष र बौद्ध सिनियर महिलामा विजेता बनेका हुन्। सिनियर पुरुषको बिहीबार भएको फाइनलमा ज्ञान निकेतनले विल्सन एकेडेमीलाई १२-१० ले पराजित गच्यो। जुनियर पुरुषको उपाधि भिडन्तमा ग्रिनलन्सले स्पागेललाई ११-७ ले हरायो। सिनियर महिलाको उपाधि भिडन्तमा बौद्धले डेफोडिल पब्लिक स्कुललाई ८-६ ले पाखा लगायो। तीनै विधाका विजेताले सात हजार एक सय र उपविजेताले पाँच हजार एक सय रुपैयाँ पाए। सिनियर पुरुषमा ज्ञान निकेतनका महेन्द्र प्याकुरेल, जुनियर पुरुषमा ग्रिनलन्सका प्रवेश प्रधान र सिनियर महिलामा बौद्धकी ल्हामु शेर्पा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए।

हिमाल र प्रभा विश्व पारा एथलेटिक्समा छनोट

काठमाडौं/ हिमाल अर्याल र प्रभा आङ्देम्बे विश्व पारा एथलेटिक्स च्याम्पियनसिपका लागि छनोट भएका छन्। भारतको नयाँदिल्लीमा आगामी २६ सेप्टेम्बरदेखि ५ अक्टोबरसम्म हुने प्रतियोगिताका लागि दुई खेलाडी छानिएको पारा एथलेटिक्स संघ नेपालका अध्यक्ष ओमनाथ शिवाकोटीले जनाएका छन्। हिमालले सटपुट तथा प्रभाले लङजम्पमा प्रतिस्पर्धा गर्नेछन्। प्रभाले गत फेब्रुअरीमा नयाँदिल्लीमै भएको विश्व पारा एथलेटिक्स ग्रान्ड प्रिक्समा लङजम्पमै रजत पदक जितेकी थिइन्।

उच्चस्तरीय छानबिन समिति गठनको माग

काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा)का पूर्वअध्यक्ष गणेश थापाले आफू र आफ्नाको विषयमा माइन्युट उतारमा समावेश निर्णयको छानबिन गर्न उच्चस्तरीय छानबिन समिति गठनको माग गरेका छन्। खेलकुदमन्त्री तेजुलाल चौधरीलाई बिहीबार बुझाएको पत्रमा थापाले उच्चस्तरीय छानबिन समिति बनाएर एन्फा कार्यसमिति बैठकको सत्य-तथ्य सार्वजनिक गर्न आग्रह गरेका छन्। गत ११ र १२ चैतमा एन्फा कार्यकारी समिति बैठक दौरान एजेन्डामा नभएको, कुनै सदस्यले विषय उठान नगरेको र छलफल नै नभएको विषयलाई माइन्युट उतारमा समावेश गरी निर्णय पठाएर नेतृत्वले आफ्नो चरित्र हत्याको प्रयास गरेको थापाको आरोप छ।

हेटौंडामा आठौं कोरा साइकल च्याली हुने

मकवानपुर/ हेटौंडा राइडर्स क्लबले आठौं कोरा साइकल च्याली आयोजना गर्ने भएको छ। आठौं संस्करणको साइकल च्याली आगामी शनिबार हुने क्लबले जनाएको छ। च्यालीको सबै तयारी पूरा भइसकेको छ। क्लबका अध्यक्ष विकास ताम्राकारले च्यालीमा १२ वर्षभन्दा माथिका जो-कोही साइकलप्रेमी सहभागी हुन सक्ने बताए। यसपटक चितवन, बारा, पर्सा, काठमाडौंलगायत विभिन्न जिल्लाबाट तीन सयभन्दा बढी राइडरको सहभागिता रहने अपेक्षा छ। ताम्राकारका अनुसार मकवानपुरमा अहिलेसम्म ६ हजार साइकल राइडर छन्। क्लबले हेटौंडालाई साइकलमैत्री सहरका रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्य राखेको छ।

यू-१४ टोली डाना कपमा सहभागी हुँदै



संस्कृति इन्टरनेसनल स्कुलको १४ वर्षमुनिको टोली डेनमार्कको डाना कप फुटबल प्रतियोगितामा सहभागी हुने भएको छ। आगामी २१ देखि २६ जुलाईसम्म डेनमार्कको ह्योरिङ सहरमा आयोजना हुने विश्वप्रसिद्ध डाना कप सेभेन ए साइडमा संस्कृति स्कुलका युवा खेलाडीले नेपालको प्रतिनिधित्व गर्नेछन्। डाना कपमा ४५ भन्दा बढी देशका एक हजार एक सय टोलीले भाग लिनेछन्। संस्कृति टोलीलाई औरियम स्पोर्टस् एकेडेमीले प्रशिक्षण र नेतृत्व गरिरहेको छ।

महिला भलिबलको अक्सनमा तीन श्रेणीका ६८ खेलाडी

नयाँ पत्रिका

इन्फिनिटी ड्रिम्सको आयोजनामा हुने एभरेस्ट महिला भलिबल लिगको अक्सन शुक्रबार हुँदै छ। आयोजक ड्रिम्सले इतिहासमै पहिलोपटक महिला भलिबलको अक्सन तयारी पूरा भएको जनाएको छ। गत वर्ष पहिलोपटक महिलातर्फको फ्रेन्चाइज लिग भएको थियो। पहिलोभन्दा दोस्रो संस्करणको लिग उत्कृष्ट बनाउन ड्रिम्सले अक्सनको अवधारणा ल्याएको हो। अक्सनमा सहभागी ६ फ्रेन्चाइजले खेलाडीमाथि बोली लगाउनेछन्। उनीहरूले आफूअनुकूल खेलाडी छान्नेछन्।

खेलाडी तीन समूहमा विभाजित

आयोजक ड्रिम्सले अक्सनमा कुल ६८ खेलाडी समावेश भएको जनाएको छ। उनीहरूलाई ए, बी र सी क्याटेगोरीमा विभाजन गरिनेछ। एभरेस्ट महिला भलिबल लिगकी सिइओ स्नेभी चापागाईंले अक्सनमा हरेक फ्रेन्चाइज टोलीले क्याटेगोरी 'ए'बाट एक, क्याटेगोरी 'बी'बाट ३२ र क्याटेगोरी 'सी'बाट दुई खेलाडी अनिवार्य लिनुपर्ने बताइन्। क्याटेगोरी 'ए'मा १३ खेलाडी छन्। जसबाट हरेक टोलीले समान एक मार्की खेलाडी छनोट गर्नेछन्। त्यसपछि अक्सनका लागि सात खेलाडी उपलब्ध हुनेछ।

यस्तै, क्याटेगोरी 'बी'मा ४३ खेलाडी छन्। क्याटेगोरी 'सी'मा १८ खेलाडी छन्। कुनै खेलाडी अनसोल्ड भए भने उनीहरूलाई तल्लो क्याटेगोरीमा सार्ने प्रावधान राखिएको चापागाईंले बताइन्। अक्सनले नेपाली महिला भलिबलमा व्यावसायिकता र प्रतिस्पर्धाको नयाँ अध्याय सुरु गर्नेछ। दोस्रो संस्करणमा साबिक विजेता कर्णाली वसविस, ललितपुर क्विन्स, काठमाडौं स्पाइकर्स, मधेश युनाइटेड, पोखरा निन्जाज र लुम्बिनी लाभाले प्रतिस्पर्धा गर्नेछन्। दोस्रो संस्करण २० भदौदेखि हुनेछ।

अलराउन्डर रसेलले गरे सन्न्यास घोषणा

> सात महिनापछि भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गर्ने टी-२० विश्वकपअघि वेस्ट इन्डिजका प्रमुख खेलाडी आन्द्रे रसेलले लिए सन्न्यास

एजेन्सी

भारत र श्रीलंकामा सात महिनापछि आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिता हुँदै छ। टी-२० फर्म्याटमा पछिल्लो समयमा उत्कृष्ट अलराउन्डरका रूपमा परिचित आन्द्रे रसेलले अस्ट्रेलियाविरुद्धको सिरिजपछि अन्तर्राष्ट्रिय खेलबाट सन्न्यास लिने बताएका छन्। रसेलको यस निर्णयसँगै वेस्ट इन्डिजलाई धक्का लागेको छ। उनले आफ्नो घरेलु मैदान जमैकाको सबिना पार्कमा अस्ट्रेलियाविरुद्ध हुने पहिलो दुई टी-२० खेलपछि क्रिकेटबाट बिदा हुने बताएका छन्।

सन् २०११ देखि रसेलेल वेस्ट इन्डिजबाट टी-२० आई मात्र खेल्दै आएका छन्। उनले करिअरमा एक टेस्ट, ५६ एकदिवसीय र ८४ टी-२० अन्तर्राष्ट्रिय खेल खेलेका छन्। 'वेस्ट इन्डिजबाट प्रतिनिधित्व गर्नुको अर्थ के हो, त्यो शब्दमा बयान गर्न सक्दिनँ,' रसेलले भने, 'मेरो जीवनको सबैभन्दा गर्विलो उपलब्धिमध्ये यसलाई एक मानेको छु।' दुई महिनाअघि वेस्ट इन्डिज टोलीका अर्का मुख्य खेलाडी निकोलास पुरनले पनि सन्न्यासको घोषणा गरेका थिए। टी-२० फर्म्याटकै प्रमुख दुई खेलाडीको सन्न्यास घोषणाले आगामी विश्वकपमा वेस्ट इन्डिजलाई गहिरो धक्का लागेको एजेन्सीले जनाएको छ।



दुईपटकको विश्वकप विजेता

वेस्ट इन्डिजमा रसेल किन महत्त्वपूर्ण खेलाडी थिए भन्ने तथ्यांकले देखाउँछ। वेस्ट इन्डिजले सन् २०१२ र ०१६ मा आइसिसी पुरुष टी-२० विश्वकप जित्दा उनी टोलीकै प्रमुख खेलाडीमा थिए। विश्व च्याम्पियन खेलाडीका रूपमा आफूलाई प्रस्तुत गर्न पाउनु नै करिअरकै ठुलो उपलब्धि भएको उनले बताएका छन्। 'वेस्ट इन्डिजबाट मैले सबै पाएँ। त्यसमा एक खेलाडीका रूपमा विश्व च्याम्पियनसमेत भएँ,' उनले भने, 'क्रिकेटमा थोरै खेलाडी मात्र दुईपटक टी-२० विश्वकप च्याम्पियन बन्छन्। यसमा म पनि हुँ।' वेस्ट इन्डिजका प्रशिक्षक डारेन सामीले दुई खेलाडीका सन्न्यासले विश्वकपमा असर गर्ने बताए।

सन् २०१० मै एकदिवसीयमा डेब्यु

अहिले वेस्ट इन्डिजको टोलीमा पुराना खेलाडी छान्नुपर्‍यो भने रसेल अगाडि छन्। सन् २०१० मा उनले श्रीलंकाविरुद्ध एक मात्र टेस्टमा डेब्यु गरेका थिए। सन् २०११ मा उनले आयरल्यान्डविरुद्ध एकदिवसीय खेलमा डेब्युको अवसर पाए। सन् २०१९ मा उनले बंगलादेशविरुद्ध अन्तिमपटक एकदिवसीय खेल खेले। टी-२० फर्म्याटमा भने उनको डेब्यु सन् २०११ मा पाकिस्तानविरुद्ध रह्यो। उनले ५६ एकदिवसीय खेलमा ७० र ८४ टी-२० आईमा ६१ विकेट लिएका छन्। यसैगरी, टी-२० सिरिजमा उनले ५६१ खेलबाट ५५८ विकेट हात पारेका छन्। ब्याटिङ करिअरमा उनले एकदिवसीयमा १ हजार ३४ तथा टी-२० आईमा एक हजार ७८ रन जोडेका छन्। टी-२० सिरिजमा उनले दुई शतक तथा ३३ अर्धशतकीय इनिङ्सको सहयोगमा ९ हजार ३१६ रन बनाएका छन्।

तिरहुतले रक्षा गच्यो सप्तरी प्राइड लिग उपाधि

सप्तरी/ तिरहुत टाइगर्सले लगातार दोस्रोपटक सातौं सप्तरी प्राइड टी-२० क्रिकेट लिग उपाधि जितेको छ। बिहीबार भएको फाइनलमा तिरहुतले राजविराज राजदेवी रोयललाई नौ विकेटले हराउँदै उपाधि रक्षा गरेको हो। सप्तरीको राजविराजस्थित पब्लिक विन्देश्वरी स्कुल मैदानमा ९३ रनको लक्ष्य पछ्याएको तिरहुतले १५.३ ओभरमा एक विकेट गुमाएर जित निकाल्यो।

ओपनर भोला साहले अविजित अर्धशतकीय इनिङ्स खेले। उनले नीरज यादवसँग दोस्रो विकेटका लागि ७९ रनको साझेदारी गरेका थिए। पहिलो ब्याटिङ गरेको राजदेवीले २० ओभरमा नौ विकेट गुमाएर ९२ रन मात्र बनायो। राजदेवीका लागि रोहन विकले सर्वाधिक २३ रनको योगदान दिए। अभिषेक तिवारीले १९ तथा जितु यादवले अविजित १८ रन जोडे।

तिरहुतलाई च्याम्पियन बनाउन उत्कृष्ट प्रदर्शन गरेका चित्रबहादुर विष्ट उत्कृष्ट बलर बनेका छन्। उनले चार खेलमा सर्वाधिक १३ विकेट लिए। यसैगरी विजयी टोलीका भोला उत्कृष्ट ब्याट्सम्यान बनेका छन्। उनले चार खेलमा १३८ रन बनाएका थिए। उत्कृष्ट खेलाडी राजदेवीका दिवान पुन घोषित भए। उनले चार खेलमा १०१ रन बनाउनुको साथै ६ विकेट पनि लिए। उनले २५ हजार रुपैयाँ पाए। उत्कृष्ट ब्याट्सम्यान र बलरले समान १५ हजार रुपैयाँ पाए। आठ दिनसम्म चलेको लिगमा सप्तरी जिल्लाका आठ टोली सहभागी थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com